# विदेशी एजेन्टहरूको भ्रमको खेतीबाट सचेत हुन सुझाव

भक्तपुर । बाल विकास सेकेन्डरी स्कूलमा नव वर्ष २०८१ र बिस्का जात्राको शुभकामना आदानप्रदान, परिचयात्मक तथा अभिमुखीकरण कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा बुधबार सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले समाजका जालीफटाहाहरूले समाजमा धार्मिक, जातीय तथा भाषिक द्वन्द्व गराएर विदेशी दलाल तथा यहाँका टाठाबाठाहरूले समाजमा रजाइँ गरिरहेको हुँदा नयाँ पुस्ता सचेत हुनुपर्ने बताउनुभयो । समाजका ठग तथा विदेशी एजेन्टहरू धार्मिक गुरुको भेषमा समाजमा भ्रमको खेती गरेर देशको स्वाधीनतामाथि धावा बोलिरहेको औँल्याउँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "हरेक विद्यालयले विद्यार्थीलाई श्रमलाई माया गर्ने र श्रमको कदर गर्ने, ज्येष्ठ नागरिक, अशक्त, असहाय र दीनदु:खीको सेवा गर्ने खालको शिक्षा दिनुपर्छ ।" उहाँले नागरिक भावनाको अभावले समाजमा सकारात्मक परिवर्तन कठिन भइरहेको परिस्थितिमा विद्यालयले समाजको सांस्कृतिक स्तर उठाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

उहाँले शिक्षक समाज निर्माण गर्ने इन्जिनियर भएकोले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने आवश्यकता औँल्याउँदै शिक्षण पेसामा निरन्तर अगाडि बढ्न आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आज देशमा समय सुहाउँदो श्रमसँग जोडिएको शिक्षाको बन्दोबस्त नहुँदा नयाँ पुस्तामा बेरोजगारीको समस्या बढेर बिदेसिन बाध्य भएको हो ।"

अध्यक्ष बिजुक्छेँले पुँजीवादी व्यवस्थामा खराब मान्छेले मात्र अवसर पाउने भएकोले पुँजीवादी समाज नै दोषी भएको औँल्याउनुभयो ।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले विद्यालय शिक्षा सेवामा संलग्न अन्य संस्थासँग रचनात्मक सहकार्यका साथ अघि बढिरहेको बताउनुभयो । उहाँले समाज परिवर्तनका लागि विद्यालयले सकारात्मक सन्देश दिन लागिपरेको र विद्यार्थीलाई विदेशीको दास नबनी देशको सेवक बन्न प्रेरित गरिरहेको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले युवा पुस्ताको विदेशमोहले देशको भविष्य नै अन्धकारतिर धकेलिँदै गएको

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क १३ ✪ ४ वैशाख २०८१, मङ्गलबार ✪ 16 April, 2024, Tuesday ✪ मूल्य रू. १०।-

# शिक्षकहरूप्रति सरकारको दृष्टिकोण सकारात्मक हुनुपर्नेमा जोड




भक्तपुर । सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समितिको आयोजनामा बिहीबार सेवा निवृत्त शिक्षकहरूलाई सम्मान गरियो ।

पैंतालिसौँ शिक्षक दिवसको अवसरमा भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले शिक्षकहरू प्रविधिमैत्री भई शिक्षा क्षेत्रमा भइरहेको क्रियाकलाप र शिक्षण सिकाइ प्रविधिबारे जानकार भइरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शिक्षकहरूप्रति सरकारको दृष्टिकोण सकारात्मक नभएकै कारण सार्वजनिक शिक्षा खस्किँदै गएको धारणा उहाँले व्यक्त गर्नुभयो ।

देशभक्त, अन्याय र थिचोमिचोविरुद्ध लड्ने विद्यार्थी तयार गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले शिक्षकहरू इमानदार र देशभक्त हुनुपर्ने बताउनुभयो ।

विदेशी पुँजीले हाम्रो देशको हित नगर्ने स्पष्ट पार्दै उहाँले विदेशी पुँजी ल्याई देशको विकास गर्ने अर्थमन्त्रीको दृष्टिकोण गलत छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष रोशनराज तुइतुईको सभापतित्वमा भएको कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय सदस्य अम्बिका न्याइच्याई, आदर्श आजाद माविका प्रअ श्रीकृष्ण किसी, भुवनेश्वरी माविका प्रअ सुभद्रा लघु, कार्यालय सचिव लक्ष्मीनारायण दुवाल र निवृत्त शिक्षक राजेन्द्रबहादुर कायष्ठले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले अवकाश प्राप्त ८ जना शिक्षकहरूलाई सम्मान गर्नुभएको थियो ।

# संसद्को भए गरेका विवरण स्पष्ट हुनु जरुरी

काठमाडौँ । प्रतिनिधिसभाको तेस्रो अधिवेशन आइतबार राति १२ बजेदेखि अन्त्य गरिएको छ । यो अधिवेशनको अन्तिम तथा २३ औँ बैठक बिहान ११:३० बजे आइतबार सुरु भयो । बैठक सुरु भएलगत्तै प्रमुख विपक्षी नेका, विपक्षी राप्रपा, लोसपा, नाउपाका सांसदहरू आ-आफ्नो स्थानमा उठ्नुभयो । सभामुख देवराज घिमिरेले संसद्को तेस्रो अधिवेशन अन्त्य हुनेबारे सार्वजनिक सूचना जारी भएको सम्झाउँदै कार्यव्यवस्था समितिको बैठकमा भएको सहमतिअनुसार बैठकको कारबाही अघि बढाउनुपर्नेमा जोड दिनुभयो । सहमतिविपरीत प्रतिनिधिसभाको बैठकमा प्रमुख विपक्षी र केही विपक्षी दलका सांसदहरू आ-आफ्नो स्थानमा उठ्नु गलत भएको सभामुख घिमिरेले उल्लेख गर्नुभयो ।

सभामुख घिमिरेले प्रमुख विपक्षी र केही विपक्षी दलका सांसदहरू उठिरहेकै बेला कार्यसूचीको क्रमसङ्ख्या एकदेखि सातसम्मको विषय हटाइएको घोषणा गर्नुभयो । तत्पश्चात् उठिरहेका सांसदहरूले आसन ग्रहण गर्नुभयो । सुरु र अन्तिम दिन सामान्यत: उपस्थित दलका प्रतिनिधिहरूलाई वक्तव्य दिने समय उपलब्ध हुन्थ्यो । तर, शासक दलहरूले कार्यव्यवस्था समितिमा कसैलाई बोल्न नदिने सहमति गर्नु दुईदलीय तानाशाही हो अर्थात् परम्परा तोडिनु पनि 'कु' नै देखिएको छ ।

सभामुख घिमिरेले १० भन्दा बढी बैठकमा लगातार अनुपस्थित वसन्तकुमार नेम्वाङ, मनोरम शेरचन, सोनु मुर्मुको अनुपस्थिति अनुमोदन गराउन बैठकमा पेस गर्नुभयो । सो प्रस्तावलाई सत्ता पक्षले समर्थन गऱ्यो ।

सभामुख घिमिरेले तेस्रो अधिवेशन २०८० माघ २२ गते सुरु भएको र २०८१ वैशाख २ गतेसम्म २३ दिनमा २३ पटक भएको जानकारी गराउनुभयो । बैठकमा आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश २०८० स्वीकृत भएको 'बिम्स्टेक बडापत्र' अनुमोदन गरिएको, सम्पत्ति शुद्धीकरण ऐन संशोधन विधेयक स्वीकार गरिएको, अनुगमन विधेयक र खाद्य स्वच्छता विधेयक पारित भएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले सभामुखसँग बिचमा समय माग गर्दै चारओटा विधेयक र बिम्स्टेक बडापत्र सर्वसम्मत वा बहुमत कसरी पारित भयो स्पष्ट उल्लेख गर्नुपर्नेमा जोड दिनुभयो । सांसद सुवालले उल्लिखित विधेयक र बडापत्रको विपक्षमा मत दिनुभएको थियो । सभामुख घिमिरेले ध्यान आकृष्ट भएको मात्र जवाफ दिनुभयो ।

नेकाका सांसद रामहरि खड्काले १० बैठकमा अनुपस्थिति सांसदको अनुमोदन गराइएजस्तै सबै बैठकमा

बाँकी पृष्ठ १२ मा

# लगानी सम्मेलन कि उपनिवेशका लागि खुला आमन्त्रण ?

नेपाल सरकारको आयोजनामा २०८१ वैशाख १६ र १७ गते लगानी सम्मेलन हुँदै छ । विश्वका एक हजारभन्दा बढी लगानीकर्ताहरूलाई आमन्त्रण गरिएको दाबी गरिएको उक्त सम्मेलनमा कति लगानीकर्ताहरू उपस्थित हुन्छन् र कतिवटा योजनाहरूमा लगानी प्रतिबद्धता गर्छन् त्यो अझै स्पष्ट भइसकेको छैन । सरकारले संसद् अधिवेशन बन्द गरी लगानीकर्ताहरूका लागि सहज वातावरण बनाउन करिब १ दर्जन कानुनहरू अध्यादेशमार्फत संशोधन गर्ने तयारी गर्दै छ ।

सन् २०१७ मा भएको पहिलो लगानी सम्मेलनमा १४ खर्बको लगानी प्रतिबद्धता आए पनि ३ खर्ब ३५ अर्ब मात्रै लगानी भित्रिएको र सन् २०१९ मा दोस्रो लगानी सम्मेलनमा १७ खर्ब प्रतिबद्धतामा जम्मा १ अर्ब १८ करोड मात्रै लगानी भित्रिएको थियो (कान्तिपुर २४ चैत २०८०) । अब तेस्रो लगानी सम्मेलनमा १३२ वटा आयोजनाहरू सोकेसमा राखिने र त्यसमध्ये ३२ वटा जलविद्युत् परियोजना रहेको पनि उल्लेख छ ।

नेपालमा लगानी गर्न निजी, सरकारी वा बहुराष्ट्रिय कम्पनीहरूलाई आमन्त्रण गरिएको छ । लगानीकर्ताहरूको प्रमुख उद्देश्य भनेको नेपालको सस्तो जनशक्ति, स्रोत र साधनहरूको प्रयोग गरी अधिकतम नाफा लिने हो । सजिलै नाफा पाउने भए मात्रै उनीहरू योजनाहरूमा लगानी गर्न आकर्षित हुनेछन् । त्यसको लागि नेपाल सरकारलाई प्रभावमा पारेर उनीहरू अनुकूल कानुनहरू संशोधन गर्न लगाउँछन् । सरकारले संसदमा विधेयक पेश गरेको भए धेरै सांसदहरूले छलफलमा भाग लिने थिए र नयाँ नयाँ विचारहरू नेपाली जनताले थाहा पाउने थिए । सरकारले सांसदहरूलाई त्यो अवसरबाट बञ्चित गऱ्यो । चलिरहेको संसद् अधिवेशन बन्द गरेर अध्यादेशबाट कानुन संशोधनतर्फ लाग्नु सरकारको कदम गलत हो । यसलाई कुनै पनि दृष्टिले प्रजातान्त्रिक भन्न सकिँदैन ।

विदेशी लगानीकर्ताहरू कुनै उद्योग स्थापना गर्दा प्रतिस्पर्धाका बजार, सरकारलाई तिर्नुपर्ने राजश्व वा कर, दस्तुर आदिबारे बढी ध्यान दिन्छन् । उनीहरू निश्चित अवधिसम्म कर वा राजश्व छुट र नेपाली उद्योगीहरू सरह सबै प्रकारका सुविधा वा अधिकार खोज्छन् । सरकार उनीहरूको त्यो माग कानुन संशोधन गरेर पूरा गर्न बाध्य हुन्छन् । ठूलो लगानी भएका उद्योगहरूसँग नेपाली उद्योगहरूले प्रतिस्पर्धा गर्न सक्दैनन् र सबै एक एक गरी बन्द हुने छन् । अन्तत: नेपाली बजारमा उनीहरूको एकाधिकार चल्नेछ ।

विदेशी लगानीमा ह्वासिन सिमेन्ट कारखाना स्थापना भएपछि नेपालका धेरै सिमेन्ट कारखानाहरूको दुर्दशा नेपालीहरूले देखेका छन् । हेटौँडा र उदयपुर सिमेन्ट कारखाना जस्ता देशका ठूला सिमेन्ट कारखानाहरू समेत आर्थिक सङ्कटमा पर्दै गएको बारे धेरै नेपालीहरू जानकार छन् । हुन त नेपाल सरकारले राज्यको स्वामित्वमा रहेका सबै जसो कल कारखानाहरू निजीकरण गर्नु नै मुख्य समस्या हो ।

बहुराष्ट्रिय कम्पनीहरू देशको अर्थतन्त्रमै हस्तक्षेप गर्ने उद्देश्य लिएर विभिन्न देशमा लगानीको बहानामा भित्रिन्छन् । उनीहरू लगानीको धेरै गुणा नाफा खोज्नेमात्र होइनन् राजनीतिक व्यक्तिहरूलाई नै हातमा लिने कोसिस गर्छन् र त्यस देशको राजनीतिमा क्रमश: हस्तक्षेप गर्छन् । ठुला पुँजीपतिहरूले नेपालको विकास र नेपालीहरूलाई रोजगारी दिने भन्ने उद्देश्यले लगानी गर्ने होइनन्, उनीहरू अरू ठाउँमा भन्दा बढी सजिलै बढी नाफा पाउने र नाफाबाट कमाएको रकम सहजै आफ्नो देशमा लान सक्ने वातावरण भएमात्रै लगानी गर्न तयार हुन्छन् ।

नेपालको जलविद्युत्प्रति धेरैको आकर्षण बढ्ने सम्भावना छ । अहिले लगानीको लागि खुला गरिएकामध्ये ३२ वटा जलविद्युत् योजनाहरू मात्रै छन् तर ठूलो परियोजनाबाट विद्युत् उत्पादनपछि बजारको सुनिश्चितता उनीहरूको मुख्य सरोकारको विषय हुन्छ । भारत नेपालको विद्युत् बिक्री गर्ने मुख्य बजार हो । तर भारतले नेपालका ठूल ठूला नदीहरू एक एक गरी आफ्नो नियन्त्रणमा लिइसकेको छ । बाँकी नदीहरू पनि अरू देशले विद्युत्मा लगानी नगरोस् भनेर भारतको लगानी रहेको बाहेक विद्युत्

बाँकी पृष्ठ १२ मा

# आत्मनिर्भर र देशभक्तिपूर्ण शिक्षामा जोड

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायको आयोजनामा भएको स्नातकोत्तर तह भूकम्प इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूको दोस्रो, तेस्रो र चौथो सेमेस्टरको पाठ्यक्रम विकाससम्बन्धी कार्यशालाको बिहीबार एक कार्यक्रमबिच उद्घाटन गर्नुभएको छ ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा भएको कार्यशालाको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले उत्पादन श्रमसँग जोड्ने शिक्षा आजको आवश्यकता भएको बताउँदै विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा दिनुपर्नेमा जोड दिनुभयो ।

अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्था जस्तो मात्र बनेको बताउँदै उहाँले विद्यार्थीहरूलाई बिदेसिनबाट रोक्ने नीति सरकारले ल्याउनुपर्ने बताउनुभयो ।

नेपालको लागि भूकम्पसम्बन्धी इन्जिनियरिङ अत्यन्त महत्त्वपूर्ण विषय भएको चर्चा गर्दै उहाँले २०७२ सालको भूकम्पबाट पुगेको क्षतिलाई ख्वप इन्जिनियरिङ कलेजको प्राविधिक सहयोगमा क्षतिग्रस्त अधिकांश सम्पदाहरूको भक्तपुर नगरपालिकाले पुन:निर्माण तथा जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजले भूकम्पसम्बन्धी नयाँ नयाँ ज्ञान हासिल गरी देशको निम्ति सक्दो बढी योगदान दिने उद्देश्यले नियमितरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको बताउँदै प्रमुख प्रजापतिले २०८१ सालमा माघ महिनामा भूकम्प इन्जिनियरिङसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन र २०८२ साल माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं पूर्वाञ्चल विश्वविद्यालयका डीन देवीप्रसाद भट्टराईले पाठ्यक्रमसम्बन्धी कार्यशालाहरू निरन्तर चलिरहने प्रक्रिया भएको औँल्याउँदै पाठ्यक्रम नेपालको माटो सुहाउँदो हुनुपर्ने र पाठ्यक्रम परिमार्जनमा यस कुरालाई ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले भूकम्प इन्जिनियरिङसम्बन्धी र अन्य विषयमा

बाँकी पृष्ठ १२ मा



*अल्पसङ्ख्यकहरूको मात्र प्रजातन्त्र, धनीहरूको मात्र प्रजातन्त्र नै पुँजीवादी समाजको प्रजातन्त्र हो, त्यो प्रजातन्त्र बहुसङ्ख्यक कामदारवर्गका जनताको हुनैसक्दैन ।*

*-भीआई लेनिन*

# अर्थतन्त्र निजी क्षेत्रले सम्हाल्ने भए अर्थमन्त्रीको के औचित्य होला ?

✍ प्रेम सुवाल

**नयाँ पुस्तालाई कक्षा १२ उत्तीर्णलगत्तै सरकारले विदेश पठाउँदै छ । यहाँका ज्येष्ठ नागरिकलाई तातोपानी एक गिलास खुवाउने पनि कोही नहुने स्थिति भयो । विदेश पठाइएका कतिपय नेपालीहरू ठगीमा परेका छन् । बिदेसिएका नेपालीहरूको दैनिक ५–१० वटा लास नेपाल फिर्ता भइरहेको छ ।**



विश्वविद्यालय शिक्षाको विद्यालय शिक्षा जग हो, सरकारले श्रमलाई सम्मान गर्ने र उत्पादन श्रमसँग जोड्ने शिक्षा दिनु आवश्यक छ । किशोरावस्थाको शिक्षा जीवनभर स्मरणमा रहन्छ । यसकारण विद्यालय शिक्षा गुणस्तरीय बनाउनु जरुरी छ ।

घरको मुलीले घर सम्हाल्न नसके परिवारका सदस्य छताछुल्ल हुन्छ । देश हाँक्ने प्रधानमन्त्री र मन्त्रीहरू गतिला नभए देश र जनताले दुःख पाउँछन् । विद्यालयका प्राचार्य मेहनती भए शिक्षकहरू पनि मेहनती हुनेछन् ।

नयाँ पुस्तालाई कक्षा १२ उत्तीर्णलगत्तै सरकारले विदेश पठाउँदै छ । यहाँका ज्येष्ठ नागरिकलाई तातोपानी एक गिलास खुवाउने पनि कोही नहुने स्थिति भयो । विदेश पठाइएका कतिपय नेपालीहरू ठगीमा परेका छन् । बिदेसिएका नेपालीहरूको दैनिक ५-१० वटा लास नेपाल फिर्ता भइरहेको छ ।

संसद्को बैठक अवरोध गरिएको छ । चलेको बेला पनि देश र जनताको हितमा काम भएको छैन । सहकारी ठगीमा गृहमन्त्रीको राजीनामा मागेको नेकाले २०४७ यताको सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने प्रस्ताव संसद्मा दर्ता गरायो । यो जनतालाई अर्को धोका हो । सम्पत्ति छानबिन त सन् १८१६ को सुगौली सन्धि गरी नेपाली युवालाई गोर्खा भर्तीमा पठाउने राणा शासकदेखि पञ्चायतकालका र गणतन्त्र सरकारका मुख्य मुख्य पदाधिकारीहरूको गर्नु जरुरी छ ।

ललिता निवासको सरकारी जग्गा, थँबहीको सरकारी कमलपोखरी, दुवाकोटको पर्ती जग्गा, बोडेको सरकारी कमलपोखरी, भौखेलको सरकारी कमलपोखरी व्यक्तिको नाममा दर्ता गरिदिनेहरूलाई कारबाही गर्नु आवश्यक छ ।

अर्थमन्त्री वर्षमान पुनले निजी क्षेत्रलाई अर्थतन्त्रको ड्राइभिङ सीटमा राख्ने बताउनु मुट्ठीभरका पुँजीपतिवर्गलाई फाइदा दिनु हो । सरकारले जनताको लागि केही गर्न नसक्ने भए अर्थमन्त्री किन आवश्यक हुन्छ ?

वाइडबडी, एनसेल, टेरामक्स सबैतिर भ्रष्टाचार भएको सार्वजनिक भयो । मेलम्ची खानेपानी योजनाको लागि ६३ अर्ब ऋण लिएको सरकारले काठमाडौँवासीलाई पानी दिन सकेन । थप ५ अर्ब खर्च गर्नुपर्ने दाबी गर्दै छ । देशको सन्तुलित विकास गरिए एक अर्ब रुपैयाँमा काठमाडौँ उपत्यकाको खानेपानी स्रोत बढाएर पानी खुवाउन सकिनेछ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले २०८० चैत २८ गते पञ्चकन्या माविको ३८ औँ स्थापना दिवस र पुरस्कार वितरण कार्यक्रममा राख्नुभएको मन्तव्यको सार : सं)*

### नेपाल वायु सेवा निगमलाई डुबाउनेहरूलाई कारबाही किन भएन ?

सांस्कृतिक स्तर उच्च बनाउन विद्यालय शिक्षा अनिवार्य तथा निःशुल्क र विश्वविद्यालय शिक्षा निःशुल्क हुनुपर्दछ । प्रधानमन्त्री, मन्त्री र उच्च अधिकारीहरूले देश र जनताको सेवालाई नै 'धर्म' सम्झनुपर्दछ । भक्तपुर नगरपालिकाले ख्वप शैक्षिक संस्थाहरू सञ्चालन गरी ७७ जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गरिरहेको र ख्वप विश्वविद्यालय सञ्चालन गरी चिकित्सा शिक्षासमेत दिने तयारी गरेको छ ।

सिद्धान्तहीन चुनावी र सत्ता गठबन्धनको कारण ३५ वर्षयता सिंहदरबार भ्रष्टाचारको अखडा बन्यो । शासक दलहरूको असक्षमताको कारण वाइडबडी, एनसेल, टेरामक्स, ओम्नीलगायतका भ्रष्टाचारका काण्ड भए ।

देशको सन्तुलित विकासको लागि आ-आफ्नो जिल्लाभित्र मात्र बसाइँसराइ हुन पाउने बन्दोबस्त आवश्यक छ । काठमाडौँ उपत्यकावासी प्रदूषणकै कारण फोक्सो, मुटु, क्यान्सर, मृगौलालगायत रोगको सिकार भइरहेका छन् ।

नेपाल वायु सेवा निगमले कर्मचारी कल्याण कोष र नागरिक लगानी कोषको ऋण लिई २४ अर्ब रुपैयाँमा दुई ओटा वाइडबडी जहाज किन्दा सुरुमा ८ अर्ब रुपैयाँ भ्रष्टाचार भएको समाचार थियो । संसद्को सार्वजनिक लेखा समितिले साढे चार अर्ब रुपैयाँ भ्रष्टाचार भएको ठहर गऱ्यो । हालै अख्तियारले पूर्वमन्त्रीसहित ३२ जना नेपाली अधिकारी र ८ जना विदेशी र तिनका दलालविरुद्ध १ अर्ब ३७ करोड रुपैयाँ भ्रष्टाचार भएको ठहर गरी मुद्दा चलाएको छ । निगमले विदेशीसँग सस्तो ऋण लिएर हवाइजहाज खरिद गर्ने तयारी गरेको अर्को आत्मघाती हुनेछ ।

सरकारले मेलम्ची खानेपानीको लागि एसियाली विकास बैङ्कबाट ६३ अर्ब ऋण ल्याएको थियो । पानीको मुहानको बाँध पहिरोमा पुरिएको हुँदा नयाँ बाँध बनाउन थप ५ अर्ब एडीबीसँग ऋण लिने तयारी गरेको छ । काठमाडौँ उपत्यकामा खानेपानी स्रोतहरू संरक्षण गरिएमा १ अर्ब रुपैयाँ पनि लाग्ने छैन ।

विदेशीले लेखेको 'कुकुल्यान्ड' पुस्तकमा उद्योगी व्यापारी अजय सुमार्गीमार्फत एनसेल भ्रष्टाचारमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालसमेत मुछिएको समाचार छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २५ गते चाँगुनारायण नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा सम्पन्न वडाव्यापी खुला धिमे बाजा प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रममा राख्नुभएको मन्तव्यको सार : सं)*

## सम्पादकीय

# मन्त्री, अमेरिकी प्रतिनिधि र नेपाली कर्मचारी

गाउँ-गाउँबाट सिंहदरबारमा विभिन्न पदमा नियुक्त भएका निश्चित जात, भाषाभाषीका कर्मचारीहरू भर्ती हुन्छन् ; उनीहरूका बारेमा बरोबर घुस, भ्रष्टाचारका समाचारहरू बाहिर आउँछन् ; उनीहरूले आफूले भनेको 'मालदार' ठाउँमा सरुवा नभए सरकारलाई आन्दोलनको धम्की पनि दिने गर्छन् । तर, त्यसको उपचार न नेपाली काङ्ग्रेससँग छ, न एमाले वा माओवादी वा 'समाजवादी' पार्टी (माधव) सँग छ । किन ? किनभने, ती कर्मचारीहरूलाई ती नै शासक दलहरूले आफूहरू सरकारमा रहँदा सेवामा प्रवेश गराएका हुन् ।

आश्चर्य त के छ भने ती कर्मचारीहरू फरक फरक दलहरूबाट प्रभावित भए पनि 'स्वार्थ एकै' हुन्छन् । के कर्मचारीहरूको आफ्नो बाहेक देश, जनता र नैतिकताप्रति जिम्मेवारी छैन ? त्यसको कारणबारे केही कर्मचारीको उत्तरको अर्थ हुन्छ - हामीले हाम्रो पार्टीलाई नेताहरूमार्फत चन्दा दिएका छौँ । तर, त्यो चन्दा पार्टीमा पुग्यो पुगेन थाहा छैन, उत्तर नदिए पनि 'नेताजी' ले त्यो रकम सम्भवतः अर्को निर्वाचनमा उम्मेदवारको लागि सँगालेका होलान् भन्ने अनुमान गर्छन् ।

प्रश्न उठ्छ- के ती शासकहरूकै चुनाव जित्न र मन्त्री भएर २-४ जना आफ्ना नातागोतालाई सिंहदरबारमा कर्मचारी बनाउन, ठेकेदारहरूसँग निर्माण कार्यको रकममा भाग लिन र ललिता निवास, ऐतिहासिक अभिलेखमा रहेको थवहीको कमलपोखरी मासेर 'छायादेवी कम्प्लेक्स' बनाउने, नक्कली भुटानी शरणार्थी' आदि काण्डमा कर्मचारीहरूबाटै सहयोग भएको प्रस्ट छ । फेरि, ठाउँ ठाउँको काण्डमा केही कर्मचारीमाथि कारबाही हुने छनक देख्दा 'सरकारकै सचिवहरूको अनेक बहाना, अख्तियारको त्रास देखाउँदै जिम्मेवारीबाट' पन्छिने गरेका छन् । (नेपाल समाचारपत्र-२ वैशाख २०८१) ।

विनाकर्मचारीको सहयोगले सरकार चल्दैन, किनभने नयाँ नयाँ मन्त्री र पार्टी कार्यकर्ताहरूलाई ऐन-कानुन र पहिले भएका सरकारी निर्णयहरू के थाहा ? फेरि मन्त्रीहरूले चाहेका कामको सबै कानुनी उपाय र छिद्रबाट बनाएका सिंहदरबारका सबै काम एउटै अवधिको सरकारले सिध्याए के गर्ने ?

पुराना एक मुख्य सचिव भन्थे, "के हाल भनौँ सिंहदरबारको ! कहालीलाग्दो छ !! मित्र देशको राजदूतले सहयोगको कुरा गर्दा, मन्त्रीजी के के पाउँछ भनी सोध्न 'आग्रह' गर्छन् । मन्त्रीको भनाइ उल्था गरौँ, विदेशी आश्चर्यमा पर्ने भए, उल्था नगरे मन्त्रीजीको आदेश पालना गरेनन् भन्ने हुन्थ्यो ।"


मन्त्रीले आफू देशको निम्ति संसद्ले पारित गरेको नीतिलाई कार्यान्वयन गर्ने काम हो भन्ने विषय सम्झँदैनन् । मन्त्रीहरू ऐन कानुनले नबाँधिएको वा डोरीले नबाँधिएको साँढेजस्तै अहङ्कारी हुन्छन् । मन्त्री गुरु, देशका अरू सबै जनता शिष्य हुन् ! यस्तोमा कर्मचारीहरूलाई युनियन नामको एक प्लेकार्ड बोकेपछि अरू के चाहियो ! मजदुर युनियन उद्योगपतिहरूको शोषण र अन्यायको विरोधमा उठेको झन्डा हो भने सिंहदरबारभित्र ठुलाबडाका छोराछोरी र निश्चित जात, भाषा र परिवारका मानिसहरू आफ्नो 'विशेष अधिकार' लाई कायम गर्न आएकाहरू हुन्, गणतन्त्र-प्रजातन्त्र र समाजवादको नारालाई अगाडि बढाउन आएका होइनन् । हुन त अहिले नेपालका समाजवादी र साम्यवादी आन्दोलनमा बर्नस्टिन त्रोत्स्की र ख्रुश्चेभहरू बढी छन् भनी जनतामा व्यापक चर्चा छ ।

### निजी क्षेत्रलाई 'ड्राइभिङ' सीटमा राख्ने ?

संसारमा मन्त्रीहरू थरीथरी छन् भनी मानिसहरू ठट्टा गर्दै खास गरेर अर्थशास्त्रकै विद्यार्थीहरूको प्रसङ्ग आउँछ, 'अर्थमन्त्री- निजी क्षेत्रलाई 'ड्राइभिङ' सीटमा राख्ने सरकारको नीति छ ।' (नयाँ पत्रिका, २७ चैत २०८०) ।

युवा-विद्यार्थीहरू भन्दै थिए, अमेरिकी चेम्बर अफ कमर्सका प्रतिनिधिसँग मन्त्रालयमा निजी क्षेत्रको मनोबल बढाउन अर्थमन्त्री वर्षमान पुनले बताएको कुरा उल्लेख गरे । साँच्चै के अब अर्थमन्त्री पुनले अर्थमन्त्री पदबाट राजीनामा दिएर कुनै एकजना उद्योग वाणिज्य सङ्घका अध्यक्षलाई आफ्नो पद हस्तान्तरण गर्न प्रम प्रचण्डजीलाई मनाउने नै भयो ? के सरकारको नीति यस्तै हो ? जनता यस्ता प्रश्न गर्दै छन् ।

# अनिवार्य शिक्षा नारामा सीमित : 'सबैको लागि शिक्षा' असफल साबित




**शुक्र**

सरकारले वैशाख २ गतेदेखि विद्यार्थी भर्ना अभियान सुरु गऱ्यो । पाँच वर्ष उमेर पूरा भएका ५ लाख ८२ हजार बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गर्ने यो अभियानको लक्ष्य हो । विद्यालयबाहिर रहेका २ लाख १३ हजार बालबालिकाहरूलाई समेत यस अभियानले विद्यालयभित्र लाने लक्ष्य लिएको छ ।

सरकारी तथ्याङ्कले २०७४ सालको तुलनामा २०७८ सालमा ८.७७ प्रतिशतले विद्यार्थी सङ्ख्या घटेको देखायो । जसमध्ये सामुदायिक विद्यालयमा २०.१४ प्रतिशत घट्यो भने निजी विद्यालयमा ४७.५५ प्रतिशतले बढ्यो । निजी शिक्षा नीतिकै कारण गरिब र धनीबिचको खाड्ल गहिरिँदै छ ।

सबै स्थानीय तहको टोल-टोलमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना भएको भए १८ महिनादेखिका बालबालिकाहरू बाल विकास केन्द्रमा सेवा पाउने थिए । तर, सरकारले आवश्यक बन्दोवस्त नगर्दा आज तीन वर्ष पूरा भएपछि मात्र बालबालिकाहरूले बाल विकास केन्द्रको मुख हेर्न पाएका छन् भने कति स्थानीय तहमा यो सुविधा समेत छैन ।

निकै तामझामका साथ विद्यार्थी भर्ना अभियान सुरु गरिए पनि विद्यार्थीलाई टिकाउने अभियान निकै कमजोर देखियो । कक्षा ८ सम्मको टिकाउ दर ८५.१ प्रतिशत, कक्षा १० को टिकाउ दर ६६.१ प्रतिशत देखिन्छ । कक्षा १२ मा पुग्दा टिकाउ दर ३३.१ प्रतिशतमात्र भएबाट मौलिक हकको रूपमा रहेको अनिवार्यशिक्षा नारामा मात्र सीमित भएको देखाउँछ ।

सरकारले आव २०८०/८१ मा शिक्षातर्फ एक खर्ब ९७ अर्ब २९ करोड रुपैयाँ विनियोजन गरे पनि विद्यार्थीले निःशुल्क शिक्षा पाउने अवस्था छैन । महँगो शिक्षाकै कारण कति अभिभावक आत्महत्या गर्न बाध्य छन् ।

पुँजीवादी सरकारकै कारण कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई विदेश पलायन गराइँदै छ । विद्यार्थी सङ्ख्या कम हुँदा यहाँका क्याम्पसहरू बन्द हुँदै छन् । सरकारले सबै नेपालीलाई साक्षर बनाउन सकेन, बुद्धिजीवीकरण कहिले गर्ने हो ?

साक्षरताको कुरा गर्ने हो भने मधेश प्रदेशका आठ ओटै जिल्ला अहिलेसम्म साक्षर घोषणा हुन सकेको छैन । २०६८ को जनगणनाअनुसार नेपालको साक्षरता (१५ देखि ६० वर्ष उमेर) ६५.९४ प्रतिशत छभने मधेश प्रदेशको साक्षरता ४९.५४ प्रतिशत मात्र छ । मधेशका दलित र मुस्लिम समुदायको साक्षरता दर झनै न्यून छ ।

मधेश प्रदेशमा प्राथमिक तहमा विद्यालय उमेरका बालबालिका अझै पनि ४.३ प्रतिशत, कक्षा ६ देखि ८ सम्म पढ्नुपर्ने उमेरका ३७.२ प्रतिशत र कक्षा ९ र १० पढ्नुपर्ने उमेरका ४३.७ प्रतिशत विद्यालयबाहिर छन् । यो तथ्याङ्कले सरकारले अघि सारेको 'सबैको लागि शिक्षा' असफल भएको साबित हुन्छ ।

रौतहटमा २६.६ प्रतिशत, सर्लाहीमा २२.३, महोत्तरीमा २१.३, बारामा १९.४, पर्सामा १६.८, सिरहामा १६.७, धनुषामा १६.५ र सप्तरीमा १४.५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको तथ्याङ्क सार्वजनिक भयो । यो सरकारको असफलता नै हो ।

मधेश प्रदेश सरकार छोरी शिक्षाका नाममा आफ्ना कार्यकर्ता पोस्ने काममा लाग्यो । 'बेटी पढाउ, बेटी बचाउ' अभियानको नाम दिएर निजी बीमा कम्पनी पोस्ने काम भइरहेको छ । बिहान बेलुका छाक टार्न समस्या भएका देशभरिका गरिब परिवारका बालबालिकाहरू विद्यालय प्रवेश नै गर्न सकेका छैनन् । सरकारले गरिब परिवारलाई एक छाक टार्न रोजगारी समेत दिन सकेको छैन । सत्ता भागबन्डाको नाममा देश र जनताले दुःख पाइरहेका छन् ।

# पुँजीवादी प्रजातन्त्र र अध्यादेशको शासन !

✍ **विवेक**

नेपाल सरकारले २०८१ वैशाख १ गतेबाट संसद् अधिवेशन बन्द गर्न राष्ट्रपतिसमक्ष सिफारिस गऱ्यो। हिउँदे अधिवेशन मूलत: विधेयक अधिवेशन हो। यो अधिवेशनबाट धेरै वटा विधेयकहरू पारित गर्ने दाबी गरिए पनि केही बाहेक पारित हुन सकेन। निजामती कर्मचारीसम्बन्धी विधेयक, शिक्षा विधेयक, प्रहरी समायोजनसम्बन्धी विधेयकजस्ता सङ्घीयता कार्यान्वयनका लागि अति आवश्यक मानिएका विधेयकहरूसमेत पारित हुन सकेन। संसद्को मुख्य काम कानुन निमार्णतिर भन्दा पनि शासक दलहरू प्रतिपक्षमा पुग्नासाथ संसद् अवरोधलाई हतियार बनाई सरकारलाई दबाब दिन खोज्नु संसद् निष्कृय हुनुको मुख्य कारण हो।

उपप्रधान तथा गृहमन्त्री रबि लामिछाने सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा मुछिएको दाबी गर्दै नेकाको तर्फबाट संसद् सुचारु हुन नदिएको कारण देखाउँदै संसद् अधिवेशन बन्द गर्ने सिफारिस गरिएको बताइएको छ। रवि लामिछानेसमेत प्रबन्ध निर्देशक रहेको ग्यालेक्सी टिभीले सूर्यदर्शन सहकारी संस्थालगायत धेरै वटा सहकारी संस्थाबाट ऋण लिएको सार्वजनिक भएको छ। त्यो कुरालाई स्वयं गृहमन्त्रीले भने अस्वीकार गर्दै आएका छन्। त्यसबारे अध्ययन गर्न संसदीय समिति गठनको माग नेपाली काङ्ग्रेसले गर्दै आएको हो।

संसद् पूर्ण वाक स्वतन्त्रता हुने देशको एक मात्र ठाउँ हो। त्यहाँ बोलेको कुनै पनि कुरालाई लिएर अदालतमा मुद्दा समेत चलाउन नपाइने संवैधानिक व्यवस्था छ। त्यो उच्च निकायमा आफूमाथि उठेको प्रश्नको जवाफ दिन सबैले पाउनुपर्छ। आरोपित व्यक्तिले सम्बन्धित ठाउँबाट स्पष्ट पार्न नदिनु कसरी प्रजातान्त्रिक हुन सक्छ? व्यक्ति र पात्रको अनुहार हेरेर होइन, भोलि अन्य पार्टीका सांसद वा मन्त्रीको बारे पनि यस्ता प्रश्नहरू उठ्नेछन्। आरोप लागेकै भरमा राजीनामा दिनुपर्ने र राजीनामा नदिएसम्म प्रतिपक्षले संसद् चल्न नदिने परम्परा बस्यो भने हाम्रो संसद् कहिले पनि राम्रोसँग चल्न सक्दैन। विषयवस्तुको गम्भीर्यताको आधारमा संसदीय समिति गठन गर्न संसद् स्वतन्त्र हुनुपर्छ।

न्यायालयले विशुद्ध कानुनको आधारमा मात्रै कुनै पनि मुद्दाको फैसला गर्छ भने सार्वभौम संसद्ले त देशको आवश्यकताअनुसार कानुन आफै बनाउन, संशोधन गर्न र खारेज गर्न सक्छ। त्यहाँ नैतिक मूल्य र मान्यताको पनि परीक्षण हुन्छ। कसैबाट कानुनविपरीत गलत काम भएको रहेछ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण आयोग, सहकारी रकम हिनामिनासम्बन्धी कानुनबमोजिम कारबाहीका थुप्रै बाटाहरू छन्। तर, नेकाले त्यसलाई अवलम्बन नगरी किन संसदीय समिति गठन गर्नमै जोड दियो? त्यो भने बुझ्न नसक्नुछ।

संसद्मा नेका, एमाले र माओवादी मात्रै छैनन्। अन्य धेरै पार्टीका सांसदहरू पनि छन्। ती सांसदहरू पनि अहिले आवाजविहीन भएका छन्। जनताका दु:ख, पीडा र समस्याहरू सदनमा प्रस्तुत गरेर सरकारको ध्यानाकर्षण गरी जनताको समस्या सम्बोधनमा जोड दिनु प्रत्येक सांसदको कर्तव्य हो। संसद् सञ्चालनमा अवरोध पुऱ्याउनु सांसदहरूको बोल्ने हक खोस्नु हो। अवरोधको नाउँमा अन्य सांसदहरूलाई बोल्न बन्देज लगाउनु अप्रजातान्त्रिक कार्य हो।

देशका लागि आवश्यक नयाँ नयाँ कानुनहरू निर्माण गर्न प्रस्तावहरू पेश गर्नु, देश हितविपरीतका सन्धि सम्झौताहरू अनुमोदन हुन नदिनु र जनविरोधी विधेयकहरू पारित गर्न रोक्ने प्रयास गर्नु प्रतिपक्ष सांसदहरूको कर्तव्यभित्र पर्छ। सत्ता पक्ष र प्रमुख प्रतिपक्षबिचको द्वन्द्वले कतिपय विधेयकहरू संसद्मा पेश नै भएनन् र अन्य दलका सांसदहरूले त्यसबारे आफ्नो दृष्टिकोण राख्न पाएनन्। बहुदलीय प्रजातन्त्र भनिए पनि संसद् केही शासक दलहरूको स्वेच्छाचारी गर्ने थलो मात्रै भएको छ।

नेका सरकारबाट हट्न परेको पीडाको कारण संसद् अवरोधमा उत्रेको भन्नेहरूको पनि कमी छैन। सरकारबाट नेका हट्नुपर्ने कारण पनि नेका आफैले निर्माण गरेको हो। प्रचण्ड नेका गठबन्धनबाट अलग हुने बहाना खोज्दै थिए। कोशीमा राष्ट्रिय सभा निर्वाचनमा माओवादी उम्मेदवार हार्नु, काङ्ग्रेसका केही मन्त्रीहरूलाई हटाउन पटक पटक प्रयास गर्दा पनि असफल हुनु प्रचण्ड नेकादेखि रुष्ट हुनाका कारणहरू हुन्। ठिक त्यही बेला नेकाको अधिवेशनले आगामी २०८४ मा कसैसँग पनि गठबन्धन नगरी चुनाव लड्ने महामन्त्री गगन थापाको प्रस्ताव पारित गर्नाले प्रचण्डले राम्रो बहाना पाए। नेकासँगको सम्झौताबमोजिम २ वर्ष प्रधानमन्त्री बन्न पाउनेमा पनि उनमा आशङ्का उब्जिसकेको थियो। 'के निहुँ पाउँ कनिका बोकाउँ' भन्नेझैं भयो। प्रचण्डले एमालेसँग भित्रभित्र छलफल गरिरहेको नेकाले चाल पाउन सकेन। अकस्मात् एमालेसित मिलेर प्रचण्डले नयाँ गठबन्धन सरकार बनाएपछि नेका छाँगाबाट खसेको जस्तो भयो। संसद् अवरोधमा केन्द्रित हुन पुग्यो। यो अवस्था नेका सरकारबाट बाहिरिनु पर्नाको छटपटी मात्रै हो।

संसद् भनेको बौद्धिक अभ्यास गर्ने थलो हो। कानुनबमोजिम गठित सरकारलाई कानुनअनुसार नै विस्थापित गर्ने कोसिस गर्नुपर्छ। सरकारले गरेका हरेक नराम्रा कामहरू जनसमक्ष पुऱ्याइ सरकारलाई असफल गर्न खोज्नु र आफू सरकारमा जान खोज्नु प्रमुख प्रतिपक्षको मुख्य काम हो। नेकाले अहिले रचनात्मक भूमिका खेली वर्तमान सरकारको जनविरोधी कामहरू गर्न रोक्ने प्रयास गरेको भए धेरै राम्रो हुने थियो। किनभने प्रचण्ड अस्थिर नेता हुन्। उनले कुनै पनि बेला एमालेलाई छोड्न सक्छन्। यस पछि पालो नेकाकै हुने हो।

संसद् अधिवेशन बन्द गरी अध्यादेशबाट कानुन निर्माण गर्ने प्रक्रिया प्रजातान्त्रिक होइन र हुन सक्दैन। अध्यादेशसम्बन्धी संविधानको भावना पनि त्यो होइन। संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ- सङ्घीय संसद्को दुबै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अबस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ।' त्यस्तो अध्यादेश संसद्ले स्वीकार नगरेमा, राष्ट्रपतिले कुनै पनि बेला खारेज गर्न सक्ने र सदन चलेको ६० दिनभित्र स्वत: निष्कृय हुने व्यवस्था छ।

सरकारलाई कुनै किसिमको अप्ठेरो नपरोस् भनी संविधानमा अध्यादेशको व्यवस्था गरिएको देखिन्छ। त्यो एक प्रकारको सरकारको विशेषाधिकार हो। तर, त्यसलाई सरकारमा जाने दलहरूले आफ्नो दलगत स्वार्थको निम्ति प्रयोग गर्दै आए। एमाले र एकीकृत समाजवादी विभाजनको लागि माधव नेपालसँग तत्कालीन राजनैतिक दलसम्बन्धी ऐनबमोजिम सङ्ख्या नपुग भएपछि अध्यादेश जारी गरी के.स. वा संसद् सङ्ख्या २० प्रतिशत भए पुग्ने बनाइयो। पार्टी फुटेको लगत्तै त्यो अध्यादेश खारेज गऱ्यो। त्यो अध्यादेशलाई केही समय बढी कायम राखेको भए अन्य दलहरूमा पनि भाँडभैलो हुने निश्चित थियो। त्यसैले पुँजीवादी व्यवस्थामा संसद्लाई पुँजीपतिले गरेका अवैध कामलाई वैधता दिने थलो पनि भनिन्छ।

नेपालमा वैदेशिक लगानी भित्र्याउने उद्देश्यले वैशाख १६ र १७ गते लगानी सम्मेलन हुँदै छ। प्रधानमन्त्रीले लगानी सम्मेलन अघि नै १५/१६ वटा कानुन संशोधन गर्नुपर्ने बताउँदै आएका थिए। संसद्मा विधेयकको रूपमा पेश गरेर प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गर्न छोटो समयमा सम्भव थिएन। नेकाले प्रतिनिधिसभा अवरोध गरेको कारण प्रचण्डले अध्यादेशबाट ती कानुनहरू संशोधन गर्ने राम्रै बाहाना पाए। विधेयकमा के कस्ता प्रावधानहरू छन् कसैले छलफलमा भाग लिन समेत नपाउने भए। चलिरहेको संसद् बन्द गरी अध्यादेशबाट कानुन निर्माण गर्नु गलत हो।

पुँजीवादी व्यवस्था कस्तो हुन्छ, नेपाली जनताले बिस्तारै बुझ्दै छन्। पुँजीपतिवर्गले संसदीय प्रजातन्त्रको खुबै प्रशंसा गर्छन् तर जनप्रतिनिधिहरूले संसद्मा बोल्नसम्म पनि नपाइने हामी कस्तो प्रजातन्त्रको अभ्यास गर्दै छौं? संसद् केही शासक दलहरूले मनोमानी गर्ने थलोको रूपमा विकास हुँदै छ। संसद् राम्ररी नचलेको कारण यो निर्वाचन प्रणालीमाथि नै प्रश्न उठ्न थालेको छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली उचित हुने धारणा पनि बाहिर आउँदै छ। सङ्घमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्न सकिए तथा समानुपातिक निर्वाचन प्रणालीलाई खारेज गर्न सके राम्रो हुने हो कि? यो अबको छलफलको विषय हुन सक्छ।

सङ्घीयता लागू भएपछि छिट्टै देश विकास हुन्छ, गाउँ गाउँमा सिंहदरबार पुग्छ भनेर प्रचार गर्नेहरूको कार्यशैली, सोच र चिन्तन विगतको एकात्मक प्रणालीभन्दा कुनै फरक देखिएन।

**सङ्घ, प्रदेश र स्थानीय सबैले आफ्नो औचित्यता आफैले पुष्टि गर्नुपर्ने हुन्छ। संवैधानिक संरचना कसैले चाहेर वा नचाहेर भन्दा पनि कामको आधारमा उचित र अनुचित प्रमाणित हुने हो। जनता प्रदेश सरकारहरूको कार्यशैलीबाट पनि वाक्क दिक्क छन्। सर्वोच्चको फैसला विपरीत प्रदेश सभामुखले समेत मत दिएर मुख्य मन्त्री चयन गर्ने, अदालतबाट अपराधी ठहर भएकालाई पुरावेदनमा मुद्दा चलेको आधारमा सांसद भएर संसद् भवन छिर्ने अनुमति प्रदान गर्नेजस्ता न्यायिक निर्णयहरूमा पनि प्रश्नहरू उठिरहेका छन्। पुँजीवादी प्रजातन्त्रको सक्कली अनुहार जनताबिच प्रस्ट हुँदै छ।**

सङ्घीयताको सिद्धान्तअनुसार अधिकार तल्लो तहसम्म पुऱ्याउनुपर्नेमा अझै सिंहदरबार त्यो अधिकार छाड्न तयार देखिँदैन। यसले एकातिर नेपालमा सङ्घीयता आवश्यक छैन भनेर आवाज उठाउनेहरूलाई बल पुगिरहेको छ भने अर्कोतर्फ प्रदेशमा बराबर हुने सरकार परिवर्तनले प्रदेशको आवश्यकता छैन भनेर विरोध गर्नेहरूलाई ऊर्जा मिलिरहेको छ।

सङ्घ, प्रदेश र स्थानीय सबैले आफ्नो औचित्यता आफैले पुष्टि गर्नुपर्ने हुन्छ। संवैधानिक संरचना कसैले चाहेर वा नचाहेर भन्दा पनि कामको आधारमा उचित र अनुचित प्रमाणित हुने हो। जनता प्रदेश सरकारहरूको कार्यशैलीबाट पनि वाक्क दिक्क छन्। सर्वोच्चको फैसला विपरीत प्रदेश सभामुखले समेत मत दिएर मुख्य मन्त्री चयन गर्ने, अदालतबाट अपराधी ठहर भएकालाई पुरावेदनमा मुद्दा चलेको आधारमा सांसद भएर संसद् भवन छिर्ने अनुमति प्रदान गर्नेजस्ता न्यायिक निर्णयहरूमा पनि प्रश्नहरू उठिरहेका छन्। पुँजीवादी प्रजातन्त्रको सक्कली अनुहार जनताबिच प्रस्ट हुँदै छ।

# विदेशीको भर परेर आत्मनिर्भर बन्न सकिन्न

✍ **रामरतन चौधरी**

*नेपालमा उद्योगको सुरुआत भारतभन्दा करिब ८ दशकपछि मात्रै भएको हो। नेपालमा सन् १९३६ मा पहिलो उद्योगको रूपमा विराटनगर जुट मिल खुलेको थियो। त्यसपछि सन् १९९६ सम्ममा निर्माण क्षेत्रबाहेक औद्योगिक क्षेत्रको हिस्सा नौ प्रतिशत पुगेको थियो। तर, सरकारहरूले उचित ध्यान नपुऱ्याउँदा औद्योगिक क्षेत्रको हिस्सा घटेर अहिले पाँच प्रतिशतमा झरेको छ। श्रीलङ्काको जीडीपीमा औद्योगिक क्षेत्रको हिस्सा ३० प्रतिशतको हाराहारीमा छ भने बङ्गलादेशको २५ प्रतिशत हाराहारी पुगिसकेको छ। तर, नेपालको सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गरिएको हुँदा निर्यात घटेर आयात बढ्यो। कृषिजन्य उत्पादनमा मात्र नेपालको आयात करिब २४ प्रतिशत पुग्यो।*

नेपाल सरकारले २०८१ वैशाख १६ र १७ गते काठमाडौँमा तेस्रो लगानी सम्मेलन गर्दै छ। नेपालमा लगानी बोर्डको स्थापनापछि २०७३ र २०७५ सालमा दुई पटक लगानी सम्मेलन भए। यस पटकको लगानी सम्मेलनमा सरकारले विभिन्न परियोजनाका साथै ऊर्जा, सञ्चार, प्रविधि, पर्यटन, कृषि प्रशोधन, म्यानुफ्याक्चरिङ, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र उत्थानशील सहरी विकासलगायत क्षेत्रको क्षेत्रगत प्रोफाइलहरू प्रस्तुत गर्ने योजना बनाएको समाचार छ। विदेशी लगानी सुरक्षा गर्न विदेशी सेना आउँछ विदेशी सेना आएपछि नेपाल कसरी सार्वभौम हुन्छ?

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ ले लगानी बोर्डको कार्यालयलाई लगानी प्रवर्द्धन निकाय र राष्ट्रिय सार्वजनिक-निजी साझेदारी निकायका रूपमा काम गर्न अधिकार प्रदान गरेपछि लगानी बोर्डले विदेशमा लगानीकर्ता भेटघाट, परियोजना रोड सो, सभा, सम्मेलन, गोष्ठी लगायतका कार्यक्रम गर्दै आएको छ।

लगानी सम्मेलन गरिएपनि विदेशीले हचुवामा लगानी गर्दैन। लगानीकर्ताले विदेशी विनिमयसम्बन्धी कानुनको लचकता, करमा छुट दिने व्यवस्थासहितको कानुनको उदारता, सम्पत्ति राष्ट्रियकरण गर्ने व्यवस्था छ कि छैन, राजनीतिक स्थिरता छ कि छैन हेर्छ। राजनीतिक स्थिरतासम्बन्धी १७९ मुलुक समेटिएको 'फ्राजाइल स्टेट्स इन्डेक्स' (कमजोर अवस्था सूचाङ्क) मा भने नेपाल ५५ औं नम्बरमा छ। नेपाल यो इन्डेक्समा कमजोर देखिएको छ। शासक दलहरू सत्ताको निम्ति 'कुकुर झगडा' मा अल्झिरहेको कारण नेपालमा राजनीतिक स्थिरता पनि कायम हुन सकेन र आर्थिक उन्नति पनि भएन।

लगानी आकर्षित गराउने नाममा विदेशीले नेपालको कानुनलाई लचिलो बनाउन दबाब दिँदै छन्। साम्राज्यवादी देशहरूले आफूअनुकूल कानुन निर्माण गराउन लगाउँछन्। उनीहरूको चाहनाअनुसार कानुन निर्माण भए देशको सार्वभौमिकतामा हस्तक्षेप हुनेछ। यस्तो विषयमा सरकार गम्भीर बन्नुपर्छ। सरकारले सन् १९९१ देखि नै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐनजस्ता कानुनहरू निर्माण गरी विदेशी लगानीकर्तालाई करमा सहुलियत दिएर लगानी आकर्षित गर्ने प्रयास गर्दै आएको हो। तर, पनि नेपालमा उद्योगको विकास हुन सकेन। नेपालमा राज गरिरहेका भारतीय एकाधिकार पुँजीले नेपालको औद्योगिक विकास चाहेको छैन। यसकारण भारतीय एकाधिकार पुँजीको विरोध गर्नु जरुरी छ।

सरकार जसरी पनि विदेशी लगानी भित्र्याउने भन्दै छ। एउटा अन्तर्वार्तामा अर्थमन्त्री वर्षमान पुनले भने- "भारतमा १० वर्षमा १० हजार मेगावाट, बङ्गलादेशमा १५ वर्षमा ९ हजार मेगावाट बिजुली बिक्री गर्ने योजना कार्यान्वयन गर्न हामीसँग पुग्दो लगानी छैन। त्यसैले जोसुकै लगानीकर्ता पनि आँखा चिम्म गरेर नेपालको ऊर्जा क्षेत्रमा आए हुन्छ।" नेपालको नदीनाला र खनिज भारतीय एकाधिकार पुँजीलाई दिने मन्त्री कसरी देशभक्त होलान्?

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले भने - "लगानी बोर्डको सचिवालय र निर्देशक समितिले अहिले विदेशी लगानीकर्तालाई कसरी मुलुकभित्र उनीहरूको लगानी ल्याई समृद्धिको योजना कार्यान्वयन गर्ने भन्नेमा मुख्य ध्यान दिइरहेको छ। कानुनी जटिलता कम गरी निजी क्षेत्र र विदेशी लगानीमैत्री बनाउन संशोधनको प्रयास भइरहेको छ।" विदेशी लगानीले देश समृद्ध होइन मगन्ते देशमा परिणत हुनेछ। केही दिन अघि एक अमेरिकी १० अर्ब राजस्व छलेको सार्वजनिक भयो। एमसीसी सम्झौतामा अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने व्यवस्था छ।

सन् २०२६ सम्ममा नेपाल अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने अनुमान गरिएको छ भने सन् २०३० सम्ममा मध्य आय भएको देश हुने सरकारी योजना तथा कार्यक्रम छ। निम्नमध्यम आय भएको देश हुन प्रतिव्यक्ति आय वार्षिक २,५०० अमेरिकी डलर हुनुपर्छ। त्यसको लागि आगामी ६ वर्षभित्र नेपालको कूल गार्हस्थ उत्पादन कम्तीमा १०० अर्ब डलर पुग्नुपर्दछ। गत तीन दसकमा नेपालको औसत आर्थिक वृद्धिदर करिब ४.३६ प्रतिशत मात्र रहेको छ। विश्व बैङ्कले हालसालै नेपालको आगामी वर्ष आर्थिक वृद्धिदर ३.३ प्रतिशतमात्रै रहने आँकलन गरेको छ। यसले नेपालको अर्थतन्त्र सहज नभएको सङ्केत गर्छ।

नेपालमा उद्योगको सुरुआत भारतभन्दा करिब ८ दशकपछि मात्रै भएको हो। नेपालमा सन् १९३६ मा पहिलो उद्योगको रूपमा विराटनगर जुट मिल खुलेको थियो। त्यसपछि सन् १९९६ सम्ममा निर्माण क्षेत्रबाहेक औद्योगिक क्षेत्रको हिस्सा नौ प्रतिशत पुगेको थियो। तर, सरकारहरूले उचित ध्यान नपुऱ्याउँदा औद्योगिक क्षेत्रको हिस्सा घटेर अहिले पाँच प्रतिशतमा झरेको छ। श्रीलङ्काको जीडीपीमा औद्योगिक क्षेत्रको हिस्सा ३० प्रतिशतको हाराहारीमा छ भने बङ्गलादेशको २५ प्रतिशत हाराहारी पुगिसकेको छ। तर, नेपालको सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गरिएको हुँदा निर्यात घटेर आयात बढ्यो। कृषिजन्य उत्पादनमा मात्र नेपालको आयात करिब २४ प्रतिशत पुग्यो।

अहिले नेपालमा सिमेन्ट उद्योग करिब ५ दर्जन नाघ्यो। नेपालमा सिमेन्टको माग वार्षिक १ करोड टन छ भने उत्पादन क्षमता करिब डेढ करोड टन हाराहारी पुग्यो। सिमेन्ट निर्यात गर्न सक्ने अवस्थामा नेपाल छ। तर, सिमेन्ट बनाउन चाहिने क्लिङ्कर अझै पनि विदेशबाट आयात गर्नुपरेको छ। नेपालमा चुनढुङ्गाको भण्डार १.७ अर्ब टन रहेको अनुमान छ। यसको सदुपयोग सरकारले गर्न सकिरहेको छैन।

नेपालले अन्तर्राष्ट्रिय बजारमा भारत र चीनसँग औद्योगिक उत्पादनमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन। यसर्थ नेपालको औद्योगिक क्षेत्रको उद्देश्य निर्यात बढाउनेभन्दा आयात प्रतिस्थापन गर्ने विषयमा केन्द्रित हुनुपर्ने विज्ञहरूको मत छ। यसर्थ नेपालको आफ्नै स्रोत साधन, लगानी र जनशक्ति उपयोग गरेर परियोजनाहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूल जनसङ्ख्याको ४८ प्रतिशत १५ देखि ५० वर्ष उमेर समूहका मानिसको छ। यस हिसाबले नेपालमा लगभग १ करोड ४१ लाख जनसङ्ख्या काम गर्न सक्ने उमेर समूहका छन्। १० वर्षमाथिका ६५.५ प्रतिशत जनसङ्ख्या पनि आर्थिक रूपमा सक्रिय छन्। यही जनशक्तिलाई प्रयोग गरेर नेपालले आफ्नो प्रगतिको गोरेटो कोर्नुपर्छ। तर, ८० लाख नेपालीलाई वैदेशिक रोजगारीमा पठाइएको छ। विदेशीको भर परेर आत्मनिर्भर बन्न सकिन्न। विदेशी पुँजी बालीमा साँढे पसेजस्तो नहोस्!

*२०८१ वैशाख २ गते*

# जनप्रतिनिधिमूलक संस्थाको अपमानको बाटोमा गठबन्धन सरकार



✍ रामप्रसाद प्रजापति

**तर नेपालमा सरकारमा गएका राजनीतिक दलहरूले केही व्यक्ति, व्यापारी व्यवसायी, ठेकेदार र आफ्नो सत्ता जोगाउन विभिन्न कालखण्डमा विभिन्न अध्यादेश जारी गर्ने गरेको पाइन्छ । यसरी देश र जनताको सर्वोपरी हितलाई बेवास्ता गरी जारी गरिने अध्यादेशले राज्यलाई लोककल्याणकारी अर्थात् प्रजातान्त्रिक भन्दा पनि निरङ्कुश र तानाशाही बनाउने खतरा बढ्न सक्छ ।**

**एक्कासी सालको शुभकामना !**

विक्रम संवत् २०८१ (दुई हजार एकासी) सम्पूर्ण कामगरी खाने मजदुर श्रमिकहरूको हकहितको संरक्षण, न्याय सुव्यवस्था, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति होस् : शुभकामना छ ।

नेपालको संविधानको धारा ४ बमोजिम नेपाललाई समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा मात्र होइन व्यवहारमा हुन सकोस् भन्ने कामनाका साथ हालसम्म सत्ता र सरकारमा पुगेका नेपालका राजनीतिक दलहरूको घैटोमा घाम लागोस् भन्ने कामना छ ।

**एकासी संसद अधिवेशनको अन्त्य**

एक्कासी सालको पहिलो दिन वैशाख १ गते नै संसदको अधिवेशन अन्त्य गर्ने सिफारिस भयो ।

सरकारले सहकारी ठगीलगायतका विषयमा उठेका प्रश्नहरूको समाधान नगरी संसद अधिवेशन अन्त्यको सिफारिस गरेकोमा सरकारको नियतमाथि पनि गम्भीर प्रश्न उठेको छ ।

आफू सरकार बाहिर हुँदा जो सुकैलाई जुनसुकै विषयमा प्रश्न गर्न पछि नपर्ने गृहमन्त्री रवि लामिछानेले आफूविरुद्ध सहकारी ठगीमा जाहेरी नै दर्ता भएपछि पनि छानबिन समिति गठन गर्न आवश्यक नपर्ने बताएका छन् ।

उनले आफूमाथि पूर्वाग्रहको आधारमा आरोप लगाएको र एउटा जाहेरीको भरमा संसदीय समिति बनाउँदै जाने हो भने भोलि जोसुकैका बारेमा पनि समिति बनाउँदै जाने नजिर बस्छ भनी द्वैधचरित्र प्रदर्शन गरेका छन् ।

ऊनै रवि लामिछानेले केही समयअघि संसद्मै विभिन्न नेता, व्यापारी, व्यवसायीहरूलाई सामान्य बयान लिनलाई के ले छेक्यो भन्दै प्रश्न गर्ने गर्थे । तर, आफूविरुद्ध नै प्रश्न तेर्सिन थालेपछि भने गृहमन्त्री लामिछानेले द्वैध चरित्र देखाउन थालेका छन् ।

लामिछाने प्रबन्ध निर्देशक रहेको ग्यालेक्सी टेलिभिजन सञ्चालन गर्ने कम्पनी गोर्खा टेलिभिजन नेटवर्कका विषयमा पनि रवि लामिछानेले ग्यालेक्सी टेलिभिजन स्थापना गर्न आफूलाई विश्वास गरेर टेलिभिजनका अध्यक्ष जीबी राईलाई धन्यवाद दिनुका साथै आफूलाई टेलिभिजन छोडेर जान अनुमति सानो मुटुले दिन नसक्ने बताउँदै जीबी राईप्रति आभार व्यक्त गरेका थिए ।

त्यस्तै एक टेलिभिजन प्रस्तुती कै क्रममा आफूले स्वत: शेयर प्राप्त गरेको स्वीकार गर्नुका साथै गोर्खा मिडियामा एक करोड रुपैयाँ ट्रान्सफर गरेको र रवि लामिछानेले गोर्खा मिडियो नेटवर्कको एक करोड रुपैयाँको शेयर प्राप्त गरेको सार्वजनिक भएको थियो ।

यसै सन्दर्भसँग जोडेर रवि लामिछाने आफू गोर्खा मिडिया नेटवर्क अर्थात् ग्यालेक्सी टेलिभिजनको प्रबन्ध निर्देशक हुँदा विभिन्न सहकारी संस्थाहरूबाट गोर्खा मिडियाले गैरकानुनीरूपमा ऋण सापटीको नाममा करोडौं रुपैयाँ हात पारेको र उक्त प्रकरणमा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेको पनि संलग्नता छ भनी प्रहरीमा जाहेरी दर्ता हुनुका साथै संसदमा छानबिन समिति गठन हुनुपर्ने माग भएको हो ।

साथै यसमा जीबी राई र रवि लामिछाने जस्ता व्यक्तिको मात्रै सवाल नभई गोर्खा मिडिया नेटवर्कमा नेपालका विभिन्न सहरहरूमा सञ्चालित सहकारी संस्थाहरूबाट करिब एक सय करोड रुपैयाँ कसरी ट्रान्सफर भयो ? अब सर्वसाधारणको बचत रकम कसरी फिर्ता हुने हो ? भन्ने प्रश्नहरूसँग पनि सम्बन्धित छ ।

रवि लामिछानेले आफू मन्त्री बन्नुभन्दा अघि र अहिले मन्त्री भइसकेपछि पनि सहकारी पीडित सर्वसाधारण जनतालाई न्याय दिलाउने विषयमा स्टन्ट देखाउने, होहल्ला गर्ने गर्दै आएकै हुन् ।

तर आफूसहित उपर छानबिन गर्नुपर्ने माग संसद्मा उठेपछि भने संसदीय समितिका गठन गर्न हिचकिच्याएको मात्रै होइन गठबन्धन सरकारका बारेमा संसदमा उठेका प्रश्नहरूको जवाफ नदिई संसद्को अधिवेशनको अन्त्य गर्ने सिफारिसको चोर बाटोअघि बढेको बताइन्छ ।

नयाँ वर्षको सुरुआतसँगै सरकारले चलिरहेको संसद्को अघिवेशन वैशाख २ गते राति १२ बजेदेखि अन्त्य गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो । अब बजेट अधिवेशन कम्तीमा १५ दिनपछि मात्र आह्वान हुने र यसै अवधिमा सरकारले आफूअनुकूल अध्यादेश ल्याउने तयारी गरेको बताइन्छ ।

**विपक्षी दलको अडान**

गृहमन्त्री लामिछानेले लिएको रकम मात्र होइन, काठमाडौँ, पोखरा, चितवन, वीरगन्ज, बुटवल र नेपालगन्जका सहकारीबाट करिब एक अर्ब अर्थात् १०० करोड रुपैयाँ कसरी गोर्खा मिडिया नेटवर्कमा 'ट्रान्सफर' गरियो ? अब सर्वसाधारणको रकम कसरी फिर्ता हुन्छ भन्ने विषयमा छानबिन हुनुपर्ने नेपाली काङ्ग्रेसको माग रहेको छ भने अर्कोतिर २०४७ साल यताको सम्पत्ति छानबिन गर्न काङ्ग्रेस सांसदहरूबाटै सार्वजनिक महत्त्वको प्रस्ताव पनि दर्ता गरेका छन् ।

सङ्घीय व्यवस्थासहितको संविधानका सबै व्यवस्थालाई कार्यान्वयनतर्फ अघि बढाउन अझै सयौँ ऐन कानुन निर्माण गर्नुपर्ने दायित्व र जिम्मेवारी प्रतिनिधिसभा संसद्मा रहेको र सार्वजनिक महत्त्वका केही महत्त्वपूर्ण ऐन कानुनहरू बनाउन थाँती राखेर गठबन्धन सरकारले संसद् अधिवेशन अन्त्यको सिफारिस गर्ने निर्णयमाथि समेत प्रश्न उठेको छ ।

यसैबिच सरकारमा सहभागी दलहरूबिच संसद्को अधिवेशन अन्त्य भएपछि आवश्यक केही ऐन कानुन अध्यादेशमार्फत जारी गर्ने सहमति समझदारी भएको बताइन्छ ।

जननिर्वाचित संस्था प्रतिनिधिसभालाई छलेर सरकारले आफ्नो अनुकूलमा जारी गर्ने अध्यादेश जनविरोधी मानिन्छ ।

संसद्को बैठक नै हुन नसकेको वा बैठक नै हुने छाँटकाँट नभएका बखत जनतालाई अति आवश्यक परेका विषयमा कानुन जारी गर्नुपरेको खण्डमा मात्रै सरकारले अध्यादेशमार्फत ऐन कानुन जारी गर्न सकिने हो ।



अध्यादेश एक प्रकारको अस्थायी कानुन हो । जसको अनुमोदन केही निश्चित समयावधिभित्र जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाले गर्नुपर्ने हुन्छ ।

**अध्यादेशको शासन अप्रजातान्त्रिक**

प्रजातान्त्रिक मुलुकहरूमा कानुन निर्माण गर्ने कार्य जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा (संसद) ले गर्ने गर्दछ । संसद्बाटै सरकारको गठन हुने हुँदा संसदीय सर्वोच्चताको अवधारणा राखेको हुन्छ ।

नेपालको संविधानले संसद्को अधिवेशन (बैठक) तत्काल बस्ने अवस्था छैन र राज्य सञ्चालनका लागि अतिआवश्यक कुनै नगरी नहुने कार्य गर्नुपर्‍यो भने नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गरी राष्ट्रपतिबाट प्रमाणीकरण गरी अध्यादेश जारी गर्न सक्ने व्यवस्था नेपालको संविधानको धारा ११४ गरेको पाइन्छ ।

धारा ११४ को उपधारा (१) मा "सङ्घीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ ।" भन्ने व्यवस्था गरेको पाइन्छ । उपधारा (२) मा त्यसरी जारी भएको अध्यादेश ऐनसरह मान्य हुने तर त्यस्तो अध्यादेश, क) जारी भएपछि बसेको सङ्घीय संसद्को दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुनेछ, ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र ग) खण्ड (क) र (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वत: निष्क्रिय हुनेछ । भन्ने व्यवस्था गरेको पाइन्छ ।

अध्यादेशलाई कार्यकारी आदेश पनि भनिन्छ । अध्यादेश स्थायी कानुन होइन । यो एक प्रकारको अन्तरिम अर्थात् अस्थायी प्रकृतिको कानुन मान्न सकिन्छ । किनभने नेपालको संविधानले यस्तो अध्यादेशलाई आगामी प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गरी पारित गर्नुपर्ने बाध्यात्मक ब्यवस्था गरेको पाईन्छ ।

त्यसैले सरकारले जारी गर्ने अध्यादेश सङ्घीय संसद्को दुवै सदनको बैठक बसेको साठ्ठी दिन अर्थात् २ (दुई) महिना पछि स्वत: निष्क्रिय हुने संवैधानिक व्यवस्था छ ।

यसरी देश र जनताको हितको लागि तत्काल केही नगरी नहुने अर्थात् जरुरी कार्य गर्न कानुनको अभाव छ भने नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गरी अध्यादेश जारी गर्न सक्ने व्यवस्था गरेको हो ।

तर नेपालमा सरकारमा गएका राजनीतिक दलहरूले केही व्यक्ति, व्यापारी व्यवसायी, ठेकेदार र आफ्नो सत्ता जोगाउन विभिन्न कालखण्डमा विभिन्न अध्यादेश जारी गर्ने गरेको पाइन्छ । यसरी देश र जनताको सर्वोपरी हितलाई बेवास्ता गरी जारी गरिने अध्यादेशले राज्यलाई लोककल्याणकारी अर्थात् प्रजातान्त्रिक भन्दा पनि निरङ्कुश र तानाशाही बनाउने खतरा बढ्न सक्छ ।

सरकारले संसद् बन्द गरेर अध्यादेशबाट सरकार चलाउन खोजेको, निजामती, शिक्षा लगायतका विधेयक संसद्मा छलफलमै रहेको बेला संसद अधिवेशनको अन्त्य गर्नु आपत्तिजनक छ । साथै अध्यादेशको शासन जहिल्यै पनि अप्रजातान्त्रिक हुन्छ ।

*२०८१ वैशाख १*

## बझाङको जयपृथ्वी नपामा नेमकिपाको चुनाव प्रचार

बझाङ । जयपृथ्वी नगरपालिका वडा नं. ९ देवल, वडा नं ३ डुङ्ग्री र मस्टा गापा वडा नं १ समदेवमा कार्यकर्ता भेटघाट कार्यक्रम भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बझाङ जिल्लाको प्रदेश निर्वाचन क्षेत्र नम्बर १'क' उपनिर्वाचनका उम्मेदवार खगेन्द्रबहादुर शाहीले राजनीति भनेको जनताको नि:स्वार्थपूर्वक सेवा गर्नको लागि हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपा कामदार जनताको हित हुने समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत छ । समाजवादी व्यवस्थामा शिक्षा–स्वास्थ्य नि:शुल्क हुन्छ; जनतालाई योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुन्छ; उत्पादनका साधन र स्रोत राज्यको नियन्त्रणमा हुन्छ; मान्छेको जन्मदेखि अन्त्यसम्मको जिम्मेवारी राज्यले लिन्छ ।"

नेमकिपाले निर्वाचनलाई जनताको राजनीतिक चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिने धारणा राख्दै उहाँले निर्वाचनमा सिद्धान्त र विचारको लडाइँ भएको बताउनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले देशले सही नेतृत्व पाएमा विकासको गति लिने र कम समयमा नै जनताको जीवनमा आमूल परिवर्तन गर्न सकिने बताउनुभयो ।

शासक पार्टीहरूले जनतालाई झूटको खेती गरी भ्रममा पारिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा मिनु गिरीले पनि बोल्नुभएको थियो ।

## पैंतालिसौँ शिक्षक दिवसमा प्रवचन कार्यक्रम

भक्तपुर । आधारभूत विद्यालय समिति भक्तपुरको आयोजनामा ४५ औं शिक्षक दिवसको अवसरमा बुधबार शिक्षक भेला तथा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल प्राध्यापक समाजका अध्यक्ष तथा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले साना बालबालिकाका लागि अक्षर चिनाउन विशेष र महत्त्वपूर्ण भूमिका निभाउने आधारभूत तहका शिक्षकहरूलाई कमजोर, नजान्ने भनी फरक दृष्टिकोण राख्न नहुने धारणा राख्दै नयाँ पुस्तालाई छलफल र विचारको माध्यमबाट प्रशिक्षित गर्नुपर्ने बताउनुभयो ।

उहाँले जात्रापर्वको सांस्कृतिक पक्षहरूलाई वैज्ञानिक तथा भौतिकवादी राखी स्थानीय स्रोत साधनहरूको उपयोग र उत्पादनमा नयाँ पुस्तामाझ शिक्षण सिकाइबाट देशको कुनाकन्दरामा गुणस्तरीय सेवा पुग्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय कोषाध्यक्ष चक्रबहादुर चाकतुले नेपाल राष्ट्रिय शिक्षक सङ्घको गठन र त्यसको पेसागत उपलब्धि तथा नेपाल क्रान्तिकारी शिक्षक सङ्घको भूमिका बारेमा जानकारी दिँदै वर्तमान शिक्षा विधेयक पुन: लेखन हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला तथा नगर समितिका अध्यक्ष एवम् गणेश माविका प्रअ गणेशराम थुसाले वर्तमान शिक्षा विधेयकमा शिक्षकको मौलिक तथा राजनीतिक अधिकारलाई कुण्ठित गरेको चर्चा गर्दै शिक्षकले पद, पैसा र नातावादको स्वार्थ त्यागेर देश र जनताको लागि शिक्षणसहित राजनीतिमा होमिनुपर्ने बताउनुभयो ।

आधारभूत विद्यालय समिति भक्तपुरका अध्यक्ष तथा भीम आदर्श आधारभूत विद्यालयका प्रअ दीपक माकले कार्यक्रमको सभापतित्व ग्रहण गर्दै विद्यार्थीहरूको प्रतिभा उजागर गर्ने मञ्चको रूपमा आधारभूत समितिले समयसमयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिरहेको र शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि सामाजिक व्यवहार र पेसाप्रति लगनशीलता बढाउन छलफल र तालिमहरू सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

शिक्षक दिवस कार्यक्रममा समितिका सचिव सूर्यबहादुर फोजूलगायतले बोल्नुभएको थियो ।

## दैलेखमा शुभकामना कार्यक्रम

दैलेख । नेपाल मजदुर किसान पार्टी आठबिस नगर समितिको आयोजनामा तिलेपाटामा नयाँ वर्षको अवसरमा शुभकामना कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा आठबिस नगर समितिका अध्यक्ष जयबहादुर बडुवालले नेका, एमाले र माओवादी पटक पटक सरकारमा गए पनि कामदार जनताको पक्षमा काम नगरेको हुँदा देश झन् झन परनिर्भर हुँदै गएको बताउनुभयो ।

देशमा युवाविहीन हुँदै जानुमा शासक पार्टीहरू दोषी रहेको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा रामबहादुर बडुवाल, कृष्ण सिजापति, नवीन सिजापतिलगायतले बोल्नुभएको थियो ।

# नेता किम जङ इल
# ‘समाजवादलाई गालीगलौज असह्य छ’ पढ्दा

✍ समा


**समाजवादी बन्दोवस्तमा कुनै बेला पुँजीपतिहरूको कब्जामा रहेका उत्पादनका मुख्यमुख्य साधनहरू सामाजिकीकरण गरिन्छ । बहुसङ्ख्यक श्रमजीवी जनताका निम्ति शिक्षा, स्वास्थ्य नि:शुल्कमात्र होइन व्यक्तित्व विकासमा समान अवसर प्रदान गरिन्छ। श्रमलाई माया गर्ने नागरिकहरू तयार गरिन्छ । उत्पादन श्रमसँग जोडिएको शिक्षा दिइन्छ। स्वदेशमै रोजगारीको बन्दोवस्त, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको व्यवस्था गरिन्छ। शिशुदेखि ज्येष्ठ नागरिकसम्मलाई हेर्ने दायित्व राज्यले बहन गर्छ। महिला र पुरुषबिचको असमानता, गाउँ सहरबिचको भेद, किसान र मजदुरबिचको भिन्नता, शारीरिक श्रम र बौद्धिक श्रमबिचको भिन्नता हटाउने प्रयासहरू हुन्छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा जनताको बलमा देशलाई आत्मनिर्भर बनाउने र सुसंस्कृत समाज निर्माण गर्ने एउटा अर्को क्रान्ति निरन्तर अघि बढ्छ ।**

जनताको क्रान्तिले निर्माण गरेको समाजवादी समाजमा कामदार जनता देशका मालिक हुन्छन् । देशको नेतृत्व बहुसङ्ख्यक सर्वहारावर्गले गर्दछ । यद्यपि, वर्गसङ्घर्ष टुङ्गिइसकेको हुँदैन । समाजवादी बस्दोवस्त पुँजीवाद र साम्यवादबिचको सङ्क्रमणकालीन अवस्था हो । मुट्ठीभर पुँजीपतिहरूको शासनसत्ता ढालेर निर्माण भएको समाजवादी व्यवस्थामा पुँजीवादका अवशेष अझै बाँकी रहन्छन् । आफ्नो स्वराज फर्काउन पुँजीपति एवम् प्रतिक्रियावादी तत्त्वहरू समाजवादमाथि गाली गलौजमात्र होइन समाजवादको अन्त्यका निम्ति अनेक जालझेल तथा हमला गर्न तत्पर रहन्छन् ।

समाजवादी बन्दोवस्तमा कुनै बेला पुँजीपतिहरूको कब्जामा रहेका उत्पादनका मुख्यमुख्य साधनहरू सामाजिकीकरण गरिन्छ । बहुसङ्ख्यक श्रमजीवी जनताका निम्ति शिक्षा, स्वास्थ्य नि:शुल्कमात्र होइन व्यक्तित्व विकासमा समान अवसर प्रदान गरिन्छ । श्रमलाई माया गर्ने नागरिकहरू तयार गरिन्छ । उत्पादन श्रमसँग जोडिएको शिक्षा दिइन्छ । स्वदेशमै रोजगारीको बन्दोवस्त, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको व्यवस्था गरिन्छ । शिशुदेखि ज्येष्ठ नागरिकसम्मलाई हेर्ने दायित्व राज्यले बहन गर्छ । महिला र पुरुषबिचको असमानता, गाउँ सहरबिचको भेद, किसान र मजदुरबिचको भिन्नता, शारीरिक श्रम र बौद्धिक श्रमबिचको भिन्नता हटाउने प्रयासहरू हुन्छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा जनताको बलमा देशलाई आत्मनिर्भर बनाउने र सुसंस्कृत समाज निर्माण गर्ने एउटा अर्को क्रान्ति निरन्तर अघि बढ्छ ।

जनतालाई देशको सेवा गर्न र समाजवादप्रति समर्पित रहन प्रशिक्षित गरिन्छ । शिशुलाई शिशुस्याहार, युवालाई सैन्य तालिम एवम् अनुशासित जीवन र ज्येष्ठ नागरिकलाई आदरनिकेतन समाजवादी समाजकै सुन्दर पक्ष हुन् । बहुसङ्ख्यक श्रमजीवी जनता सुखी रहने यस्तो व्यवस्था साम्राज्यवादी र प्रतिक्रियावादी शक्तिलाई अस्वीकार्य हुनु स्वाभाविक हो । युगौँदेखि मजदुर किसानको रगत–पसिना चुस्न अभ्यस्त पुँजीपतिहरू पुँजीवादको पुनर्स्थापनाको निम्ति मौका छोप्ने षड्यन्त्र रोक्दैनन् ।

“समाजवाद अधिनायकवादी हुन्छ ।” “समाजवाद निरङ्कुश सैन्य शासन हो ।” “समाजवाद प्रशासनिक र आदेशात्मक हुन्छ ।” भन्ने जस्ता गलत हल्ला गरिन्छ । साम्राज्यवादी र प्रतिक्रियावादीहरू समाजवादी विचार पुरानो विचार हो भन्ने प्रचारबाजी गर्छन् । “समाजवादी समाज स्वतन्त्रता र प्रजातन्त्र नभएको अमानवीय समाज हो” भन्दै हिलो छ्याप्ने काम गर्छन् । यो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन तथा समाजवादी आन्दोलनमा देखापर्ने प्रमुख समस्या हो । संशोधनवादी र प्रतिक्रियावादी विचारविरुद्ध सङ्घर्ष त्यसकारण सामाजवाद रहेसम्म टुङ्गिँदैन । एउटा उदाहरण प्रजग कोरियाको समाजवादी बन्दोवस्त नै हो । कोरियाली मजदुर पार्टी र नेतृत्वले समाजवाद रक्षार्थ साम्राज्यवादी र प्रतिक्रियावादीहरूसँग गरेको सैद्धान्तिक सङ्घर्ष, तिनको गाली गलौजविरुद्धको सङ्घर्ष अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका निम्ति ऊर्जा या मार्गदर्शन हुन सक्दछ । “चुनावबाटै समाजवाद सम्भव छ, सशस्त्र क्रान्ति जरुरी छैन, कांग्रेस कम्युनिस्ट दुबैको समाजवाद एउटै हो, मार्क्सको समाजवाद पुरानो भैसक्यो” भन्ने नेपाली प्रतिक्रियावादी एवम् शासकहरूविरुद्धको सैद्धान्तिक लडाईंका लागि प्रजग कारियाको शिक्षा उपयोगी हुन सक्छ । यसका लागि नेता किम जङ इलको पुस्तिका “समाजवादलाई गालीगलौज असह्य छ” अर्थात् ‘Abuses of Socialism are Intolerable’ निकै पठनीय छ । पुस्तिकाको चर्चा सान्दर्भिक पनि होला ।




*समाजवादी व्यवस्थामा कोही असाध्यै धनी हुँदैन र कोही पनि गरिबी र बेरोजगारीले मर्नुपर्ने हुँदैन । सामूहिक, रचनात्मक क्रियाकलापले एक किसिमको स्वस्थ समाज निर्माण गर्ने प्रयास रोकिन्न । आजको युगमा मानिसलाई व्यक्तिवादबाट टाढा राख्नु नै एउटा महत्त्वपूर्ण सामाजिक दायित्व हो र एकका लागि सबै, सबैका लागि एकको भावना जरुरी छ भन्ने बोध पुस्तिकाले गराउँछ । त्यतिमात्र होइन, नयाँ पुस्तालाई वैचारिक चेतना दिनु सबैभन्दा महत्त्वपूर्ण कर्तव्य हो । वैचारिक चेतनाकै आधारमा मानिसका सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधि निर्धारण हुन्छन् । त्यही विचारले तिनलाई नि:स्वार्थी र निडर पनि बनाउँछ । त्यसकारण, प्रजग कोरियाले विचारधारात्मक क्रान्तिलाई जोड दियो, राजनीतिक शिक्षालाई जोड दियो ।*

संरा अमेरिकाले सदैव आफूलाई प्रजातन्त्र र मानवअधिकारको हिमायती ठान्छ । समाजवादी समाजमाथि कुनै पनि रूपको बम खसाल्नुलाई उसले आफ्नो धर्म ठान्छ । विश्वका विभिन्न देशमा समाजवादी व्यवस्थाको पतनको इतिहास लेख्ने संरा अमेरिका नै हो भन्दा अतिशयोक्ति नहोला । कतै षड्यन्त्र, कतै अवसरवादी र प्रतिक्रियावादीहरूलाई उक्साई, कतै हमला त कतै नाकाबन्दी गरेर संरा अमेरिकाले समाजवादी व्यवस्था तुहाउने प्रयास या कुकर्म आज पनि रोकेको छैन । सत्य के हो भने मार्क्सवाद र समाजवादी विचार सबैभन्दा शक्तिशाली भौतिकवादी चिन्तन हो । समाजवादी व्यवस्थाको अस्थायी हार हुन सक्छ तर विचारको प्रवाह रोकिन्न भन्ने विचार पुस्तिकाको हो । जस्तै कठिन परिस्थितिमा पनि साम्राज्यवादको मुकाविला समाजवादले नै मात्र गर्न सक्दछ भन्ने उदाहरण आजको विश्वमा समाजवादी देशहरू प्रजग कोरिया, क्युवा र चीन बन्न सफल छन् ।

समाजवादी व्यवस्था निरङ्कुश अधिनायकवादी हुन्छ भन्नु सही होइन । ‘अधिनायकवाद’ शब्दलाई एक समय फासीवादीहरूले प्रयोग गरे । हिटलरले जर्मनीमा र मुसोलिनिले इटालीमा ‘अधिनायकवाद’लाई फासीवादी तानाशाही शासनको वैचारिक ज्यावलको रूपमा परिभाषित गरे । जुन गलत थियो । तिनले त ‘राष्ट्रिय समाजवाद’ शब्द दिएर अन्धराष्ट्रवाद हुर्काए र साँचो कामदार वर्गीय आन्दोलनलाई निर्ममतापूर्वक दबाए । वास्तवमा अधिनायकत्वको अर्थ सर्वोच्च नेतृत्व हो । पुँजीवादी व्यवस्थामा मुट्ठीभर पुँजीपति, जमिन्दार, प्रतिक्रियावादी कर्मचारी, युद्धसरदारहरूको अधिनायकत्व रहन्छ । समाजवादी व्यवस्थामा बहुसङ्ख्यक कामदार जनताको अधिनायकत्व रहन्छ, बहुसङ्ख्यक जनताको शासन कसरी निरङ्कुश हुन सक्छ ?

समाजवादी व्यवस्था ‘सेनाको ब्यारेक जस्तै’ हुन्छ भन्नु पनि निरर्थक छ । मानिसको सामाजिक जीवन सामाजिक प्रणाली र विचारले अगाडि बढ्छ । समाजवाद सबैभन्दा प्रगतिशील र जनताको भित्री अकाङ्क्षा पूरा गर्ने सामाजिक बन्दोवस्त हो । यस्तो समाजमा मानिसले आत्मनिर्भर र अत्यन्त रचनात्मक जीवन उपभोग गर्न पाउँछन् । सामाजिक व्यवस्थामा मानिसको आफ्नो अनुशासन भने हुन्छ । अनुशासनलाई बन्धन मान्नु गलत हुनेछ । अनुशासित जीवन सुसंस्कारको द्योतक पनि हो ।

समाजवादी व्यवस्था निकै ‘प्रशासनिक या निर्देशनात्मक’ हुन्छ भन्नु पनि बेतुकको तर्क हो । पुजीवादी व्यवस्थामा पुँजीवादी बजार अर्थतन्त्र पुँजीपतिहरूको हातमा रहन्छ । समाजवादी अर्थव्यवस्था राज्य र सरकारको नियमनमा चल्छ । समाजवादको सौन्दर्य प्रजातान्त्रिक केन्द्रीयतालाई नियन्त्रण भन्न मिल्दैन । आर्थिक अनुशासन र आर्थिक समानताका लागि हुने राज्यको गतिविधि र केन्द्रीयताले देशको आत्मनिर्भरतालाई महत्त्व दिन्छ । भ्रष्ट कर्मचारी संयन्त्रलाई कारबाही गर्ने र अनुशासित बनाउने, देश र जनताप्रति इमान्दार बनाउने प्रयास राज्यबाटै हुन्छ । ती प्रयासलाई निर्देशन भन्न मिल्दैन । त्यसकारण प्रतिक्रियावादीहरूको मनगढन्ते आक्षेपहरू अस्वीकार्य छ भन्ने विचार यस पुस्तकमा छ ।

देशभित्र समाजवादी व्यवस्थाको निर्माणसँगै साम्राज्यवादी हमलाविरुद्ध सङ्घर्षको तयारी जरुरी हुन्छ । त्यसका लागि जनतालाई प्रतिक्रियावादीहरूको गलत प्रचारबाजीबाट जोगाउन र सिद्धान्तबारे जानकार बनाउन विचारधारात्मक क्रान्ति आवश्यक हुन्छ । ‘साम्राज्यवादी र प्रतिक्रियावादीहरू जनताका शत्रु हुन् । समाजवादमाथि घात गर्नु भनेको स्वाभिमानमाथिको छल हो, जनताको सेवा गर्नु नै उँचो समाजवादी मूल्य हो’ भन्ने विचारबाट जनतालाई प्रशिक्षित गर्नुपर्ने शिक्षा कोरियाली समाजवादी आन्दोलनको हो । समाजवादी व्यवस्थामा जनतानै राजनीति र सङ्गठनका अग्रणी हुन्छन् । अर्थात् जनप्रतिनिधिले समाजको हितमा आफ्नो जीवन समर्पण गरेका हुन्छन्. व्यक्तिगत इच्छाआकाङ्क्षा त्यागेर जनसेवामा समर्पित भएका हुन्छन् । समाजवादी क्रान्ति र व्यवस्थाको नेतृत्व क्रान्तिकारी एवम् कामदार पार्टी र विचारले गरेको हुनुपर्छ । प्रजग कोरियाली जनताको एउटा नारा नै छ -“हामी जनताको सेवा गर्छौं ।” जनताको यो अभिव्यक्ति या भावनालाई कोरियाली मजदुर पार्टीको झण्डामार्फत उँचो फहराइएको छ र हरदम जनसेवा कसरी गर्न सकिन्छ भन्ने चिन्तन पनि पार्टीले गर्दछ ।

समाजवादी व्यवस्था मानव इतिहासकै सबैभन्दा मानवीय व्यवस्था हो भन्ने तर्क पुस्तिकामा छ । मानिसले मानिसलाई गर्ने अन्याय, अत्याचार, शोषण, हिंसा, दमन र असमान व्यवहारको विकल्प नै समाजवाद हो । स्वतन्त्रतासँगै मानिसको उँचो सांस्कृतिक मूल्यसहितको जीवन समाजवादी व्यवस्थामा मात्र सम्भव छ । प्रतिक्रियावादीहरू ‘व्यक्तिगत स्वतन्त्रता’ हनन् हुने कुतर्क गर्छन् । वास्तवमा समाजको हितको लागि पटक्कै नसोच्ने र आफ्नो व्यक्तिगत स्वार्थको लागि मात्र बाँच्ने, धनसम्पत्तिको पछाडि दौडिने जोकोहीलाई मानिस भन्न सुहाउँदैन भन्नुहुन्छ, नेता किम । व्यक्तिगत स्वार्थविरुद्ध सामूहिक भावना या विचारनै समाजवादी मूल्य हो । व्यक्तिवादले समाजलाई कुरूप मात्र बनाउँदैन बरु अस्वस्थ बनाउँछ । अपराध, हिंसा र सामाजिक डकैतीहरू सबै व्यक्तिवादका परिणाम हुन् ।

समाजवादी व्यवस्थामा कोही असाध्यै धनी हुँदैन र कोही पनि गरिबी र बेरोजगारीले मर्नुपर्ने हुँदैन । सामूहिक, रचनात्मक क्रियाकलापले एक किसिमको स्वस्थ समाज निर्माण गर्ने प्रयास रोकिन्न । आजको युगमा मानिसलाई व्यक्तिवादबाट टाढा राख्नु नै एउटा महत्त्वपूर्ण सामाजिक दायित्व हो र एकका लागि सबै, सबैका लागि एकको भावना जरुरी छ भन्ने बोध पुस्तिकाले गराउँछ । त्यतिमात्र होइन, नयाँ पुस्तालाई वैचारिक चेतना दिनु सबैभन्दा महत्त्वपूर्ण कर्तव्य हो । वैचारिक चेतनाकै आधारमा मानिसका सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधि निर्धारण हुन्छन् । त्यही विचारले तिनलाई नि:स्वार्थी र निडर पनि बनाउँछ । त्यसकारण प्रजग कोरियाले विचारधारात्मक क्रान्तिलाई जोड दियो, राजनीतिक शिक्षालाई जोड दियो ।

देशको अर्थतन्त्र बलियो र शक्तिशाली अर्थात् आत्मनिर्भर बनाउनु अर्को चुनौती हो । सन्तुलित उत्पादन र वितरणको अर्थनीतिले बहुसङ्ख्यक कामदार जनताको आर्थिकस्तर उठ्छ भन्ने मान्यता छ । यथार्थमा समाजवादी अर्थतन्त्रको निर्माणविना समाजवादी व्यवस्था नै पूरा हुँदैन । निजी स्वामित्वविरुद्ध सामूहिकीकरण नै समाजवादी अर्थनीतिको मेरुदण्ड हो । पुँजीपतिहरू नाफातन्त्र र निजीकरणको नाममा भइरहेको शोषण अन्त्य गरी कामदारवर्गले निर्माण गर्ने अर्थतन्त्रमा सामूहिक श्रमदान र मिहिनेतको महत्त्व उँचो हुन्छ । देशअनुसार फरक फरक ढङ्गको अभ्यास या प्रयोग भए पनि विचारको आधार मार्क्सवाद नै हुनुपर्छ । मार्क्सवाद यो शताब्दीको पनि सबैभन्दा वैज्ञानिक र व्यावहारिक विचार हो भन्ने तर्क पुस्तिकाको हो । समाजवादी व्यवस्थामा मानिसको आर्थिक जीवन सामान्य र सामाजिक जीवन उँचो भएको हुनुपर्छ । शिक्षा र सांस्कृतिक पक्षमा मानिस निकै अगाडि बढेको हुनुपर्छ । जसरी ज्ञानको विकल्प ऐश्वर्य होइन त्यसरी नै समाजवादको विकल्प पुँजीवादको पुनर्स्थापना कदापि हुन सक्दैन । बरु मानिसकै शक्तिले, समाजवादकै शक्तिले साम्राज्यवादी विश्व कमजोर हुनेछ, ध्वस्त हुनेछ भन्ने विचार पुस्तिकाको हो । तसर्थ कम्युनिस्ट आन्दोलन या समाजवादी व्यवस्था निर्माणको आन्दोलनलाई गालीगलौज गर्नु भनेको आकाशतिर हेरेर सूर्यलाई थुक्नु जत्तिकै मूर्खता हुनेछ ।

कम्युनिस्ट आन्दोलनलाई जस्तै परिस्थितिमा निरन्तर अघि बढाउन ऊर्जा दिने प्रजग कोरियाली समाजवाद र नेतृत्वप्रति सम्मान छ । सन् १९९३ मा प्रकाशित यस पुस्तिका ३० वर्षपछि पनि उत्तिकै सान्दर्भिक र पठनीय महसुस हरेक पाठकलाई हुनेछ ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-१२

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो। यसका निष्कर्षहरूमा धेरै विद्वान् तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ। यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जीएसआई) बाट लिइएको हो। यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्र्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो। दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ। पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा लिखित टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने डेढ सयभन्दा बढी सन्दर्भ सामग्रीहरू दिइएको छैन। अनुवादक)*

**बुर्जुआ उदारवादी लोकतन्त्रको ढल्दो घाम**

अमेरिकाबाहिर बस्ने केही मानिसहरू अमेरिकामा सदिऔँदेखि प्रजातन्त्र रहिआएको र हालै मात्र त्यहाँ प्रजातन्त्र कुरूप भएको भ्रम पाल्दै आएका छन्। सन् १७७६ मा संरा अमेरिकी पुँजीका दुवै हाँगाले धनाढ्य गोराहरूलाई मात्र मताधिकारको हक छ भनी सुनिश्चित गरे। यीमध्ये एउटा हाँगाको नेतृत्व अलेक्जेन्डर ह्यामिल्टनले गरेका थिए भने अर्को हाँगाको नेतृत्व दासमालिक थोसम जेफरसनले गरेका थिए। सन् १७७६ पछि सम्पत्तिको अधिकार परम पवित्र अधिकार बन्यो र त्यसले अन्य सबै अधिकारमाथि नत्थी लगायो।

'वाक स्वतन्त्रता' लाई उत्पादनका साधन जसको हातमा छ तिनैको हातमा सीमित गरियो। कार्ल मार्क्स र फ्रेडरिख एँगेल्सले आफ्नो रचना 'जर्मन विचारधारा'(सन् १८४६) यी ती मान्छे हुन् जसको हातमा बौद्धिक उत्पादनका साधन छन्। त्यो भनेको छापाखानासँगै सुरु भएको मिडिया हो। कहीकहीँ 'वाक स्वतन्त्रता' जनसमर्थन नभएका वा व्यवस्थाका लागि खतरा नहुनेहरूलाई पनि दिइयो। पुँजीपतिवर्गको स्वार्थको विरोध गर्ने र जनसमर्थन आर्जन गर्ने सम्भावना भएका तप्कालाई दबाइयो, जेलनेल ठोकियो र आर्थिक प्रतिबन्ध लगाइयो। साथै कानुनको प्रयोग गरी तिनको हत्या गरियो। पुँजीवादी प्रजातन्त्र सदैव सम्पत्तिको अधिकार सुरक्षित राख्ने माध्यम मात्र थियो। बिसौँ शताब्दीमा आएर विश्वभरि समाजवादी आन्दोलनविरुद्ध आफूलाई जोगाउने क्रममा आफूमाथि परेको दबाबले गर्दा केही समयलाई काला जातिका जनतालाई अमेरिकाले मताधिकार दिएको थियो र वाक स्वतन्त्रता तथा अन्य नागरिक हकको देखावा बढाएको थियो।

अमेरिकी निर्वाचनमा सहभागी हुने दलहरूबारे विश्वभरि ठुलो भ्रम छ। अमेरिकाको डेमोक्रेटिक पार्टी र रिपब्लिकन पार्टी दुवै स्थापनादेखि नै 'मास पार्टी' वा सबैले सदस्यता पाउन सक्ने राजनीतिक दल होइनन्। यी दल मूलत: सम्पत्तिशाली सम्भ्रान्त तथा विभिन्न पेशा गर्ने तिनका वर्गीय साझेदारहरूका दल थिए। यिनको उद्देश्य व्यवस्थाको बचाउ गर्नु थियो। यो दुई दलीय अमेरिकी व्यवस्थामा तेस्रो तप्काको रत्तिभर प्रभाव थिएन। यी दुई तल सञ्चालन गर्ने डेमोक्रेटिक राष्ट्रिय समिति र रिपब्लिकन राष्ट्रिय समिति आफैमा गैरनाफामुखी र करमुक्त कर्पोरेसन थिए। सुरुमा यी कर्पोरेसनहरू पैसामा आधारित भोट जम्मा गर्ने मेसिन थिए। यिनले बेलाबेला हुने चुनावी प्रतिस्पर्धामा भोट तान्ने काम गर्थे। त्यसकारण यिनीहरू युरोपका जस्तो सदस्यतामा आधारित राजनीतिक दलभन्दा फरक छन्। नाम डेमोक्रेटिक र रिपब्लिकन जे भए पनि यिनीहरूको मुख्य काम आआफ्ना उम्मेदवार छनोटमा मत प्रभावित गर्नु हो। कुनै निश्चित निर्वाचन (उम्मेदवार छनोट) भन्दा पर गएर बहुमत जनताले अरू कसैको पक्ष लिन सक्दैनन्। त्यसकारण, झन्डै आधा अमेरिकी मतदाताहरूले आफूलाई राजनीतिक रूपमा स्वतन्त्र मान्छन् र कुनै प्रमुख दलसँग नजोडिएको बताउँछन्। वास्तवमा यी दुई दलमध्ये कसैले पनि सरकारमा जाँदा अमेरिकाका बहुसङ्ख्यक जनताको हित हेरेको पाइन्न।

अमेरिकाको स्वघोषित महानताको पाखण्डबारे लेखिएको एउटा तीक्ष्ण कविता ल्याङ्सटन ह्युजको हो। उनी लेख्छन् :

अमेरिकालाई फेरि अमेरिका बन्न देऊ  
यसलाई पुरानै सपना बन्न देऊ  
जुन घरमा उसले मुक्तिको सास फेर्न सक्छ  
त्यो बाटोमा यसलाई अग्रणी बन्न देऊ।  
(मेरा लागि अमेरिका कहिल्यै अमेरिका थिएन।)  
अमेरिकालाई स्वप्नदर्शीहरूको सपना बन्न देऊ  
यसलाई प्रेमको महान् र बलियो भूमि बन्न देऊ  
माथिल्लाले तल्लालाई कुल्चिने जहाँ  
न राजा न कुनै तानाशाह सल्बलाऊन्।  
(यो अमेरिका मेरा लागि कहिल्यै थिएन।)  
ए मेरो देशलाई त्यो भूमि बन्न देऊ जहाँ  
स्वतन्त्रता फोस्रो देखाउने दाँत नहोस्  
बरु अवसर वास्तविक हुन् र जीवन मुक्त होस्  
समानता हामीले फेर्न सास-सासमा होस्  
(मेरा लागि समानता कहिल्यै थिएन,  
यो 'मुक्तिको मातृभूमि' मा स्वतन्त्रता कहिल्यै थिएन )  
......



**ल्याङ्स्टन ह्युज**

कसले भन्यो मुक्ति भनेर ? के मैले भनिनँ ?  
मैले भन्दै भनिनँ ? आश्रममा बसेका लाखौं ले भनेनन् ?  
हामीले हडताल गर्ने बेला लाखौँलाई गोली लागेन ?  
के खल्तीमा चुना दाम नभएका लाखौँले भनेनन् ?  
हामीले देखेका सबै सपनालाई दिन  
हामीले गाएका सबै गीतलाई दिन  
हामीले देखेका सबै आशालाई दिन  
खल्तीमा चुनदाम नभएका लाखौँलाई दिन  
अमेरिकासँग आज  
मरणोन्मुख सपनाबाहेक केही छैन।  
(ल्याङ्स्टन ह्युज। ल्याङ्स्टन ह्युजका सङ्कलित कविता।न्युयोर्क। १९९४)

उत्तरी गोलार्द्ध र त्यसका आउरेबाउरेकहाँ बस्ने पुँजीपति वर्गको ठूलो हिस्सा सन् १९९१ मा सोभियत सङ्घको मृत्युपछि हर्षोल्लासमा मग्न रह्यो। तिनीहरूले आफैलाई 'इतिहासको अन्त्य' भएको भ्रममा राखे र एकध्रुवीय विश्व युगौँयुगसम्म जाने कल्पना गरे। संरा अमेरिकाले थालेको 'आतङ्कवादविरोधी युद्ध' सैन्यवादउपर समर्थन बटुल्ने गजबको विधि बन्यो।

**सन् २००६ देखि २००९ सम्म नौलो दृश्य देखापर्न थाल्यो :**

१. सोभियत सङ्घको विघटनपछि यल्सिनले भनेजस्तो रुस आणविक भन्डारमुक्त भएन। न स्थायी रुस सरकार अमेरिकाले भनेअनुसारको बाटोमा हिँड्यो। लगत्तै 'रुसमा असफल को भयो ?' भन्ने स्वाभाविक रोदन सुनियो।

२. संरा अमेरिकाका रणनीतिकारहरूले (एक अनैतिक र अवैज्ञानिक) विचार अघि सारे। अमेरिकाले सम्भावित अनिष्टको आशङ्कामा शत्रुलाई धुलो चटाउने गरी सुरुमै आणविक हमला गर्नसक्ने क्षमता बढाउनुपर्ने उनीहरूको राय थियो।

३. नेटोको लगातार पूर्वी विस्तार र आणविक रूपमा आफ्नो हात माथि पार्ने अमेरिकी दाबीकै बेला भ्लादिमिर पुटिनले सन् २००७ फेब्रुअरीमा म्युनिखलाई सम्बोधन गरे। उनले रुस अमेरिकी-बेलायती शिविरकै इसारामा हिँड्छ भन्ने भ्रमको अन्त्य गरे। मन्तव्यमा पुटिनले 'अन्तर्राष्ट्रिय मामिलामा झन्डै अनियन्त्रित र सेनाको उग्र प्रयोग' भएकोमा निन्दा गरे। संसारमा 'केवल एकजना मालिक वा सत्ताधारी' ले शासन गर्न नहुने उनको भनाइ थियो।

४. सन् २००७ मा नवीन अमेरिकी सुरक्षा केन्द्र नामक संस्थाको स्थापना भयो। यसबाट अमेरिकाको विदेश नीति तय गर्ने दुई सम्भ्रान्त खेमाको मिलन भयो। रिपब्लिकन दलका नव दक्षिणपन्थी र डेमोक्रेटिक दलका उदारपन्थीहरूले आपसमा हात मिलाए। दुवै मिलेर युक्रेनलाई प्रयोग गरी रुसलाई तत्काल तारो बनाउने रणनीति बनाए।

५. प्रचारमुखी नवफासीवादीहरूको नेतृत्वमा सन् २००९ मा टि पार्टी नामक दल खुल्यो। यसले निम्न पुँजीपति र कामदार वर्गको माथिल्लो तप्काको केही हिस्सा यसबाट प्रभावित भयो। (माथिल्लो वर्गको त्यो तप्कामा अधिकतर गोराहरू थिए।) प्रभावित हुने कामदार वर्गले धेरै आर्थिक प्रगति गरेको थिएन तर ऊ भएको सहुलियत गुम्ला भन्ने चिन्तामा थियो। यसबाट अमेरिकी व्यवस्थामा दसकौँदेखि व्याप्त कथित दुई पक्षीय समझदारीको अन्त्य भएको सङ्केत मिल्यो।

६. वित्तीयकरणले देखापरेका आर्थिक फोका सन् २००८ मा तेस्रो महामन्दीमा फेरियो। यो मन्दी सन् १९३० को दशकयताकै सबैभन्दा महत्त्वपूर्ण आर्थिक सङ्कट रह्यो।

७. चिनियाँ क्रान्तिलाई आत्मसमर्पण गराउन चीनमा कुनै गोर्भाचोभ नउदाउने झन् बढी प्रमाण देखियो।

८. 'एसियातिर धुरी' (पिभोट टु एसिया) वास्तवमा चीनविरुद्धको धुरी रह्यो। यो युरेसियाली क्षेत्रमा अमेरिकी नियन्यत्रण कायम गर्न तयार पारिएको नीति थियो।

पश्चिमा जगत तेस्रो महामन्दीले थल्लिँदै गर्दा चीनको अर्थतन्त्र तीव्र गतिमा फैलिँदै गयो। (यो मन्दीलाई हामी महामन्दी वा वित्तीय महासङ्कट मात्र भन्दैनौँ।)

सन् २०१६ मा कूल गार्हस्थ उत्पादनमा चीनले संरा अमेरिकालाई उछिन्यो। सन् २०३० सम्ममा चीनले चालु विनिमय दरमा आधारित गार्हस्थ उत्पादनमा समेत अमेरिकालाई उछिन्ने डर फैलियो। अमेरिकी शासक खलकले जवाफ दिने उपाय खोज्न थाल्यो।

विश्वभरि नवफासीवादी र चरम दक्षिणपन्थी दलहरू मौलाए। डेमोक्रेटिक राष्ट्रपति ओबामाले अघिल्लो रिपब्लिकन सरकारले भन्दा पनि प्रतिक्रियावादी घरेलु नीतिहरू अपनाए। निर्वाचनमा ट्रम्पको विजयले पुँजीपति वर्गको साझा स्वार्थमा आँच आयो र अमेरिकी राजनीतिक प्रणालीका सीमाहरूबारे मान्छेलाई सजग पार्‍यो।

अन्तर्राष्ट्रिय आँखाबाट हेर्दा यो दृश्यले विश्वभरि साम्राज्यवाद मानव जातिसामु उभिएको सबैभन्दा ठूलो खतरा हो भन्ने चेतना जगायो। नवउदारवादी अर्थनीतिको स्पष्ट विफलता तेस्रो महामन्दीको विषवृक्षमा झाङ्गियो। नवउदारवादी अर्थनीतिका कारण राज्यलाई पटके साक्षी मात्र राख्ने परिपाटी उल्ट्याउने नयाँ माहोल देखापर्‍यो।

| Country | Military | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | NATOyr. joined | NATO+ | Military spend adj. (mil.) | Military spend adj. per capita ; world avg. (times) | US Bases excl. US | Intra-Imperialist Deployments | Military Deployments to GS | Nuclear weapons power |
| United States | 1949 | Y | 1536859 | 12.6 | | 22 | 34 | Y |
| United Kingdom | 1949 | Y | 68463 | 2.8 | 25 | 8 | 24 | Y |
| Canada | 1949 | Y | 26896 | 1.9 | 2 | 6 | 7 | |
| Australia | | Y | 32299 | 3.4 | 17 | | 8 | |
| Israel | | | 23406 | 7.2 | 7 | | | Y |
| New Zealand | | Y | 2829 | 1.5 | | | 4 | |
| Total | | | 1690752 | | 51 | 36 | 77 | |
| Percentage of World | | | 0.589 | | | | | |
| *Source: Global South Insights elaboration based on SIPRI & Monthly Review, UN, World Beyond War, IISS* | | | | | | | | |

| Country | General | | | | | US Intelligence Relations | | |
|---|---|---|---|---|---|---|---|---|
| | UNyr. joined | Population (mil.) | GDP (PPP) (bil.) | Growth Rate 10 yr. annual moving avg. | GDP (PPP) per capita | 5 Eyes | 9 Eyes | |
| United States | 1945 | 338 | 25463 | 0.021 | 76343 | Y | Y | Y |
| United Kingdom | 1945 | 68 | 3717 | 0.015 | 54824 | Y | Y | Y |
| Canada | 1945 | 38 | 2265 | 0.018 | 58316 | Y | Y | Y |
| Australia | 1945 | 26 | 1629 | 0.024 | 62026 | Y | Y | Y |
| Israel | 1949 | 9 | 502 | 0.041 | 51990 | | | |
| New Zealand | 1945 | 5 | 266 | 0.031 | 51962 | Y | Y | Y |
| Total | 6 countries | 485 | 33843 | | 70326 | | | |
| Percentage of World | | 0.061 | 0.207 | | | | | |
| *Source: Global South Insights elaboration based on UN, IMF* | | | | | | | | |

तेस्रो महामन्दीका कारण सुरु भएको घटनाक्रमलाई राम्ररी बुझ्न हामीले त्यसअघिका ६० वर्षको विश्लेषण गर्नुपर्छ। सन् १९६४ मा रिपब्लिकन पार्टीका बेरी गोल्डवाटरले आम निर्वाचन हारे। उनी अति दक्षिणपन्थी सोचका पुँजीपति थिए। निर्वाचन हारे पनि उनले अति दक्षिणपन्थी विचारलाई रिपब्लिकन पार्टी र अमेरिकाको मूलधारमा हावी बनाउनमा उनी सफल रहे। सन् १९६८ को निर्वाचनमा डेमोक्रेटहरू रिचर्ड निक्सनसँग हारे। निक्सन रिपब्लिकन मध्यमार्गी थिए। उनले अमेरिकाको दक्षिणी भेगमा बसोबास गर्ने गोराहरूको मत बटुले र संस्थागत जातिवादमा आधारित नयाँ विभेदकारी व्यवस्थाको स्थापना गरे। त्यसपछिका वर्षहरूमा डेमोक्रेट र रिपब्लिकन दुवै पार्टी यही व्यवस्थाको पथमा हिँडिरहेका छन्। डेमोक्रेट पार्टीमा आन्तरिक विघटनको एउटा अवधि सुरु भयो। 'निर्वाचित हुने' र 'दुवै पक्षलाई तान्ने' विकल्प खुला राख्न उसले कुनै पनि किसिमको वामपन्थी झुकाव परित्याग गर्न थाल्यो। बरु उसले रिपब्लिकन दलको दक्षिणपन्थी धारलाई पनि उपयोग गर्न खोज्यो।

सन् १९८० को निर्वाचनमा रिपब्लिकन पार्टीको अति दक्षिणपन्थी सरकारको नेतृत्वमा रोनाल्ड रेगन आए। सन् १९८५ मा डेमोक्रेटिक नेतृत्व परिषद् (डिएलसी) नामक निजी कर्पोरेसनको स्थापना भयो। यससँगै डेमोक्रेटिक पार्टी नयाँ चरणमा प्रवेश गर्‍यो : नव डेमोक्रेट नेताहरूको उदय भयो। डिएलसीका केही पूर्व अध्यक्षमा डिक गेफार्ड, चक रब, साम नन र जो लिबरमानको नाम आउँछ। यी सबै सेनाबाट आएका अतिवादीहरू थिए। उनीहरूले सरकारको सार्वजनिक खर्चलाई सेनामा लगाउनुपर्ने विचार राख्थे। डिएलसी वामपन्थी विचारलाई परास्त गर्न सफल भयो। सन् १९९२ मा बिल क्लिन्टनलाई अमेरिकाको राष्ट्रपतिको उम्मेदवार छनोट गराउन सफल हुनु उसको सफलताको उत्कर्ष रह्यो।

वामपन्थी कुरा गर्ने र दक्षिणपन्थी पाइला चाल्ने क्लिन्टनले अमेरिकाको दक्षिणी भेगमा बस्ने गोराहरूलाई डेमोक्रेटिक पार्टीमा तान्न सक्ने डिएलसीको अपेक्षा थियो। उदाहरणको लागि, उनले प्रगतिशील मुद्दा जस्तो देखाएर लोककल्याणकारी नीतिविरुद्ध विभेदकारी नीतिहरू अघि सारे। यी नीति जातिवादी थिए। रोनाल्ड रेगनभन्दा कम मजदुरविरोधी भए पनि क्लिन्टनले राजनीतिक मञ्चमा 'मध्यमार्गी' देखिने डेमोक्रेटिक नीति अपनाएका थिए किनभने त्यतिबेला अमेरिकी राजनीति दक्षिणपन्थतिर ढल्किँदै थियो। 'मध्यमार्गी' जस्तो देखिएर डेमोक्रेटहरू नवउदारवादी अर्थनीतिको पनि नरम वा दयालु धारका रूपमा प्रस्तुत हुन चाहन्थे।

डेमोक्रेटिक र रिपब्लिकन पार्टीहरूले निजी कर्पोरेसनले जस्तो काम गर्छन्। तिनीहरूअनेक पुँजीपतिहरूबाट आफ्नो पालिन्छन् र त्यस कर्पोरेसनका सेयरधनी एवम् उच्च अधिकारीहरूको हितमा काम गर्छन्। डेमोक्रेट पार्टीको हकमा डेमोक्रेटिक राष्ट्रिय समिति ( डिएनसी) र अमेरिकी प्रगति केन्द्र ( सिएपी) कर्पोरेसनका दुई शाखा हुन्। यिनले आफ्ना लगानीकर्तालाई निर्वाचित अधिकारी बेच्छन्। निर्वाचित अधिकारी उनीहरूले बेच्ने उत्पादन हुन्। बेचिने यस्ता अधिकारीहरूमा जोन पोडेस्टा र डेब्बी वासरमान शुल्ज पनि पर्छन्।

निर्वाचित भएपछि टोनी ब्लेयर र हिलारी क्लिन्टन दुवै राज्यका लागि जुकासरी परजीवी बने। उनीहरूले

बाँकी पृष्ठ ८ मा

## ग्लोबल टाइम्स सम्पादकीय

# राष्ट्र सङ्घको पूर्ण सदस्यताको लागि प्यालेस्टिनको प्रस्तावमाथि संरा अमेरिकाले अब भिटो गर्नुहुँदैन

संयुक्त राष्ट्र सङ्घको पूर्ण सदस्यताको लागि प्यालेस्टिनको आवेदन फेरि एकपटक चरम चर्चाको 'स्प्रिन्ट' चरणमा प्रवेश गरेको छ भने विश्वले त्यसको नतिजालाई नजिकबाट हेरिरहेको छ । अप्रिल ११, २०२४ मा बन्द बैठकमा संयुक्त राष्ट्र सुरक्षा परिषद्का सदस्यहरू प्यालेस्टिनको प्रस्तावमा सहमतिमा पुग्न असफल भए । कूटनीतिक स्रोतहरूका अनुसार, अप्रिल १८ मा मतदान हुनसक्छ । सोमबार, संयुक्त राष्ट्र सुरक्षा परिषद्का अध्यक्षले प्यालेस्टिनको पूर्ण सदस्य बन्नका लागि नयाँ सदस्यहरूको प्रवेशको प्रस्ताव सुरक्षा परिषद् समितिमा पठाउनुभयो । सुरक्षा परिषद्मा १८ सदस्य देशका प्रतिनिधिहरू छन् । सुरक्षा परिषद्ले प्यालेस्टिनको सदस्यता आवेदनमाथि विचार गरेको १३ वर्षमा पहिलोपटक हो । यदि सुरक्षा परिषद्मा यसलाई कम्तीमा नौ देशहरूले अनुमोदन गरेमा र प्रस्तावविरुद्ध सुरक्षा परिषदका स्थायी सदस्यहरूले भिटो प्रयोग गरेन भने प्यालेस्टिनको प्रस्तावमाथि मतदानको लागि महासभामा पेश गरिनेछ ।




प्यालेस्टिनले २०११ मा पूर्ण सदस्यताको लागि आवेदन दिएको थियो, तर अमेरिकाले इजरायल र प्यालेस्टिनले एक सम्झौतामा पुग्नैपर्छ भनेर जोड दियो र आफ्नो भिटो प्रयोग गर्ने धम्की दियो । अन्ततः महासभामा पेश गर्नबाट आवेदन प्रस्ताव रोकियो । यो नवीकरण गरिएको आवेदनको लागि संरा अमेरिकाले फेरि आफ्नो भिटो शक्ति प्रयोग गर्ने सम्भावना छ । इजरायल र प्यालेस्टिनबिच ६ महिनादेखि चलिरहेको द्वन्द्वका बिचमा प्यालेस्टिनी नागरिकको बढ्दो हताहती र बिग्रँदै गएको मानवीय सङ्कटका कारण व्यक्तिगत राष्ट्रहरूको हस्तक्षेपका कारण प्यालेस्टिनको वैधानिक अधिकार र राजनीतिक स्थितिलाई जानाजानी उपेक्षा गर्न सकिँदैन ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्य, सिद्धान्त र सदस्यता प्रावधानहरूअनुसार प्यालेस्टिनले संयुक्त राष्ट्रको पूर्ण सदस्य राष्ट्र बन्नका लागि सबै शर्तहरू पूरा गरिसकेको छ । २०१२ मा संयुक्त राष्ट्र महासभाको ६७ औं सत्रले प्यालेस्टिनलाई गैर-सदस्य पर्यवेक्षक राज्यको दर्जा प्रदान गर्ने प्रस्ताव पारित गऱ्यो । अर्को शब्दमा भन्नुपर्दा प्यालेस्टिनले संयुक्त राष्ट्र सङ्घको ढोकामा एउटा खुट्टा राखिसकेको छ र अर्को खुट्टा बाहिर बनाइराख्न हुँदैन । प्यालेस्टिनले अहिलेसम्म १३८ देशहरूबाट औपचारिक मान्यता प्राप्त गरेको छ, जसको अर्थ प्यालेस्टिन पूर्ण सदस्य राष्ट्र बन्नु स्वाभाविक प्रगति हुनेछ ।

दुई राज्य समाधानका साथै इजरायल-प्यालेस्टिन द्वन्द्वको इतिहास र वास्तविकताको आधारमा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न प्यालेस्टिनको स्थापना र यसलाई संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्रको रूपमा स्वीकार गर्दा चरमपन्थी शक्तिहरूलाई नियन्त्रण गर्न, प्यालेस्टिन र इजरायलबिचको सहअस्तित्व र थप र ठूला त्रासदीहरूबाट बच्न वास्तवमै समान र शान्तिपूर्ण हासिल गर्न मद्दत पुग्नेछ । प्यालेस्टिन संयुक्त राष्ट्रको पूर्ण सदस्य बन्नु पनि सामूहिक प्रगति हो ।

लामो समयदेखि, प्यालेस्टिनी जनताको राज्यत्व, अस्तित्व र फिर्ताको अधिकारलाई बेवास्ता गरिएको छ, जुन इजरायल-प्यालेस्टिनको स्थितिमा बारम्बार अशान्तिको मूल कारण हो । प्यालेस्टिनलाई संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्रको रूपमा स्वीकार गर्नु अन्तर्राष्ट्रिय समुदायद्वारा द्वन्द्वका दुवै पक्षलाई उचित र न्यायोचित व्यवहार हो र अधिक प्यालेस्टिनी नागरिकहरू हताहत र पीडित हुनबाट जोगिनको लागि एक वैध उपाय हो ।

वर्षौंदेखि इजरायलले प्यालेस्टिनी राज्य र अन्तर्राष्ट्रिय हैसियतको मुद्दालाई हमासको मुद्दासँग जोड्दै आएको छ । तर, यो दृष्टिकोण झन्-झन् असहनीय बन्दै गएको छ । इजरायल र अमेरिका दुवैले हमासले सम्पूर्ण प्यालेस्टिनी जनसङ्ख्याको प्रतिनिधित्व गर्न सक्दैन भन्ने कुरा स्वीकार गरेका छैनन् तर प्यालेस्टिनको बहुसङ्ख्यक अधिकारलाई अस्वीकार गर्न हमासलाई बहानाको रूपमा प्रयोग गर्न जारी राखेका छन् । गाजामा इजरायलको सैन्य कारबाहीका कारण निम्त्याएको मानवीय सङ्कटको पर्दाफास भइरहेको बेला, प्यालेस्टिनको संयुक्त राष्ट्र सङ्घको सदस्यता अवरुद्ध गर्ने कारणको रूपमा हमासलाई प्रयोग गर्ने तर्क अब विश्वासयोग्य छैन । र इजरायलप्रति अमेरिकाको विशेष आग्रह दिगो हुँदै गइरहेको छ ।

प्यालेस्टिनलाई अन्तर्राष्ट्रिय समुदायको मान्यता र यसको वैध अधिकार र हैसियतको थप संरक्षण गर्नु एक अपरिहार्य प्रवृत्ति हो । स्वीडेन, चेक गणतन्त्र, हङ्गेरी, पोल्याण्ड, बुल्गेरिया, साइप्रस र रोमानियाजस्ता युरोपेली सङ्घका केही सदस्य राष्ट्रहरूले प्यालेस्टिनलाई मान्यता दिने घोषणा गरेपछि स्पेन, आयरल्याण्ड, माल्टा, स्लोभेनिया र अष्ट्रेलियाजस्ता देशहरूले भर्खरै आफ्नो इच्छा व्यक्त गरेका छन् । अन्तर्राष्ट्रिय समुदाय प्यालेस्टिनलाई थप मान्यता दिन र यसको वैध अधिकार र राजनीतिक स्थिति पुष्टि गर्न नयाँ चरणमा प्रवेश गर्दैछ ।

यो ध्यान दिन जरुरी छ कि संरा अमेरिकाले हालै दुई राज्य समाधानको लागि आफ्नो समर्थन पुनः पुष्टि गरेको छ । अब अमेरिकाले आफ्नो समर्थनको प्रतिबद्धतालाई व्यवहारिक कार्यका साथ पूरा गर्ने बेला आएको छ । प्यालेस्टिनको संयुक्त राष्ट्रको पूर्ण सदस्यताको आकाङ्क्षा वजनदार छ र संरा अमेरिकाले फेरि भिटो प्रयोग गर्नु कदापि हुँदैन । उसले ठोस कार्यहरूको साथ प्यालेस्टिनको वैध अधिकार र राजनीतिक स्थितिको सम्मान र संरक्षण गर्नुपर्छ ।

**स्रोतः ग्लोबल टाइम्सबाट**

**अनुवाद : प्रकाश**

# हिन्दू राष्ट्रको चिरफार

✍ **प्रभात पटनायक**



राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) हिन्दू राष्ट्र वा हिन्दू राज्य स्थापना गर्ने उद्देश्यका साथ स्थापना भएको सङ्गठन थियो । प्रश्न उठिहाल्छ, हिन्दू राज्य भनेको के हो ? अन्य धर्मको तुलनामा धर्म विशेषलाई प्राथमिकता दिने विश्वमा धेरै देश छन् अथवा धार्मिक राज्य पनि छन् । तर, धर्म विशेषलाई मान्दैमा ती राज्यको वर्गीय प्रकृतिमा कुनै अन्तर ल्याउँदैन । यसैगरी हिन्दू राज्य निर्माण नै भयो भने पनि राज्यका अधिकारीहरूले धर्मको नाममा शपथ त लेलान् तर त्यसले समाजको वर्गीय परिभाषामा कुनै फेरबदल आउनेछैन । विभिन्न कारणहरू केलाउँदा बरु त्यो राज्य आतङ्कमा आधारित अधिनायकतन्त्र हुने देखिन्छ । त्यसको भाग्य नयाँ र अझ बढी आक्रामक एकाधिकार पुँजीले लेख्ने देखापर्छ । कम्युनिस्ट इन्टरनेसनलका अध्यक्ष रहेका ज्योर्जी दिमित्रोभले इन्टरनेशनलको सातौं सम्मेलनमा फासीवादी राज्यको परिभाषा दिँदै भन्नुभएको थियो, "वित्तीय पुँजीको सबैभन्दा प्रतिक्रियावादी र प्रतिशोधी तप्काको आतङ्ककारी अधिनायकतन्त्र ।"

भारतको सन्दर्भमा भन्नुपर्दा हिन्दू राष्ट्र निश्चय नै फासीवादी राज्य हुनेछ । त्यो राज्यमा सबै सरकारी कार्य हिन्दू देवीदेवताको पुकारबाट सुरु हुनसक्छ । सबै सडक, रेल स्टेसन वा सहरको नाम फेरेर हिन्दुत्वका आदर्श बनेका मध्ययुगीन सम्राटहरूको नाम राखिन सक्छ; सबै शैक्षिक कार्य सरस्वती बन्दनाबाट सुरु हुनसक्छ र सरकारकै खर्चमा धेरैधेरै मन्दिरको निर्माण हुन पनि सक्छ । तर, यी सबै गर्दा पनि एक औसत हिन्दूको जीवनमा कुनै सुधार आउनेछैन । मुसलमान धर्मावलम्बीको मन जित्न टर्कीको इस्तानबुलस्थित प्राचीन चर्च हागिया सोफियालाई इर्दोगान सरकारले मस्जिदमा परिणत गऱ्यो । तर, त्यस कार्यले टर्कीका औसत नागरिकको जीवनमा कुनै सुधार आएन ।

अलि गहिरो विश्लेषण पनि गर्न सकिन्छ । पहिले त हिन्दूत्ववादीहरूको वर्तमान सरकारकै अनुभवलाई हेरौं । पछिल्लो दशकको तुलनामा अहिले भारतमा बेरोजगारीको अवस्था निकै नाजुक छ । भारतीय अर्थतन्त्र निगरानी केन्द्रका अनुसार सन् २००८ देखि सन् २०१९ बिच औसत बेरोजगारी दर ५/६ प्रतिशतबाट बढेर अहिले ८ प्रतिशतको हाराहारीमा पुगेको छ । अन्तर्राष्ट्रिय अभ्यासअनुसार सो संस्थाले घरमा गरिने बेतलबी काम, दर्ता नभएको काम र ( उत्पादनमा कामदारको सहभागितालाई दुरुत्साहन गर्न सक्छ भनेर) लामो समय काम नपाएर बेरोजगार भएपछि मन मारेर बसेका धेरै मानिसलाई अध्ययनको दायरामा ल्याउन्न । तर, हिन्दूत्ववादीहरूले नेतृत्व गरेको वर्तमान सरकारले जनताको खस्किँदो जीवनस्तर कुनै सुधार ल्याउन सकेन । उल्टो सरकारका प्रमुख आर्थिक सल्लाहकारले बेरोजगारीको मामिलामा सरकारले धेरै गर्न नसक्ने भनी खुलेरै घोषणा गरे । उनले आफ्नो अभिव्यक्ति फिर्ता लिएका छैनन् । भारत सरकारले उनलाई त्यो अभिव्यक्ति फिर्ता लिन पनि भनेको छैन । यसबाट उनको अभिव्यक्ति सरकारकै अभिव्यक्ति हो भनी बुझ्नुपर्छ । बेरोजगारी नै अहिले भारतीय कामदार जनताको बिचल्लीको मुख्य कारण हो । तसर्थ, भारतका कामदार जनतालाई सताइरहेको सबैभन्दा जल्दोबल्दो मुद्दामा भारत सरकारले सजिलै केही पनि नगर्ने भनी आफ्नो सोच स्पष्ट पारिसकेको छ ।

यसको अर्थ वर्तमान सरकारको कार्यकालमा जनताको दुःखकष्ट बढ्नेछ । यो सरकारले जाली अनुमानका आधारमा तयार पारिएको कूल घरेलु उत्पादनको प्रभावशाली वृद्धिदरको ढ्वाङ फुक्नेबाहेक अरू केही गर्नेछैन । अनि यसैलाई देखाएर सरकारले एकाधिकार पुँजीपतिहरूलाई 'विकास' को नाममा राज्यको धन दानदक्षिणामा बाँड्न सक्छ । त्यसपछि जनताको बढ्दो दरिद्रताको सक्कली चित्र उजागर गर्न खोज्नेहरू राज्यको कोपभाजनमा पर्न सक्छन् । हिन्दूत्ववादीहरू हाबी भएको निर्वाचित सरकारले यस्तै गर्ने हो भने भविष्यमा बन्न सक्ने हिन्दू राष्ट्रले जनताको भौतिक जीवनप्रति राज्यको उदासिनतालाई थप संस्थागत गर्नुसिवाय केही गर्नेछैन ।

यसैकारण, भावी हिन्दू राष्ट्र आतङ्कको प्रयोग गरी कायम हुने तानाशाही व्यवस्था बन्न जानेछ । सरकारको स्वरूप लोकतान्त्रिक नै भए पनि कामदार वर्गमाथिको सम्पन्न वर्गको शासनलाई राज्यले निर्बाध चल्न दिनेछ किनभने त्यो आफैँमा वर्गीय तानाशाही हुनेछ । अर्थात्, लोकतान्त्रिक स्वरूप असान्दर्भिक वा दोयम दर्जामा झर्नेछ भनेको होइन; बरु लोकतान्त्रिक स्वरूपलाई वर्गीय तानाशाहीले सुरक्षितरूपमा थन्काएर राख्नेछ । त्यो वर्गीय तानाशाहीमा जनताको जीवनस्तर खस्किँदै जाँदा राज्य केही नगरी बस्यो भने जनताको असन्तोष बढ्ने छ र त्यो तानाशाही हुकुमले सरकारको लोकतान्त्रिक स्वरूपको घाँटी थिच्दै जानुपर्नेछ । उसले जनअधिकार र शासनकलाका लोकतान्त्रिक संस्थानहरूलाई मिच्दै र कुल्चिँदै जानुपर्नेछ ।

हिन्दू राष्ट्र बन्यो भने त्यो एकाधिकार पुँजीको अनुकम्पामा वर्गीय अधिनायकतन्त्रको रूपमा रहनेछ । त्यसले नवउदारवादी नीतिको परिधिभित्र रहेर काम गर्नेछ किनभने एकाधिकार पुँजीपतिले नवउदारवादसँग घाँटी जोडेको छ । यसले गर्दा कामदार जनताको दुःखकष्ट झन् बढ्नेछ किनभने यो नवउदारवादी सङ्कटको बेला हो । यस्तो स्थितिमा सम्भावित हिन्दू राष्ट्र आतङ्कको प्रयोग गर्ने अधिनायकतन्त्रमा फेरिनै पर्नेछ ।

यही कारण एकाधिकार पुँजीपतिको एउटा ठुलो जमातले हिन्दू राष्ट्रको योजनालाई अँगाल्ने सम्भावना छ । आतङ्कसँगसँगै साम्प्रदायिक तित्ततामा घिउ थपिनेछ; धार्मिक अल्पसङ्ख्यकहरूलाई 'पराइ' बनाइनेछ । हिन्दू राष्ट्रको निर्माणसँगै यो प्रक्रियाले मलजल पाउनेछ । एकाधिकार पुँजीको आतङ्कलाई प्रयोग गरी चलाइने अधिनायकतन्त्र अर्को अर्थमा हिन्दू राष्ट्रभित्रको हिन्दू सर्वोच्चता साबित हुनेछ; त्यहाँ हिन्दू सर्वोच्चता संस्थागत हुनेछ । त्यही भएर सुरुमै हामीले हिन्दू राष्ट्र निश्चय नै एकाधिकार पुँजीको कृपामा आतङ्क प्रयोग गर्ने तानाशाही व्यवस्था हुनेछ भनेका हौँ ।

आतङ्कको प्रयोग गर्नु र हिन्दू सर्वोच्चताको राँको बाल्नु दुवैसँग तेस्रो पक्ष पनि गाँसिएको छ । हिन्दू राष्ट्रले कार्यकर्ता परिचालन गरेर सामाजिक प्रतिक्रान्तिको द्वार खोल्नेछ । बिसौँ शताब्दीमा भारतमा दुई समानान्तर आन्दोलन चले । पहिलो उपनिवेशवादविरोधी सङ्घर्ष थियो भने दोस्रो जातिप्रथामा आधारित सामन्ती समाजमा हजारौँ वर्षसम्म उत्पीडनमा परेका जनताको मुक्ति सङ्घर्ष थियो । एउटा आन्दोलनका धेरै नेताले अर्को आन्दोलनप्रति व्यक्तिगतरूपमा सहानुभूति नराखेको हुनसक्छ । तर, जनताको तहमा दुवै आन्दोलनमा अन्योन्याश्रित सम्बन्ध थियो । वामपन्थी आन्दोलनले यो सह-सम्बन्धलाई अभिव्यक्ति दिएको थियो ।

यो जुम्ल्याहा आन्दोलनकै परिणामस्वरूप भारतमा गहिरो सामाजिक रूपान्तरण आयो । पक्कै पनि यो रूपान्तरण अविराम अघि बढेन; यसलाई पुँजीवादी सीमारेखाले थिचिरह्यो । यद्यपि, सामाजिक रूपान्तरणले प्रस्ट देखिने पाइला चालेकै हो । यसको एउटा उदाहरण हेरौँ ।

२० औँ शताब्दीको आरम्भमा आज केरला राज्य रहेको भेगमा 'अछूत प्रथा' मात्र होइन 'अदेखा प्रथा' पनि थियो । यसको अर्थ 'उच्च' जातको व्यक्तिले तल्लो जातको व्यक्तिलाई देख्यो भने पनि बिटुलो हुन्छ भनिन्थ्यो । त्यो समयलाई आजको केरलासँग दाँज्दा मानव विकास सूचकाङ्कका हिसाबले केरला अधिकतर तेस्रो विश्वका देशहरूभन्दा धेरै माथि छ । यति मात्र होइन केरलालाई प्रायः विकसित पुँजीवादी देशसँगै तुलना गरिएको पाइन्छ । यसबाट हामी यहाँ भएको सामाजिक परिवर्तनको गहिराइ बुझ्न सक्छौँ । निश्चय नै केरला अरूभन्दा धेरै फरक छ; केरलाभन्दा थोरै सही भारतभरि नै थोरधेर सामाजिक परिवर्तन आएकै हो ।

हिन्दूत्वको सत्तारोहणलाई यी रूपान्तरणहरू उल्ट्याउने भित्री आश्वासन र वास्तविक प्रयासले पनि सघाएका छन् । राजनीतिक र सामाजिक वृत्तमा उसले यो रूपान्तरणलाई उल्ट्याएको छ । जनतालाई राजनीतिकरूपमा शक्तिसम्पन्न तुल्याएको लोकतन्त्रको हुर्मत लिएर र धर्मनिरपेक्षता घटाउँदै लगेर यसो गरिएको कसैबाट लुकेको छैन । यो उल्ट्याइ सर्वत्र फैलिँदै छ । उदाहरणको लागि हिन्दूत्व नेतृत्वको नवउदारवादी सरकारले निजीकरणलाई बढावा दियो । शिक्षामा मात्र निजीकरण भएको होइन, सामाजिकरूपमा वञ्चित समुदायलाई रोजगारी र अवसरबाट च्युत गरियो । यो चल्तीको भन्दा ठीकविपरीत कार्य हो ।

नवउदारवादी अर्थनीतिबाट लाभ उठाउँदै आएको उच्च मध्यमवर्गले आफूलाई कामदार जनसमूहबाट अलग्याउँदै लग्यो; साथै जनसमूहप्रतिको सहानुभूति घटाउँदै गयो । यो वर्ग अहिले प्रतिक्रान्तिको समर्थक बनेको छ । यसको अर्थ हिन्दूत्वको सत्तारोहण भारतमा धेरै वर्षदेखि चल्दै आएको सामाजिक रूपान्तरणको अवरोहण वा ऱ्हाससँग जोडिएको छ । हिन्दू राष्ट्रसँगै सच्चा प्रतिक्रान्ति गतिमान हुनेछ ।

कसैको शब्द पछाडि लाग्नु भ्रमपूर्ण हुनसक्छ । हिन्दू राष्ट्र यसको बलियो उदाहरण हो । हिन्दूत्ववादी शक्तिको प्रचारतन्त्रले हिन्दू राष्ट्र हिन्दूहरूको मुक्तिको दिन हुने फलाक्दै आएको छ । यसको उल्टो हिन्दू राष्ट्र खोल ओढेको तानाशाही व्यवस्था हुनेछ र त्यसले एकाधिकार पुँजीको स्वार्थसिद्ध गर्नेछ; सङ्कटबाट गुज्रिरहेको नवउदारवादी व्यवस्थालाई मालामाल बनाउनेछ । बहुसङ्ख्यक जनताको भलो गर्नु त परेको कुरा हिन्दू राष्ट्रले प्रतिक्रान्तिकारी छाल ल्याउनेछ । त्यो छालले गत शताब्दीमा भारतीय जनताले हासिल गरेको सामाजिक र राजनीतिक उपलब्धिलाई उल्ट्याउनेछ । तसर्थ, किसान जनसमूहसँग मिलेर हिन्दू राष्ट्रतर्फ चालिने एक-एक पाइलालाई रोक्नु आज भारतीय कामदारवर्गको ऐतिहासिक अभिभारा हो ।

*(एमआर अनलाइन । सम्यक)*

# पथप्रदर्शकहरू पनि राष्ट्रिय अन्तर्राष्ट्रिय जानकार हुनुपर्ने




भक्तपुर । “पथप्रदर्शकहरूले कुनै स्थानको भूगोल र संस्कृतिबारे जानकारी राख्न जरुरी हुन्छ । बेलायत र फ्रान्सको क्रान्ति र अमेरिकी स्वतन्त्रता आन्दोलनबारे पनि पथ प्रदर्शकहरूले अध्ययन गर्नु आवश्यक छ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले बिहीबार भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिको आयोजनामा सम्पन्न स्थानीय पथप्रदर्शकहरूको भेला तथा नयाँ वर्ष २०८१ साल र बिस्केट जात्राको शुभकामना आदानप्रदान कार्यक्रममा बताउनुभएको हो ।

गरिब देशको कच्चा सामान र बजार कब्जा गर्न साम्राज्यवादीहरूबिचको होडबाजीको कारण पहिलो र दोस्रो विश्वयुद्ध भएको धारणा उहाँले व्यक्त गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, “समाजवादमा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण वा राष्ट्रियकरण हुन्छ । समाजवादी व्यवस्थाको सुरुमा पुँजीवादी व्यवस्थाको खराबी बाँकी रहनेछ । पुँजीवादी संस्कार भएकाहरूलाई समाजवादी विचारबाट प्रशिक्षित गर्नु जरुरी हुन्छ ।”

“नेपालमा कम्युनिस्ट दाबी गरेकाहरू सरकारमा गएर पुँजीपति वर्गको सेवा गर्दै छन् । युरोप र अमेरिकाका दास व्यापारीहरूले अफ्रिकीहरूलाई दास बनाएर व्यापार गरेझैँ दुईसय वर्षपछि नेपालमा सरकारमा गएका दलहरूले नेपाली युवालाई म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीको नाममा नेपाली युवालाई १७१ देशमा सस्तो ज्यामीको बन्न पठाउँदै छन्”, उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीदेखि २०४७ सालपछि इन्डिया बस्न गएका राणाहरूको लागि चेलीबेटी बेचबिखन र अहिले दिनको सात हजार नेपालीलाई विदेश पठाउने सरकारी नीतिको विरोध गर्दै आएको सांसद सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “पर्यटक पथप्रदर्शकहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय जानकारीमा राख्नु उचित हुन्छ ।”

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका संयोजक रवीन्द्र ज्याख्वले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न पथप्रदर्शकहरूले सही सूचना प्रदान गर्नुका साथै पर्यटकहरूको मनछुने तरिकाले व्याख्या र विश्लेषण गर्नुपर्ने बताउनुभयो । पथप्रदर्शकको अध्ययन गर्ने बानी बसाल्न समय समयमा परीक्षा र पुनर्ताजगी कार्यक्रमहरू गर्नुपर्ने उल्लेख गर्दै उहाँले पर्यटकहरूको बसाइँ लम्ब्याउन पथप्रदर्शकहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो ।

भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक गौतमप्रसाद लासिवाले पथप्रदर्शकहरूले व्यक्तिगत स्वार्थभन्दा सामूहिक हितमा ध्यान दिनुपर्नेमा जोड दिँदै सानो सानो लोभमा फसेर सामूहिक र संस्थागत लाभलाई हानि हुने काम गर्न नहुने बताउनुभयो । उहाँले पथप्रदर्शकहरू शिक्षित र सचेत हुनुपर्ने बताउनुभयो । उहाँले पुराना पथप्रदर्शक साथीहरूले अध्ययन र आफ्नो काममा निखार नल्याए नयाँ पथप्रदर्शकहरूले विस्थापित गर्ने सम्भावना हुन्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितका अध्यक्ष दिपेशराज शर्माले पथप्रदर्शकहरूको कार्यलाई थप व्यवस्थित गर्न दण्ड र पुरस्कारको व्यवस्था पनि हुने र आफ्नो व्यक्तित्व विकासको लागि आफैँ सक्रिय हुनुपर्ने र बोलीबचन नरम र सरल हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका सदस्य मञ्जु लाखा र पथप्रदर्शक प्रमेश लाखाले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

# शिक्षक दिवस मनाइयो : नैतिक सङ्कटका कारण देशमा आर्थिक मन्दी




भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा बिहीबार प्रवचन कार्यक्रम गरी ४५ औँ शिक्षक दिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शासक दलहरूले जस्तोसुकै दुर्दशा भोगे पनि अन्तत: पदकै निम्ति तिनीहरूबिच हानठाप भइरहेको बताउनुभयो ।

अपराधलाई राजनीतीकरण र राजनीतिलाई अपराधीकरण गरिरहेका शासक दलहरूले भ्रष्टाचार र आर्थिक अनियमिततालाई निरन्तरता दिइरहेको उहाँको भनाइ छ ।

सांसद गोसाईले भन्नुभयो, “इज्जत, प्रतिष्ठा, नैतिकता, सिद्धान्त र विचारको सङ्कट भएकै कारण शासक दलहरूबाट देशमा आर्थिक मन्दी थपिएको हो । समुदायले बुझ्ने गरी, समाजले अनुभव गर्ने गरी शिक्षकहरूले सहभागितामूलक र अन्तरक्रियात्मक छलफल कार्यक्रमहरू ल्याउनुपर्छ ।”

विद्यार्थीहरूमा कक्षा १२ पछि विदेश जाने लहर चल्नुमा शासक दल, अभिभावक र शिक्षकहरूको पनि कमजोरी रहेको औँल्याउँदै उहाँले अङ्कको जोड घटाउतिर लागे जोसुकैले दु:ख पाउने भएकोले शिक्षकहरू सभ्य र उत्कृष्ट समाज निर्माणको लागि अग्रसर हुनुपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घका केन्द्रीय सहसचिव जगन्नाथ सुजखुले शिक्षक सङ्घले मावि तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क गर्न जोड दिए पनि हालसम्म सरकारले वास्ता नगरेको बताउनुभयो ।

उहाँले अग्रजहरूबाट भएको शिक्षक सङ्घर्ष र आन्दोलनबाट हासिल गरेको उपलब्धिलाई कदर गर्दै शिक्षा क्षेत्रमा असल र सक्षम शिक्षकको आवश्यकता रहेको चर्चा गर्नुभयो ।

बासु मा.वि.का प्रअ अम्बिका न्याइच्याईले वि.सं २०२८ सालको शिक्षा ऐनलाई टेकेर काम गरिरहेका शिक्षकहरूलाई शिक्षा विधेयक २०८० ले अप्ठ्यारो पारेको धारणा राख्दै नि:स्वार्थ र प्रविधिमैत्री शिक्षाका लागि अध्ययनको परम्परालाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष गणेशराम थुसाले शिक्षक सङ्घर्षमा अग्रजहरूको योगदानलाई कदर गर्दै उहाँले शिक्षकको सीप र साधनलाई देश र जनताको हितमा सही सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

राजन लाखा, घनश्याम खड्कालगायतले बोल्नुभएको कार्यक्रममा जोरपाटी माविका प्रधानाध्यापक हरिप्रसाद ढकालले कविता वाचन गर्नुभएको थियो ।

# राजनीतिक कार्यकर्ता चाड पर्वमा पनि सचेत र सजग रहन जरुरी

भक्तपुर । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा डकर्मीहरूबिच बिस्का जात्रा तथा नयाँ वर्ष २०८१ को अवसरमा राजनीतिक प्रशिक्षण एवम् डकर्मी सङ्घको भित्तेपात्रो २०८१ नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष उपेन्द्र सुवालले विमोचन गर्नुभयो ।

उक्त कार्यक्रममा उहाँले नेमकिपाले कार्यकर्ताहरूलाई चाडपर्वमा पनि राजनीतिकरूपमा सुसूचित गरी सचेत र सतर्क रहन प्रशिक्षण दिने कार्य गरिरहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा पुन:निर्माण तथा खेलकुद क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै देशकै सेवा गरिरहेको चर्चा गर्दै उहाँले नगरपालिकाले स्थानीय बेरोजगार युवाहरूलाई लक्षित गरी युवा उद्यमशीलताको प्रशिक्षण, आर्थिकरूपमा कमजोर युवाहरूलाई उद्यमशील ऋण प्रवाह गर्ने योजना भएको, उत्कृष्ट जेहेनदार विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी सङ्घ जिल्ला समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति विष्णुराम दुमरुले आगामी वैशाख १५ गते बृहत् डकर्मी भेलाको कार्यक्रम हुने जानकारी दिँदै शुभकामना व्यक्त गर्नुभयो ।

# बझाङ कालुखेतीमा नेमकिपाको निर्वाचन प्रचार

बझाङ । खप्तड छान्ना गापा वडा नं ५ कालुखेतीमा स्थानीय जनताको भेला गरी नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम गरियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बझाङ जिल्लाको प्रदेशसभा सदस्यको निर्वाचन क्षेत्र नम्बर ‘क’ का उम्मेदवार खगेन्द्रबहादुर शाहीले नयाँ वर्ष २०८१ को शुभकामना व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारालाई मार्गनिर्देशन सिद्धान्त मानी काम गरिरहेको चर्चा गर्दै निर्वाचनबाट समाजवाद नआउने भएकोले कामदार जनता राजनैतिकरूपमा सचेत र सङ्गठित भई अगाडि बढ्नुपर्छ भन्नुभयो ।

हामीले निर्वाचनलाई हारजितभन्दा पनि जनताको चेतना स्तर नाप्ने ब्यारोमिटरको रूपमा लिने स्पष्ट पार्दै उहाँले वास्तवमा निर्वाचन घोषणापत्रको लडाइँ हुनुपर्ने हो तर शासक दलले जनतालाई खरिद बिक्रीको वस्तु बनाएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कैलालीका अध्यक्ष रमेशकुमार रावलले निर्वाचनबाट निर्वाचित शासक दलका प्रतिनिधिहरूले देशघाती सन्धि सम्झौता, कोसी, गण्डक, महाकाली, अपर कर्णाली अरुण, नागरिकता विधेयक, एसपीपी र एमसीसी सम्झौता गरी विदेशीको उठबसमा चल्ने पार्टीलाई होइन, देशभक्त पार्टी नेपाल मजदुर किसान पार्टीको मादल चिह्नमा भोट हाल्न अनुरोध गर्नुभयो ।

पुँजीवादी व्यवस्थाको ठाउँमा समाजवादी व्यवस्था ल्याउन सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कामदारवर्गको हितमा संविधान बनाउन राजनीति गरेको हो भन्नुभयो । नेमकिपा कञ्चनपुर सदस्य मिनु गिरीले अरु पार्टी र नेमकिपामा फरक रहेको प्रस्ट पार्नुभयो ।

भेलाले धर्म गिरीको अध्यक्षतामा ५ सदस्यीय नेपाल क्रान्तिकारी युवा सङ्घ खप्तड छान्ना गापा वडा नं ५ कालुखेती सम्पर्क समिति गठन गरेको छ ।

चैत २८ गते जयपृथ्वी नगरपालिका वडा नं ४ गोलाइ, भिरमुनि पानकोटमा र २९ गते वडा नं १० चैनपुर बजारमा चुनावी प्रचारप्रसार गर्न उम्मेदवार खगेन्द्रबहादुर शाहीले नेपाल मजदुर किसान पार्टीको चुनाव चिह्न मादलमा छाप हाल्न आग्रह गर्नुभयो । कैलाली अध्यक्ष रमेशकुमार रावल र कञ्चनपुर सदस्य मिनु गिरीले पनि बोल्नुभएको थियो ।

उग्र...

करोडौँ डलर कमाए र पुँजीपति वर्गको उपल्लो खुड्किलोमा पुगे । हिलारी क्लिन्टनसँग फोनवार्ता गरेका वा उनलाई भेटेका निजी स्वार्थ समूहका कम्तीमा ८५ देखि १५४ जना व्यक्तिले क्लिन्टन फाउन्डेसनलाई १५ करोड ६० लाख डलर दान दिएका थिए । त्यसबेला क्लिन्टन राष्ट्रपति ओबामाको सरकारकी परराष्ट्रमन्त्री थिइन् ।

डिएनसीको व्यापारशैलीमा फरक विचारका चुनावी पक्षलाई हातमा लिइन्छ र अनेक सामाजिक तह-तप्का, समुदाय र आन्दोलनमा संलग्न जनमतलाई आफू अनुकूल बनाइन्छ । आजका मितिमा डेमोक्रेटिक पार्टीलाई मतदान गर्ने जनताको स्वार्थ र डेमोक्रेटिक पार्टीका चन्दादाताहरूको स्वार्थबीच आकाश-पातालको अन्तर छ । यहाँ ठाउँ अपुग हुनाले यसबारे विस्तृत चर्चा गरिन्न । यद्यपि के कुरा खुलाउनैपर्छ भने वर्तमान ‘उद्यमी प्रजातन्त्र’ मा पुँजीपतिहरू र तिनका विविध समूहबीचको प्रतिस्पर्धाको अवधारणा तथा बजारमा जस्तै भोट बटुल्ने होडबाजीको इतिहासको थालनी जोसेफ शुम्पिटरबाट हुन्छ ।

बितेका बीस वर्षमा वैचारिक रूपमा रिपब्लिकन पार्टी बदलिएको छ । सन् २००९ मा टि पार्टीको उदयसँगै नवफासीवादी विचारधारा फस्टाउँ दै छ भने नेतृत्व झन् बढी सुदृढ बन्दै छ । रिपब्लिकन पार्टीभित्र आन्तरिक मतभेद मात्र छैन, उसले निम्न मध्यम वर्गभित्रको ठलो हिस्सालाई झन् बढी कट्टर र दक्षिणपन्थी बनाउँदै छ । यसले गर्दा बुर्जुआ उदारवादी लोकतन्त्रलाई अझ अस्थीर बनाउँदै छ ।

पहिलेका जाति, वर्ग, लिङ्ग र अन्य सामाजिक पहिचानका अन्तर्विरोधलाई अति दक्षिणपन्थीहरू र डिएनसी कर्पोरेसन दुवैले फरक स्वार्थका लागि चर्काउँदै छन् । अमेरिकाका विभिन्न तह र तप्काबीचको सामाजिक विभाजन झन् चर्किएको छ । अमेरिका गृहयुद्धतिर धकेलिँदै छ भन्ने बढाइचढाइ दाबीले मान्छेको ध्यान भड्काउँदै छ । क्यालिफोर्निया राज्य अमेरिकाबाट अलग्गिनलाई कुनै आर्थिक आधार देखिँ दैन । हाल अमेरिकामा गृहयुद्धअघिको जस्तो माहोल छैन ।

सन् १९७० बाट अमेरिकी कामदार वर्गले अमेरिकाको विश्व वर्चस्वका कारण बढेको धनको अत्यन्त सानो भाग मात्र हात पारेको छ । लाखौँ अमेरिकी बालबालिका अझै पनि खाद्यान्न असुरक्षाका सिकार छन् । तिनका आमाबाबुहरू अनिश्चित रोजगारी र असुरक्षित जीवनबाट पीडित छन् । अमेरिकामा उल्लेख्य जानसङ्ख्यात्मक परिवर्तन भइरहेको छ । सन् २०४५ सम्ममा अमेरिकाभित्र गैर हिस्पानिक गोराहरू अल्पमतमा झर्ने देखिन्छ । यसकारण अमेरिकाको जातिवादी पुँजीवादमा बढ्दो रोजगारीबाट आउने तलबले बाँच्न पनि धौधौ छ । अमेरिकामा उल्लेख्य जनसाङ्ख्यिक परिवर्तन आउँदै छ । सन् २०४५ सम्ममा अमेरिकाका गैर हिस्पानिक गोराहरू अल्पसङ्ख्यामा झर्ने अध्ययनले देखाएको छ । यसकारण पनि अमेरिकाको जातिवादी पुँजीवादमा जातीय पृथकीकरण र रङ्गभेद समेत देखिएको बुझ्न सकिन्छ ।

आत्ममोह, निराशावाद, शून्यवाद र भाग्यवाद अहिले उत्तरी गोलार्द्धको झन्झन् दिशाहीन भइरहेको पुँजीवादको मूल विशेषता बन्न पुगेको छ । बुर्जुआ उदारवादी लोकतन्त्रका परम्परागत पासोहरू पुँजीको आवश्यकताका लागि बाधक बन्दै छन् । बिडम्बना, पुँजी आफै आत्मनिषेधको प्रक्रियामा अल्झिएको छ ।

अमेरिकाको राजनीति प्रणालीभित्रका यी दरारहरू अमेरिकी कामदार वर्गका लागि पनि महत्त्वका छन् । अमेरिकी कामदार वर्ग क्रान्तिकारी क्षमताको विकासमा समान ढङ्गले विकसित छैन । उसको अघिल्तिर ठूला खतरा र अवसर दुवै छन् । ‘स्थिति बिग्रे झन् राम्रो’ भन्ने भ्रम राख्नु ठिक होइन ।

उदारवादी लोकतन्त्रमा आएको ज्हाससँगै जकार्तादेखि स्तानबुलसम्म र जोहानेसबर्गदेखि डेस मोइनस, आइवासम्मका करोडौँ युवाहरू अहिले नैतिक, जातीय, धार्मिक र राजनीतिक आक्रोशमा आधारित राजनीतिमा हुर्किँदै छन् । आफ्नो विश्वव्यापी भूराजनीति, आर्थिक र वर्चस्वशाली सैन्य भूमिका कारण अमेरिकाले तिनलाई निर्ममतापूर्वक दबाउँदै छ । संरा अमेरिका खस्किँदो वर्चस्वकारी शक्ति हो । ऊ घाइते छ; त्यसकारण पनि घातक छ ।

**अनुवाद : सम्यक**

## बिस्का जात्रा पहिलो दिन शान्तिपूर्ण : सद्भाव र्‍याली सम्पन्न

# काठमाडौँ उपत्यका नेपालको सांस्कृतिक केन्द्र




भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा यस वर्षको बिस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न मङ्गलबार सद्भाव र्‍याली भयो । सो दिनको बिस्का जात्रा (द्योक्वहाँ विज्याइगु) शान्तिपूर्णरूपमा सम्पन्न भयो ।

भक्तपुर नगरको वडा नं. ९ स्थित दत्तात्रय र वडा नं. १ स्थित इनागबाट सुरु भएको र्‍याली बजार परिक्रमा हुँदै भैरवको रथ तान्ने पुरातात्त्विक स्थल टौमढीमा पुगी सभामा परिणत भएको थियो ।

उक्त सभामा नेमकिपाका सचिव एवं प्रतिनिधिसभाका सदस्य प्रेम सुवालले मानव सभ्यताको विकासको सिलसिला संस्कृति हो; संस्कृति हाम्रो पुर्खाको गौरव हो, हाम्रो सम्पत्ति हो; यहाँको संस्कृति पर्यटनको केन्द्र भएको विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “हाम्रो पुर्खाको गौरव र पर्यटनको लागि हाम्रो संस्कृतिलाई संरक्षण गर्नु जरुरी छ । पर्व, जात्रा, दाफा, भजन, वास्तुकला, मठ, मन्दिर, पोखरी, ढुङ्गेधारा सबै हाम्रो संस्कृति र सम्पदा हुन् । विज्ञान र गणितअनुसार १२ घण्टाको दिन र १२ घण्टाको रात हुने विषुवकाल बिस्का जात्रा भएको बताउनेहरू पनि छन् । हाम्रो संस्कृति प्रकृतिसँग पनि जोडिएको छ । भनिन्छ, प्रकृतिविना संस्कृति बाँच्दैन । रुसका साहित्यकार म्याक्सिम गोर्कीले मानिसको दोस्रो प्रकृति वा समाजद्वारा निर्मित स्वभाव संस्कृति बताउनुभएको थियो ।”

उहाँले भन्नुभयो, हाम्रो भूमि, हाम्रो देश, नेपाली, भक्तपुरवासी, हामी उपत्यकावासी जीउँदो नभए यहाँको हाम्रो संस्कृति पनि रहने छैन । काठमाडौँ उपत्यका नेपालको सांस्कृतिक केन्द्र हो । संस्कृतिको लागि शिक्षा जरुरी छ । यसकारण, भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरेर ७७ ओटै जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षा दिइरहेको हो । भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक पारित गर्न सरकारबाट छिट्टै अगाडि बढाइए नयाँ पुस्तालाई सुसंस्कृत बनाउन थप मद्दत पुग्नेछ ।”

बिस्का जात्रा बाल, बच्चा, महिला, ज्येष्ठ नागरिक, युवा सबै सहभागी भई हेर्न पाउने अवस्थामा सफल बनाउनु जरुरी रहेको उल्लेख गर्दै उहाँले बिस्का जात्रा सफल बनाउन यसमा सरोकार राख्ने सबैको सहयोग र सहभागिता जरुरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेपाल वायु सेवा निगमको ५० अर्ब ऋण भएको बताइयो । सरकारको जमानीमा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण ल्याई दुई ओटा वाइडबडी जहाज खरिद गरिएको थियो । यसबारे सुरुमा आम सञ्चारमा ८ खर्ब रुपैयाँ भ्रष्टाचार भएको समाचार प्रकाशित भयो । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा साढे ४ अर्ब रुपैयाँ भ्रष्टाचार भएको उठ्यो । अहिले अख्तियारबाट १ अर्ब ३७ करोड रुपैयाँ भ्रष्टाचार भएको आरोपसहित ३२ जना नेपाली र ८ जना विदेशीलाई विशेष अदालतमा मुद्दा दायर भयो ।”

निगमका अधिकारीहरू कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको ऋणको ब्याज महँगो हुँदा विदेशीसँग सस्तो ब्याजको डेढ खर्ब रुपैयाँ ऋण ल्याएर कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको ऋण फिर्ता गरी थप हवाईजहाज खरिद गर्ने बताइरहेको चर्चा गर्दै उहाँले हामीले विदेशीसँग ऋण लिनु देशलाई उपनिवेश बनाउनु हुनेतर्फ सरकारलाई सचेत गराएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “एसियाली विकास बैङ्कको ऋणमा मेलम्चीको खानेपानी काठमाडौँ ल्याउन ६३ अर्ब रुपैयाँ खर्च गरियो । खानेपानी मन्त्रालयमा केही दिन अगाडि भएको बैठकमा अधिकारीहरूले मेलम्ची खानेपानीको मुहानमा बनाइएको मुख्य प्रवेशद्वार पहिरोमा पुरिएको हुँदा थप ४-५ अर्ब रुपैयाँ खर्च अलिकति माथिबाट पानी ल्याउने बताए । हामीले देशको सन्तुलित विकास गरी काठमाडौँ उपत्यकामा बसाइँसराइ बन्द गरेर यहाँको वरिपरिको डाँडामा पानी आउने जातको रुख रोपे एक अर्ब रुपैयाँ पनि नलाग्ने गरी पानीको व्यवस्था गर्न सकिनेतर्फ मन्त्रालयको ध्यानाकर्षण गरायौँ । काठमाडौँमा बसाइँसराइ निकै बढेको हुँदा यहाँको प्रदूषण दिनको दुई बट्टा चुरोट खाए बराबर भएको विज्ञहरूको मत रहेको छ ।”

“नेपालमा बिजुली उत्पादन भएको ११२ वर्ष भयो । सरकारहरूले कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णालीलगायत जलविद्युत्‌मा नेपालको अधिकार छोड्दा नेपालको पानीको अधिकारसमेत गुम्यो । अहिले भारतबाट बिजुली नपठाउँदा औद्योगिक क्षेत्रमा राति ४ घण्टा लोडसेडिङ भएको सार्वजनिक भयो ।” उहाँले भन्नुभयो ।

सञ्चारमाध्यमा दैनिकरूपले भ्रष्टाचार र अनियमितताको समाचार प्रकाशित भइरहेको औँल्याउँदै उहाँले ललितानिवासको सार्वजनिक जग्गा, थँहीको कमलपोखरी, झौखेलको कमलपोखरी व्यक्तिको नाममा दर्ता गरिदिने मालपोत र गुठी कार्यालयका अधिकारी दोषी हुन्; भक्तपुर च्वङापाको सांस्कृतिक स्थल, रानीपोखरी, दूध सङ्कलन केन्द्र २०४०।४१ सालमा नेपाली सेनाको नाममा दर्ता गरिएको पुन:सार्वजनिक गर्नु आवश्यक छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चैत २७ गतेबाट सुरु भई वैशाख ५ गतेसम्म हुने बिस्का जात्रामा हजारौँ स्वदेशी र विदेशी पर्यटकहरूले प्रत्यक्ष अवलोकन गर्न आउने तथा विभिन्न सञ्चार माध्यमहरूबाट विश्वभरका नागरिकहरूले प्रत्यक्ष हेर्ने हुनाले जात्रालाई शान्तिपूर्ण, व्यवस्थित र सभ्य बनाउनु सबैको साझा जिम्मेवारी भएको बताउनुभयो ।

उहाँले चाड-पर्व र जात्राहरूको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिन भक्तपुर नगरपालिकाले कक्षा १ देखि ८ सम्म नगरभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरी पठनपाठन गराइरहेको जानकारी दिँदै मूर्त र अमूर्त सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार तथा संरक्षण र संवर्द्धन भक्तपुर नगरपालिकाले निरन्तर गर्दै आइरहेको बताउनुभयो । उहाँले जात्राको बेला कसैलाई पनि अप्ठेरो महसुस गर्न नपरोस् भन्ने हेतुले नगरको जात्रा हुने भेलुखेललगायतका केही स्थानहरूलाई मदिरा निषेधित गरिएको जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले जात्रालाई व्यवस्थित गर्न सुरक्षा निकायको तर्फबाट गर्नुपर्ने सम्पूर्ण तयारी पूरा भएको जानकारी दिँदै जात्रालाई शान्तिपूर्ण र मर्यादितरूपमा सम्पन्न गर्न अनुरोध गर्नुभयो ।

गुठी संस्थान, भक्तपुर शाखाका प्रमुख खिमा ओलीले गुठी संस्थान, भक्तपुरले प्रसिद्ध बिस्का जात्रा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारी समयमै सम्पन्न गरिसकेको जानकारी दिँदै चैत २७ गते दिनको ३ बजेबाट समयमै जात्रा सुरु गरी जात्रालाई सफल बनाउन पुजारी, नाइके तथा नगरवासीहरूको सहयोगको अपेक्षा गर्नुभयो । उहाँले जात्रालाई भव्य, सभ्य, शान्तिपूर्ण, सुरक्षित, अनुशासित, मर्यादित र मैत्रीपूर्ण तरिकाले जात्रा सम्पन्न गर्न जनसमुदायले आफ्नै जात्रा हो भन्ने भावनाका साथ मनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

र्‍याली सुरु हुनुअघि दत्तात्रयमा रवीन्द्र ज्याख्व र वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले बोल्नुभएको थियो भने वडा नं. १ इनागमा भनपाका उपप्रमुख रजनी जोशी र वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले बोल्नुभएको थियो ।

र्‍यालीमा सुरक्षाकर्मी, स्काउट, खेलाडी, स्वास्थ्यकर्मी, सहकारीकर्मी, रेडक्रस, शिक्षक, विद्यार्थी, विभिन्न सामाजिक संस्था, विभिन्न वाद्यवादनको टोली, महिला, युवा, किसान, मजदुर, कर्मचारी, व्यवसायी, जनप्रतिनिधि तथा कार्यालय प्रमुखहरूको व्यापक उपस्थिति थियो ।

## ‘समाज विकासको एक झलक’ बारे अध्ययन गोष्ठी

काठमाडौँ । तारकेश्वर-७ फुटुङमा अवस्थित महालक्ष्मी इङ्गलिस सेकेन्डरी स्कूलले साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित ‘समाज विकासको एक झलक’ कृतिबारे शुक्रबार अध्ययन गोष्ठीको आयोजना गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले नेपाली राजनीति र साहित्यको क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल हरिबहादुर श्रेष्ठले लेखेको पुस्तक ‘समाज विकासको एक झलक’ ले समाज र सभ्यता बुझ्न अत्यन्त उपयोगी सङ्ग्रहनीय पुस्तक भएको बताउनुभयो ।

पुस्तकबारे छलफल र अन्तरक्रिया कार्यक्रम नियमित गर्न सके ज्ञानको दायरा फराकिलो हुँदै जाने भएकोले यस्ता कार्यक्रम आवश्यक भएको उहाँले बताउनुभयो ।

विद्यालयका संस्थापक सनकमान महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका सहायक प्रिन्सिपल विकास डंगोल, शिक्षक प्रवीण न्यौपाने र भवानी आलेलगायतले बोल्नुभएको थियो ।

## विज्ञान र प्रविधिमा भएको विकाससँगै समाजको आवश्यकतालाई ध्यान दिन आवश्यक

✍ सुनिल प्रजापति




**उत्पादन श्रमसँग मिलाउने शिक्षा आजको आवश्यकता हो । अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्थाजस्तो बनेका छन् । हरेक विद्यार्थीलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा अहिलेको आवश्यकता हो ।**

भूकम्प इन्जिनियरिङ विषयको स्नातकोत्तर तहको पाठ्यक्रम विकास कार्यशाला भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा गर्ने अवसर पाएकोमा हामी खुसी छौँ । यस कलेजमा कार्यशाला गर्ने ठाउँ छनोट गर्नुहुने पूर्वाञ्चल विश्वविद्यालयका पदाधिकारीहरूलाई धन्यवाद दिन चाहन्छौँ ।

ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहबाट सञ्चालित नेपालको पहिलो कलेज हो । २०५८ सालबाट सुरु भएको यस कलेजलाई भूकम्प इन्जिनियरिङसम्बन्धी स्नातकोत्तर अध्ययन अध्यापन गर्ने स्वीकृति प्रदान गर्ने पूर्वाञ्चल विश्वविद्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

भक्तपुर नगरपालिकाले सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै आएको छ । ख्वप इन्जिनियरिङ कलेज पनि त्यसमध्येको एक हो । यस कलेजले अध्ययन अध्यापनको साथै अनुसन्धान र प्रकाशनमा पनि जोड दिँदै आएको छ । भूकम्प इन्जिनियरिङसम्बन्धी हेर्ने छुट्टै विभागको स्थापना गरी थप व्यवस्थित गर्ने प्रयास गरिरहेका छौँ ।

समयअनुसार पाठ्यक्रममा परिमार्जन हुन सकेन भने विद्यार्थीहरूको आकर्षण घट्ने सम्भावना हुन्छ । विज्ञान र प्रविधिमा भएको विकाससँगै समाजको आवश्यकतालाई ध्यानमा राखेर पाठ्यक्रम परिमार्जन हुनु जरुरी छ ।

अहिले धेरै विद्यार्थीहरू विदेशतिर आकर्षित हुँदै छन् । गत आ.व. २०७९/०८० मा एक लाख १० हजार र चालु आवको ८ महिनामा ८५ हजार विद्यार्थीले विदेश पढ्न जान नो अब्जेक्सन लेटर लिएको तथ्याङ्कले हाम्रो विश्वविद्यालयको शैक्षिक गुणस्तर र व्यवस्थापनमाथि प्रश्न उठाएको छ । विश्वविद्यालयमा समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु, परीक्षा कापी हराउनु, बन्द-हडताल, आगजनीजस्ता घटनाहरू नै विद्यार्थीहरूको विश्वास घट्नुका कारणहरू हुन् । पढाइ सकेपछि पनि बेरोजगार बस्नुपर्ने बाध्यता अर्को कारण भएको बताइन्छ । हामी हाम्रा विद्यार्थीहरूलाई कस्तो शिक्षा दिइरहेका छौँ ?

विद्यार्थीहरू यही गतिमा विदेश गइरहने हो भने देशका धेरै कलेजहरू बन्द हुनेछन् । अहिले नै ५०० वटाभन्दा बढी कलेजहरू बन्द हुने अवस्थामा पुगेको समाचारमा आइरहेका छन् । त्यसको लागि जिम्मेवार को को हुन् ? गम्भीर भएर सोच्न आवश्यक छ ।

उत्पादन श्रमसँग मिलाउने शिक्षा आजको आवश्यकता हो । अहिले विश्वविद्यालयहरू शैक्षिक प्रमाणपत्र वितरण गर्ने संस्थाजस्तो बनेका छन् । हरेक विद्यार्थीलाई आत्मनिर्भर बनाउने र देशको निम्ति काम गर्ने भावना जागृत गर्ने शिक्षा अहिलेको आवश्यकता हो ।

नेपालको लागि भूकम्पसम्बन्धी इन्जिनियरिङ अत्यन्त महत्त्वपूर्ण विषय हो । २०७२ सालको भूकम्पमा सबभन्दा बढी क्षतिग्रस्त जिल्लामध्ये भक्तपुर पनि एक हो । यस कलेजका इन्जिनियरहरूको प्राविधिक सहयोग त्यतिबेला क्षतिग्रस्त अधिकांश सम्पदाहरूको भक्तपुर नगरपालिकाले पुन:निर्माण, जीर्णोद्धार सम्पन्न गरिसकेको छ । अझै केही निर्माणाधिन अवस्थामा छन् । ख्वप इन्जिनियरिङ कलेजले भूकम्पसम्बन्धी नयाँ नयाँ ज्ञान हासिल गरी देशको निम्ति सक्दो बढी योगदान दिने उद्देश्यले नियमितरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गर्दै आएको छ । २०८१ साल माघ महिनामा भूकम्प इन्जिनियरिङसम्बन्धी चौथो राष्ट्रिय सम्मेलन र २०८२ साल माघ महिनामा चौथो अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको पनि आजको यस कार्यक्रममार्फत यहाँहरूलाई जानकारी गराउन चाहन्छौँ । पूर्वाञ्चल विश्वविद्यालयको तर्फबाट आवश्यक सहयोगको अपेक्षा गर्दछौँ ।

आजबाट सुरु हुने कार्यशालाले २१ औँ शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम र योग्य जनशक्ति तयार गर्ने पाठ्यक्रम निर्माण गर्न सकोस् र भविष्यमा हुने भूकम्पबाट क्षति न्यूनीकरण गर्ने प्राविधिक जनशक्ति निर्माण गर्न पाठ्यक्रम सफल हुने विश्वासका साथ कार्यशालाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौँ ।

*(पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायको आयोजनामा भएको स्नातकोत्तर तह भूकम्प इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूको दोस्रो, तेस्रो र चौथो सेमेस्टरको पाठ्यक्रम विकाससम्बन्धी कार्यशालामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा बिहीबार व्यक्त विचार-स.)*

# जनताको साहित्यमा कला पक्षको महत्त्व

**✍ हरिबहादुर श्रेष्ठ**


केही मानिस जनताको साहित्य कलात्मक हुँदैनन्, प्रगतिशील साहित्यमा कला पक्ष निर्बलियो हुन्छ भन्ने भ्रममा छन् । तर कुरो यसको ठीक उल्टो छ । साँचो कुरो हो– जनताको साहित्यमा विचार पक्ष पहिले आउँछ किनभने कला पक्षमात्र बलियो र विचार पक्ष निर्बलियो साहित्यले 'जनताको साहित्य' को उद्देश्य पूरा गर्न सक्दैन । *(देश र जनताको सेवा गर्नु नै जनताको साहित्यको उद्देश्य हो जनताको सेवा भन्नु नै क्रान्तिको सेवा गर्नु हो ।)* यही हिसाबले, विचार पक्षमात्र बलियो भएर कला पक्ष निर्बलियो भयो भने त्यस साहित्यले जनतामा छिटो र गहिरो प्रभाव पार्न सक्दैन । यसकारण, जनताको सेवा गर्न जनताको साहित्यले राम्रो र उँचो दर्जाको कलाको माग गर्दछ ।

त्यसो भए, केही साहित्यकार भनाउँदाहरू जनताको साहित्यमा कला पक्ष निर्बलियो हुन्छ, प्रगतिशील साहित्य खालि 'पर्चा' र 'नारा' मात्रै हो भनेर किन कराएर हिँड्दै छन् ? तिनीहरूको त्यस रिसइबी, विरोध र रोइकराई हिँड्नुमा दुई–तीन कारण छन्–

**पहिलो**, सैद्धान्तिकरूपले तिनीहरू जनता र जनताको साहित्यलाई विरोध गर्छन् । तिनीहरू जनताको जीवनलाई ध्यान दिँदैनन् । जनताको क्रान्तिकारी मनोभावनालाई बुझ्दैनन् र विरोध गर्छन् । यसकारण, जनताको जस्तोसुकै कलात्मक साहित्यलाई पनि तिनीहरू कलात्मक छ भनेर स्वीकार्दैनन् ।

**दोस्रो**, जनताको साहित्य र प्रगतिशील कलालाई तिनीहरू राम्रो र कलात्मक छ भनेर स्वीकार गर्नै सक्दैनन् । त्यसलाई राम्रो र कलात्मक छ भनेर स्वीकार्नासाथै तिनीहरूको पुँजीवादी साहित्यलाई काम नलाग्ने र खोस्टा एवम् बोझे हुन् भन्ने स्वीकार गरेको हुन जान्छ । जनताको साहित्यको कला पक्ष साँच्चिकै निर्बलियो भएर तिनीहरूले विरोध गरेका होइनन्, बरु तिनीहरूले आफ्ना साहित्य खोस्टा र खस्रा होलान् भनेर त्यसो भनिरहेका हुन् ।

**तेस्रो**, अम्मली मान्छेले चुरोट र सुर्तीलाई मीठो र राम्रो भने पनि वास्तवमा चुरोट र सुर्ती मीठो र राम्रो वस्तु होइनन् । कलात्मक भनिएको पुँजीवादी साहित्य पनि त्यस्तै हो । पुँजीवादी या हानिकारक साहित्यका अम्मलीहरूलाई जनताको साहित्य कलात्मक हुन्न जसरी जँड्याहाहरूलाई जाँडभन्दा दूध मीठो हुन्न । कलालाई पारख गर्ने तिनीहरूको आफ्नै चश्मा र कसी हुन्छ । साहित्य र कलाबारे तिनीहरूमा पूर्वाग्रह र दुराग्रह हुन्छ । यसले गर्दा जनताको साहित्यमा भएको कलात्मकता तिनीहरूले देख्नै सक्दैनन् । यो तिनीहरूको दृष्टिदोष हो ।




*अम्मली मान्छेले चुरोट र सुर्तीलाई मीठो र राम्रो भने पनि वास्तवमा चुरोट र सुर्ती मीठो र राम्रो वस्तु होइनन् । कलात्मक भनिएको पुँजीवादी साहित्य पनि त्यस्तै हो । पुँजीवादी या हानिकारक साहित्यका अम्मलीहरूलाई जनताको साहित्य कलात्मक हुन्न जसरी जँड्याहाहरूलाई जाँडभन्दा दूध मीठो हुन्न । कलालाई पारख गर्ने तिनीहरूको आफ्नै चश्मा र कसी हुन्छ । साहित्य र कलाबारे तिनीहरूमा पूर्वाग्रह र दुराग्रह हुन्छ । यसले गर्दा जनताको साहित्यमा भएको कलात्मकता तिनीहरूले देख्नै सक्दैनन् । यो तिनीहरूको दृष्टिदोष हो ।*

साँच्चै भन्ने हो भने पुँजीवादी साहित्यभन्दा जनताको साहित्य धेरै कलात्मक हुन्छ । प्रगतिशील साहित्यको कला पक्ष पुँजीवादी साहित्यको कला पक्षभन्दा धेरै बलियो र जीउँदो हुन्छ । जनताको साहित्यको कला पक्ष सुनमा सुगन्ध हो, तीतो औषधीको चक्कीमा गुलियो पोतेको मीठो स्वाद हो । तर, पुँजीवादी साहित्यको कला पक्ष विषको चक्कीमा गुलियो पोतेको मिठास हो । त्यसले जनतालाई नोक्सान पुऱ्याउँछ, देशलाई खराबी गर्छ र क्रान्तिलाई हानि पुऱ्याउँछ ।

जनताको साहित्यलाई सकेसम्म बढी कलात्मक बनाउनुपर्छ भन्ने कुरा जनताका कलाकारहरूले आफ्नै अनुभवबाट सिकेका हुन् । गाउँ–गाउँका सांस्कृतिक सङ्गठन र रोदी घरहरूमा काम गर्ने कार्यकर्ताहरूलाई थाहा छ कि राम्रो लय र भाका भएका गीतहरू जनताले छिट्टै टिप्छन् र मन पराउँछन् । त्यस्ता गीत र गीतकारहरू छिट्टै लोकप्रिय हुन्छन् । यसकारण, जनताका साहित्यकारहरूले आफ्ना साहित्यलाई सकेसम्म राम्रो र जीउँदो बनाउने कोसिस गर्नुपर्छ र गरे पनि रहेका छन् । तर, हरेक कुरा सुरुमा सानो, निर्बलियो र अव्यवस्थित हुन्छ । प्रयोग, अनुभव र सङ्घर्षहरूबाटै त्यसमा परिपक्वता एवम् निखार आउँछ । नेपाली 'जनताको साहित्य' ले पनि सानोबाट ठूलो आकारमा विकास गर्दै जानेछ र झन्झन् व्यापक भएर फैलिँदै जानेछ । निर्धो बिस्तारै बलियो र शत्रुलाई हान्न सक्ने भएर आएको छ । अव्यवस्थितबाट व्यवस्थित, पहिलेको भन्दा राम्रो र कलात्मक हुँदै गएको छ । जनताको दैनिक जीवनको आवश्यकता र मागको सानो पर्चाबाट सुरु भएको मजदुर र किसान आन्दोलन तथा सङ्घर्षहरूले एक व्यवस्थित मजदुर सिद्धान्त, मार्क्सवाद–लेनिनवाद र माउ त्सेतुङ विचारधारासम्म विकास गऱ्यो । त्यस्तै, एउटा सानो कविता, कथा, गीत र निबन्धबाट सुरु भएको नेपाली 'जनताको साहित्य' बिस्तारै ठूल्ठूला महाकाव्य र राम्रा राम्रा उपन्यासहरूमा विकास गर्दै जानेछ । कला पक्ष बेजोड भएको गीत र कलाका विभिन्न पक्षहरूको विकास हुँदै जानेछ । संसारका सबै मजदुर र किसान आन्दोलनहरू, देश विदेशका स्वतन्त्रता एवम् मुक्ति आन्दोलनहरूका कला तथा साहित्यको अध्ययन र सिकोबाट नेपाली जनताका लेखक, कवि र कलाकारहरूले जनताको सङ्घर्षमा एक भई कला र साहित्यको चौतर्फी विकास गर्दै जानेछन् ।

यहाँनेर सामन्ती र पुँजीवादी साहित्यका केही कलात्मक रचनाहरूको प्रश्न उठ्न सक्छ । तर, ती सामन्ती र पुँजीवादी साहित्यकारहरूले जनताका अनुभवहरूलाई बटुलेका थिए र जनताबाट सिकेका थिए । त्यसबेला तिनीहरू समकालीन विचारमध्ये सबभन्दा अगाडि बढेका विचारधाराका पक्षपाती थिए । तर, आज त्यो विचारधारा युगको दाँजोमा पुरानो भैसकेको छ । यी रचनाहरू जनताका अनुभव र शिक्षालाई झिकेको खण्डमा ती साहित्य पूरै भद्दा र बेकामका देखिन्थे र आज तिनीहरूको चर्चासमेत हुन्नथ्यो । आज जनताका साहित्यकारहरू मजदुर–किसान र जनताबाट साहित्यका मसलाहरू ल्याउने भएकाले जनताको साहित्य पुँजीवादी साहित्यभन्दा धेरै कलात्मक हुन्छ । यस अर्थमा जनताका साहित्यकारहरू जनताको साहित्य र कलालाई जम्मा गर्ने र त्यसलाई सिलसिला मिलाइदिने कार्यकर्ता वा कामदार मात्र हुन् । मजदुर, किसान र जनता आफै महान् कलाकारहरू हुन् । जनताका साहित्यकारहरूले तिनीहरूबाटै शिक्षा लिन्छन्, नम्रतापूर्वक तिनीहरूको पछि लाग्छन्, अनि तिनीहरूकै बाटाका बत्ती बनिदिन्छन् । जनताको क्रान्तिकारी गीतमा आफू मीठो लय बनिदिन्छन् ।

यसकारण, हामी जनताका साहित्यका कार्यकर्ता साथीहरूलाई प्रस्ट छ कि जनताको साहित्यमा कलाको ठूलो महत्त्व हुन्छ र हामी कलात्मक साहित्यको पक्षमा छौँ ।

*आज जनताका साहित्यकारहरू मजदुर–किसान र जनताबाट साहित्यका मसलाहरू ल्याउने भएकाले जनताको साहित्य पुँजीवादी साहित्यभन्दा धेरै कलात्मक हुन्छ । यस अर्थमा जनताका साहित्यकारहरू जनताको साहित्य र कलालाई जम्मा गर्ने र त्यसलाई सिलसिला मिलाइदिने कार्यकर्ता वा कामदार मात्र हुन् । मजदुर, किसान र जनता आफै महान् कलाकारहरू हुन् । जनताका साहित्यकारहरूले तिनीहरूबाटै शिक्षा लिन्छन्, नम्रतापूर्वक तिनीहरूको पछि लाग्छन्, अनि तिनीहरूकै बाटाका बत्ती बनिदिन्छन् । जनताको क्रान्तिकारी गीतमा आफू मीठो लय बनिदिन्छन् ।*

कविता

## बहादुर या दास ?

**• हरिबहादुर श्रेष्ठ**

*यहाँ हर नेपाली 'बहादुर' छन्
दरबान, कुल्ली, पिउन,
जूठो गिलास माझ्ने केटो सोझो
पुलिस पल्टनीयाँ र ज्यामी नेपाली ।
लाग्छ ती बहादुरहरूले
बेलायती साम्राज्यवादीहरूसँग लडाइँ जितेका थिए,
सुगौली सन्धिले बोकाएका सबै
बोझहरू बिसाइसके,
बलिया नेपाली पाखुरा अब
दरबान, कुल्ली, पिउन,
जूठो भाँडा माझ्ने केटो बनेर
बेचिनु पर्दैन, नेपाली इज्जत विदेशमा ।
तर साँचो भनौँ भने -
यहाँको हर 'बहादुर' शब्दमा
सुगौली सन्धिको फोहर गन्हाउँछ,
हिमालका हर चुचुरोमा ग्रहण लाग्छ
'नेपाली' शब्द स्वयं बेइज्जतीको प्रतीक बन्छ ।
पाकिस्तान, चीन, बङ्गलादेश,
कङ्गो, साइप्रस, इजराइल, डब्लिनमा
सीमा-विवाद र हर भिडन्तमा
नेपालीले मर्नुपर्छ अरुको खटन-पटनमा पहिले,
हर नेपालीको हात रङ्गिन्छ अपराधी बनी
विदेशी जनताको रगतमा डुबेर ।
हो, हो, हामी बहादुर भयौं,
बेलायती र भारतीय सेनामा
छोराहरू बलिको बोका जस्तै बेचेर ।
हामीहरू बहादुर भयौं
भारतका हर शहरका वेश्यालयहरूमा
आफ्नै छोरी-बुहारी
आमा र स्वास्नी बेचेर ।
हो, हामी बहादुर हौं
बग्गीको घोडा जस्तै
नूनको सोझो गर्ने
अर्काको खटन-पटनमा मर्नुपर्ने
सञ्चो होस् या नहोस् जूठो भाँडा मल्नुपर्ने
आफ्नै दिदी-बहिनीको दुर्गति हेर्नुपर्ने ।
सम्झिराख ए, 'बहादुर' बनेका नेपालीहरू ।
तिमी-हामी 'बहादुर' होइनौँ, दास हौँ हर मानेमा,
तिमी-हामी नोकर-चाकर हौँ
हर बेलायती र भारतेली मालिकको ।
विदेशी आक्रमकहरूबाट हराइएका नेपाली !
हामी साँच्चै बहादुर भन्ने हो भने -
सुगौली सन्धिलाई च्यातेर फालिदेऊ
आफ्नो देशलाई माथि उठाउन
विदेशी भर्ती र नोकरीमा जान छोडिदेऊ ।
(१९७५)*

***- आकाश बाँधिएको छैन***

## देश र जनता

*✍ दयाचन्द्र श्रेष्ठ, काठमाडौँ*

देशमा प्रजातन्त्र आयो ।
देशमा लोकतन्त्र आयो ।
देशमा गणतन्त्र आयो ।
देशका जनताले के पायो ?
देशका जनताले कसलाई आफ्नो भन्ने ?
देशका जनताले कसको भर पर्ने ?
सत्ता परिवर्तन भयो ।
व्यवस्था परिवर्तन भयो ।
जनताले के पाए ?
जब देशमा उत्पादन हुँदैन
जब देशमा कलकारखानाको विकास हुँदैन
यो देशका जनताले कामको लागि
यो देशका जनताले खानको लागि
अर्को देशको भर पर्नुपर्छ ।
जब देशका मजदुरहरूको
जब देशका किसानहरूको
हित सोचिँदैन ।
तब देश विकास कसरी हुन्छ ?
देश विकास हुन
जनताले सुख शान्तिले
दुई छाक खान पाउनुपर्छ ।
ठुलठुला महलले विकास हुँदैन ।
जनताले दुःख पाउने व्यवस्था फाल्नु पो पर्छ
अतः जनता उठ्ने बेला भएको छ ।
मजदुर किसान उठ्ने बेला भएको छ ।

## ललितपुर महालक्ष्मीमा शुभकामनासहित अध्ययन गोष्ठी

ललितपुर । नेमकिपा महालक्ष्मी नगर समिति ललितपुरको आयोजनामा देश र जनतामा समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकका साथै 'रूसको डिसेम्बर विद्रोह' पुस्तकबारे अन्तरक्रिया कार्यक्रम शनिबार थसीमा भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले भन्नुभयो, "सन् १८२६ डिसेम्बर २६ मा रूसमा एक सैनिक विद्रोह भयो । विद्रोह असफल भयो । विद्रोहका सबैजसो नेता कुलीन परिवारका युवा थिए । प्रेम, भाइचारा र मित्रताजस्ता मानवीय मूल्यमा ती युवाहरूको असीम आस्था थियो । ती क्रान्तिकारी युवा सैनिक अफिसरहरू फ्रान्सेली राज्य क्रान्तिका आदर्श सन्तान थिए ।"

उहाँले भन्नुभयो, "क्रान्तिको उद्देश्य रूसी भूदासहरूको मुक्त थियो । सिनेट चोकमा विद्रोह भइरहँदा पिटर्सबर्गका कामदार जनता वा भूदासहरू वरपर तमासा हेरिरहेका थिए । ती जनतालाई विद्रोहीहरूले सम्झाउने कार्य गर्नै सकेनन् ।"

कर्मचारी समाजका अध्यक्ष एलपी गौतमले काठमाडौँ उपत्यकाको मानव निर्मित सम्पदा विश्वकै नमुना र विदेशी पर्यटकहरूको निमित्त भक्तपुर नगर जीवित सङ्ग्रहालय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरमा राजनैतिक सचेतता बढी भएको कारणबाट शिक्षा, स्वास्थ्य सेवा, आर्थिक अवस्था, सामाजिक अवस्थामा निकै सुधार भएको छ । भारतीय सेना कालापानीमा राखेको, नेपालको सीमा भारतले मिचेको, नदीनाला सबै भारतको अधीनमा लिएको विरोध गरिरहनुपर्छ ।"

नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले हामीले लेख्ने साहित्य जनपक्षीय हुनुपर्छ भन्नुभयो ।

नेमकिपाका कार्यकर्ता केपी महर्जनले नेमकिपाबाट जितेका जनप्रतिनिधिले जस्तै अरू पार्टीका जनप्रतिनिधिले कार्य गरेमा देश निकै अगाडि बढ्थ्यो भन्नुभयो ।

युवा कार्यकर्ता अनिस महर्जनले सामाजिक व्यवहारमा धोका दिने कार्यको विरोध गर्नुपर्दछ भन्नुभयो । कार्यक्रममा आशाराम महर्जन र रूपा महर्जनले पनि बोल्नुभएको थियो ।

# इलाम र बझाङको उपनिर्वाचनका लागि नेमकिपाको घोषणापत्र र उम्मेदवारद्वयको परिचय

## बझाङका उम्मेदवार खगेन्द्रबहादुर शाहीको सङ्क्षिप्त परिचय



कामरेड खगेन्द्रबहादुर शाही
बझाङ क्षेत्र नं. १ (क)
प्रदेशसभा उम्मेदवार

सुदूरपश्चिम प्रदेशको कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं ४ निवासी खगेन्द्रबहादुर शाही नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँको जन्म २०२४ सालमा दैलेख जिल्लाको लयांटी बिन्द्रासैनीमा भएको थियो । २०४१ सालदेखि नेपाल मजदुर किसान पार्टीका गतिविधिहरूमा संलग्न भएका शाही २०४६ सालको आन्दोलनमा सुर्खेत जिल्लामा सक्रिय हुनुहुन्थ्यो । २०५३-५४ सालमा महाकाली सन्धिको विरोधमा भएका जुलुस र सभाहरूमा सक्रिय शाहीले प्रतिगमनविरोधी जनआन्दोलनमा कैलाली जिल्लामा पार्टी गतिविधिको नेतृत्व गर्नुभयो । उहाँ २०७९ सालको निर्वाचनमा कैलाली जिल्ला क्षेत्र नं. ३ (क) मा पार्टीको तर्फबाट प्रदेशसभा सदस्य उम्मेदवार हुनुहुन्थ्यो ।

२०५५ सालमा कैलाली जिल्लाको लम्कीमा बसाइँसराइँ भएका खगेन्द्रबहादुर शाही शिक्षाप्रेमीको रूपमा परिचित हुनुहुन्छ । दुई दशकदेखि जिल्लाको पार्टी गतिविधिको नेतृत्व गर्दै आएका शाही २०६५ सालदेखि नेमकिपाको केन्द्रीय समितिमा हुनुहुन्छ । देशहितविरुद्ध भएका महाकाली सन्धि, एमसीसी सम्झौता, नागरिकता विधेयक, माथिल्लो कर्णाली जलविद्युत् आयोजनालगायतका सम्झौताविरुद्ध र जनजीविकासँग सम्बन्धित विषयहरूमा निरन्तर सङ्घर्षरत शाही देशभक्त तथा इमानदार कार्यकर्ता हुनुहुन्छ ।

उहाँ नेपाल मजदुर किसान पार्टीको नीति र घोषणापत्रअनुसार जनताको सेवा गर्ने र पार्टीको सिद्धान्तमा समर्पित हुनुहुन्छ । काठमाडौँको सेवा-सुविधा जिल्ला जिल्लामा पुऱ्याई देशको सन्तुलित विकास गराउन नेमकिपाको चुनाव चिह्न मादलमा छाप लगाई देशभक्त उम्मेदवार शाहीलाई अत्यधिक मतसहित विजयी गराउनुहुन सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरूलाई हार्दिक अनुरोध गर्दछौँ ।

## यसकारण मादल चिन्हमा छाप लगाऔँ !

- माध्यमिक शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गराउन,
- भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालय विधेयक पारित गराउन,
- स्वास्थ्य सेवा नि:शुल्क र सुलभ गराउन,
- कृषि उत्पादनलाई आत्मनिर्भर बनाउन युवालाई स्वदेशमै रोजगारीको व्यवस्था गराउन,
- ज्येष्ठ नागरिक, अशक्त, टुहुरा-टुहुरीको आवश्यक व्यवस्था गराउन,
- हरेक प्रदेशमा प्रदेशस्तरीय विश्वविद्यालय र अस्पताल सञ्चालन गराउन,
- महिलाहरूको श्रमशक्ति वृद्धि गराउन र शिशुहरूको उचित पालन पोषणको लागि स्थानीय तहको वडा र टोल-टोलमा शिशुस्याहार केन्द्र तथा बालोद्यान सञ्चालन गराउन,
- छुवाछुत, छाउपडी, बोक्साबोक्सीलगायत अन्धविश्वासलाई अन्त्य गराउन,
- जमिन जोत्नेलाई वितरण गराई रासायनिक मल कारखाना स्थापना गराउन,
- किसान, मजदुर र कामदारवर्गको हितमा कानुन बनाउन,
- बढ्दो वातावरणीय प्रदूषण नियन्त्रण तथा स्थानीय तहबाट व्यवस्थित आवास योजना गराई देशको सन्तुलित विकास गर्न,
- प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदा संरक्षण गर्न,
- भ्रष्टाचारी, कालाबजारिया, तस्कर, कानुन हातमा लिने, गुन्डागर्दी गर्ने दल र उम्मेदवारहरूलाई हराउन,
- देशलाई सिक्किमजस्तै बनाउन खोज्ने 'नेपाली लेन्डुपहरू' लाई परास्त गर्न,
- भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरुद्ध सङ्घर्ष चालु राख्न,
- दुईदलीय तानाशाही व्यवस्थाउन्मुख नीतिलाई उदाङ्ग्याउन र प्रजातन्त्रविरोधी तीन प्रतिशतको मत सीमा खारेज गराउन,
- संसद्मा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरी प्रजातन्त्र र जनअधिकारको रक्षा गर्न,
- विदेशीले नागरिकता पाउने र नेपाली उद्योगी-व्यापारीलाई नाङ्ले पसलमा झार्ने नागरिकता ऐन खारेज गराउन,
- नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने गोर्खा भर्ती खारेज गराउन,
- नेपाललाई भारतीय सुरक्षा छातामा राख्ने सन् १९५० को असमान सन्धि खारेज गराउन,
- कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, फुकोट कर्णाली, अरुण-तेस्रो र पश्चिम सेतीलगायत देशघाती सन्धि-सम्झौता खारेज गराउन,
- राज्यको स्वामित्वमा देशको औद्योगिक विकास गराउन,
- पुँजीवादको विकास गर्ने भन्दै कार्यकर्तालाई भ्रष्टाचार र कमिसनमा लगाउने शासक दलहरूलाई हराउन,
- राजनीतिलाई देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र बनाउन ।

## इलामका उम्मेदवार श्यामबहादुर दर्जीको सङ्क्षिप्त परिचय



श्यामबहादुर दर्जी (हिमाल)
इलाम क्षेत्र नं. २
प्रतिनिधिसभा उम्मेदवार

पिता यामबहादुर नेपाली र माता नरमाया नेपालीको छोरा श्यामबहादुर दर्जी (हिमाल) को जन्म वि.सं. २०४२ साल फागुन १ गते पाँचथर जिल्लाको साविक स्याब्रुङ्गवामा जन्मनुभएको हो । हाल उहाँ मोरङ जिल्लाको बेलवारी नगरपालिका वडा नं.७ सत्तार टोलमा बस्नुहुन्छ ।

देश र जनताको नि:स्वार्थ सेवा गर्ने नेपाल मजदुर किसान पार्टीको राजनीतिबाट प्रभावित उहाँ वि.सं. २०६२ सालदेखि पार्टीको नेपाल क्रान्तिकारी युवा सङ्घमा आबद्ध हुनुभएको हो । हाल उहाँ नेपाल मजदुर किसान पार्टीको मोरङ जिल्ला समितिको सदस्य हुनुहुन्छ । नेपाल मजदुर किसान पार्टीको गतिविधि र सङ्घर्षमा उहाँ निरन्तर सहभागी हुनुहुन्छ । भारतीय विस्तारवादले नेपालको इलामको पशुपतिनगरदेखि दार्चुलाको लिम्पियाधुरा र कालापानीसम्म अतिक्रमण गरेको भूमि फिर्ता लिन उहाँ सङ्घर्षरत हुनुहुन्छ ।


नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति मोरङको उपाध्यक्ष भएर उहाँले युवा आन्दोलनको अनुभव पनि सँगाल्नुभएको छ । अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेनामार्फत नेपालको सैन्य ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई समेत नेपालको वंशजको नागरिकता दिने देशघाती नागरिकता विधेयक खारेजीको लागि उहाँ सक्रिय हुनुहुन्छ ।

नेपाल मजदुर किसान पार्टीको नीति र घोषणापत्रअनुसार जनताको सेवा गर्ने र पार्टीको सिद्धान्तमा समर्पित उहाँ एक देशभक्त युवा हुनुहुन्छ । उहाँ पेसाले यातायात मजदुर हुनुहुन्छ ।

काठमाडौँको सेवा-सुविधा जिल्ला जिल्लामा पुऱ्याई देशको सन्तुलित विकास गराउन नेमकिपाको चुनाव चिह्न मादलमा छाप लगाई देशभक्त उम्मेदवार श्यामबहादुरलाई अत्यधिक मतसहित विजयी गराउनुहुन सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरूलाई हार्दिक अनुरोध गर्दछौँ ।

## नेमकिपाको घोषणापत्रको सार

- निर्वाचन क्रान्तिको सङ्केत दिने एक 'ब्यारोमिटर' हो ।
- नेपाली जनताले नेपाल मजदुर किसान पार्टीको **मादल** चिह्नमा छाप लगाई विजयी गराउनुभएमा निर्वाचित प्रतिनिधिले नेपाल र नेपाली जनताको हितमा छिट्टै मौलिक परिवर्तन ल्याउन आवाज उठाउनेछन् ।
- मल कारखाना खोल्ने, नहर र पानीपोखरीहरू बनाई सिँचाइको बन्दोबस्त गर्ने तथा कृषि विशेषज्ञ र किसानहरूको सल्लाहमा जिल्लाजिल्लामा कृषि विकासबारे योजना तत्काल सुरु गराउन आवाज उठाउनेछन् ।
- देशघाती एमसीसी (अमेरिकी स्वार्थको लगानी एवम् सैन्य मोर्चा), एसपीपी (अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने सैन्य साझेदारी) खारेज गराउन सङ्घर्ष चालु राख्नेछन् ।
- कोसी, गण्डक, महाकाली, अरुण-तेस्रो, सेती, कर्णाली नदी योजना र 'नागरिकता विधेयक' पारित गरेको नेका नेतृत्वको सरकार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको शिविरमा प्रवेश गरेको प्रस्ट हुँदै छ ।
- एमाले, माओवादी, रास्वपा, जसपालगायतका सत्ता गठबन्धन सिद्धान्तहीन भएको घामजस्तै छर्लङ्ग छ । केही स्थानको हारजितको विषयमा ध्यान केन्द्रित गरिनुको अर्थ नीतिगत सङ्घर्षमा ध्यान नदिनु र पुन: पुँजीवादी सत्ताको भागबन्डामा लाग्नु हो ।
- नेपाली काङ्ग्रेस नेतृत्वको गठबन्धन र एमाले नेतृत्वको गठबन्धन दुवै सारमा एउटै सिक्काका दुई पाता हुन् । यी दुवै सिद्धान्तहीन गठबन्धन पुँजीवादी सरकारको भागबन्डा गर्ने चाँजोपाँजो मात्र थियो ।
- मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने र ठुलठुला भ्रष्टाचार गर्नेलाई ज्यान सजाय हुने व्यवस्था भएकोलाई बहुदल पुन:स्थापनापछि कृष्णप्रसाद भट्टराई नेतृत्वको नेपाली काङ्ग्रेसको सरकारको पालामा खारेज गरियो । त्यसकारण, अहिले अपराधीहरूको मनोबल बढेको हो । त्यो कानुनलाई पुन:स्थापना गर्नु आवश्यक छ ।
- नेपालीको सम्पत्ति र पुँजी विदेशमा लैजान नपाउने ऐन–कानुन तत्काल बनाउन आवश्यक छ । ती पुँजीलाई देशकै विकासमा लगाउन राष्ट्रिय पुँजीलाई उत्साहित गर्नुपर्दछ ।
- अपराधीहरूको पक्ष लिने र अपराधलाई प्रोत्साहन गर्ने राजनीतिक दल, सङ्घ-संस्था र व्यक्तिलाई समेत अपराध गरेको मानी दण्ड-जरिवाना गराउन नयाँ कानुन जरुरी छ ।
- काम पनि नगर्ने, ठेक्का पनि नछोडी देश र जनतालाई धोका दिने ठेकेदारहरूलाई कडाभन्दा कडा सजाय दिनुका साथै ठेक्काबाट वञ्चित गर्ने ऐन-कानुन संसद्बाट तर्जुमा गर्नु आवश्यक छ ।
- शिक्षासँग खेलकुद, कला, गीत–सङ्गीत र संस्कृतिसमेत जोडिएको हुँदा शिक्षाको बजेट बढेमा स्वास्थ्य सेवाको खर्च कम हुनेछ ।
- नयाँ पुस्तालाई अङ्ग्रेजी वा विदेशी भाषा, गणित र विज्ञान विषयमा अब्बल



बनाउनुका साथै नागरिकशास्त्र, अर्थशास्त्र, भूगोल, इतिहास, संस्कृति र राजनीतिशास्त्रको अध्ययनमा ध्यान दिन सबै विश्वविद्यालयलाई घचघच्याउन एक शैक्षिक अभियान र सङ्घर्ष आवश्यक छ ।
- औषधि व्यवस्था विभागभित्रको जनविरोधी, भ्रष्टाचारी र दोस्रो भन्सार कार्यालय प्रवृत्ति र अन्य भेदभावको विरोधमा जनस्तरबाटै कारबाही गर्न जनतासँग आह्वान गर्न/गराउनु आवश्यक छ ।
- डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मीहरूलाई सघन तालिम र अध्ययनपछि तत्काल आ-आफ्नो जिल्ला अस्पताल र दुर्गम स्थानमा खटाउने तथा सोअनुसार आर्थिक सहुलियत एवम् स्वास्थ्य सामग्री पनि उपलब्ध गराउन कडा नीति अवलम्बन गराउनु आवश्यक छ ।
- सामान उत्पादन र मर्मत गर्ने शिक्षासँगै सीप तालिम सञ्चालन गरिए आयात र व्यापार घाटा घटाउन मद्दत पुग्नेछ ।
- स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिइएको खण्डमा सङ्घीयताको आवश्यकता नरहेको नेमकिपाको अडान अहिले पनि स्पष्ट छ ।
- जनताको सांस्कृतिक स्तरको उचाइले गाउँ र सहरलाई आ-आफ्नो खुट्टामा उभिन बल प्रदान गर्नेछ । यसले कम समयमै गाउँ र सहरको भेद हट्दै जाने कार्यमा योगदानको अनुभव गरिनेछ ।
- युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्धको विरोध गर्नु आवश्यक छ ।
- जर्जिया, अर्मेनिया, अजरबैजान, तुर्कमेनिस्तान, उज्वेकिस्तान, कजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तानलाई समेत 'नाटो' को सदस्य बनाएर मस्कोदेखि ब्लादिभोस्तकसम्मको रुसी महासङ्घलाई नाटोमा आबद्ध गराउने अमेरिका र 'नाटो' को षड्यन्त्र हो ।
- रुसबाट अलग्ग भएका राज्यहरूलाई 'नाटो' मा संलग्न नगराउने आफ्नो वचनबद्धतालाई संरा अमेरिकाले निर्लज्जतापूर्वक घात गरेको छ ।
- सन् २०१४ देखि युक्रेनले बहुमत रुसी बसोबास भएको डोनबास र लुहान्स्क गणतन्त्रमा आक्रमण गऱ्यो ।
- अमेरिकी हतियार पाएको इजरायली फासीवादले प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गरेकोलाई विरोध एवम् भर्त्सना गर्नु जरुरी छ ।
- कोभिड-१९ महामारी र संरा अमेरिकाले चीनविरुद्ध व्यापारयुद्ध सुरु गरेपछि संसारको अर्थतन्त्रमा नकारात्मक असर परेको हुँदा हातहतियारमा भइरहेको खबौँ खर्ब रुपैयाँ खर्चलाई मानव जातिको हितमा खर्च गराउन आवश्यक छ ।
- अमेरिकामा राजनीतिक बन्दीहरूमाथिको अत्याचार बढ्दो छ भने अर्कोतिर धनी र गरिबको विभाजन झन्झन् फराकिलो हुँदै छ । अमेरिका आर्थिकरूपमा ऱ्हासोन्मुख अवस्थामा छ ।
- काश्मीर मामिला, श्रीलङ्काको आर्थिक सङ्कट, बङ्गलादेशको आर्थिक स्थिति र नेपालको राजनीतिक तथा आर्थिक समस्यामा भारतीय विदेश नीति नै जिम्मेवार छ ।

# मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारबाट जनता शिक्षित गर्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा बिहीबार अगुवा कार्यकर्तामाझ कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "हामीले मार्क्सवादबारे अध्ययन, अन्तरक्रिया र छलफल गर्दै आइरहेका छौँ । अध्ययन गरेका पुस्तकबारे पटक-पटक छलफल गर्नु आवश्यक छ ।"

सचिव सुवालले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारबारे व्यापक कामदार जनतालाई शिक्षित गर्नुपर्ने आवश्यकता औँल्याउँदै कम्युनिस्ट नामधारी एमाले, माओवादीलगायतका पार्टीहरूले मार्क्सवाद त्यागिसकेका छन्, अब व्यापक कामदार जनतालाई मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचार जनतामाझ लग्ने जिम्मेवारी नेमकिपाको काँधमा आएको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा क्रान्ति गर्न गाउँ-गाउँ पुगेर कामदार जनतालाई राजनैतिकरूपले सचेत र सङ्गठित गर्नु आवश्यक छ ।"

नेपालको नदी नाला कब्जा गर्नु, नेपालमा उद्योगधन्दा भारतको निर्देशनमा निजीकरण गरी ध्वस्त गर्नु र देशलाई भारत निर्भर गराई दाल, चामल र फलफूल एवम् तरकारीसमेत भारतबाट आयात गर्ने काम नेपाली काङ्ग्रेसले गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, " नेपाली जनता नेपाली काङ्ग्रेसबाट सचेत नभए नेपालको स्वाधीनता र सार्वभौमिकतामा आँच पुग्नेछ ।"

"अहिले गाउँगाउँमा म्यानपावर कम्पनीका दलालहरू पठाएर सामान सङ्कलन गरेझैँ युवा-युवती सङ्कलन गरी १७१ देशमा सस्तो ज्यामीको रूपमा बेचिरहेको अवस्था छ । ८० लाखभन्दा बढी युवा-युवती बिदेसिन बाध्य पारिएको छ । साढे तीन लाख नेपाली युवतीहरू विदेशमा पीडित छन् वा नारकीय जीवन व्यतीत गर्दै छन् । यसर्थ, देशभित्रै रोजगारको व्यवस्था गर्न जरुरी छ र गोर्खाभर्तीलगायतका विदेशीको लागि कार्य अविलम्ब रोक्नु आवश्यक छ," उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले भन्नुभयो, "पार्टीका विभिन्न समितिहरूले त्रैमासिक वा चौमासिक कार्य योजना बनाई जनताको सेवा गर्ने कार्य गर्नु आवश्यक छ । शासक दल सङ्ख्या पुर्‍याउन जुनसुकै अपराध गर्न तयार देखिएको छ । तर, हामी सिद्धान्त, मूल्यमान्यता, राजनैतिक नैतिकता, इज्जत, मान सम्मानमा असर पर्ने गरी कुनै सम्झौता गर्दैनौँ । साहित्यलाई एक राजनैतिक हतियारको रूपमा प्रयोग गर्छौँ, साहित्यिक तथा सांस्कृतिक गतिविधिबाट जनतालाई सचेत र सङ्गठित गर्ने कार्य गर्छौँ ।"

उहाँले नयाँ पुस्तालाई खेल, साहित्य, कला, सांस्कृतिक गतिविधि, अन्तरक्रिया र नयाँ-नयाँ प्रविधिको प्रयोग गरी सैद्धान्तिक र व्यावहारिक शिक्षा दिने कार्य गरी जनताको सेवक बनाउने कार्य नेमकिपाले गरिरहेको बताउनुभयो । उहाँले अरू पार्टीका कार्यकर्ताहरू पैसा, लोभ, पद बाँडेर वा सरकारी र गैरसरकारी संस्थामार्फत व्यक्तिगत र स्थानीय समस्यामा साथ दिने वचन दिँदै फकाउने र फसाउने कार्य गर्दै छन्, त्यसैले हामी सजग हुनुपर्दछ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरका नारायणबहादुर दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा पुरुषोत्तम तमखुले नेमकिपा शोषण वा नाफाको आधारमा चलेको पुँजीवादी गणतन्त्रलाई विस्थापित गरी समाजवादी बन्दोबस्त स्थापना गर्ने आमूल परिवर्तनको पक्षमा रहेको बताउनुभयो ।

# शिक्षा श्रमलाई सम्मान गर्ने र उत्पादनसँग जोडिनुपर्ने

भक्तपुर, । पञ्चकन्या मा.वि.को ३८ औँ स्थापना दिवस र पुरस्कार वितरण समारोह नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा बुधबार सम्पन्न भयो ।

कार्यक्रममा सांसद सुवालले विद्यालय शिक्षा विश्वविद्यालय शिक्षाको लागि जग भएकोले श्रमलाई सम्मान गर्ने र उत्पादन श्रमसँग जोडिनुपर्ने चर्चा गर्दै किशोरावस्थाको शिक्षा जीवनभर स्मरणमा रहने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "घरको मुलीले घर सम्हाल्न नसके परिवारका सदस्य छताछुल्ल हुन्छ । देश हाँक्ने प्रधानमन्त्री र मन्त्रीहरू गतिला नभए जनताले दु:ख पाउँछन् । विद्यालयका प्राचार्य मेहनती भए शिक्षकहरू पनि मेहनती हुनेछन् ।"

नयाँ पुस्तालाई कक्षा १२ उत्तीर्ण लगत्तै विदेश पठाएर देशको भलो नहुने र यस्तै भए यहाँका ज्येष्ठ नागरिकलाई तातोपानी एक गिलास खुवाउने कोही नहुने स्थिति आउनेतर्फ सचेत गराउँदै सांसद सुवालले भन्नुभयो, "विदेश पठाइएकाहरूको जीवन पनि सुखी भइरहेको छैन । कतिपय ठगीमा परेका छन् । बिदेसिएका नेपालीहरूको दैनिक ५-१० वटा लास नेपाल फिर्ता भइरहेको तर्फ सजग हुनु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "संसद्को बैठक चलिरहेको छैन । चलेको बेला देश र जनताको हितमा काम भएको छैन । सहकारी ठगीमा गृहमन्त्रीको राजीनामा मागेको नेका २०४७ यताको सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने अमूर्त काममा लाग्यो । यो जनतालाई अर्को धोका हो । सम्पत्ति छानबिन त सन् १८१६ को सुगौली सन्धि गरी नेपाली युवालाई गोर्खा भर्तीमा पठाउने राणा शासकदेखि पञ्चायतकालका मुख्य मुख्य व्यक्तिहरूको गर्नु जरुरी छ ।"

ललिता निवासको सरकारी जग्गा, थँबहीको सरकारी कमलपोखरी, दुवाकोटको पर्ती जग्गा, बोडेको सरकारी कमलपोखरी, झौखेलको सरकारी कमलपोखरी व्यक्तिको नाममा दर्ता गरिदिनेहरूलाई कारबाही गर्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

अर्थमन्त्री वर्षमान पुनले निजी क्षेत्रलाई अर्थतन्त्रको ड्राइभिङ सीटमा राख्ने बताउनु पुँजीपतिवर्गलाई फाइदा दिनु नै हुने स्पष्ट पार्दै सरकारले जनताको लागि केही गर्न नसक्ने भए अर्थमन्त्री किन आवश्यक हुन्छ भनी सांसद सुवालले प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, "वाइडबडी, एनसेल, टेरामक्स सबैतिर भ्रष्टाचार भएको सार्वजनिक भयो । मेलम्ची खानेपानी योजनाको लागि ६३ अर्ब ऋण लिएको सरकारले काठमाडौँवासीलाई पानी दिन सकेन । थप ५ अर्ब खर्च गर्नुपर्ने दाबी गर्दै छ । देशको सन्तुलित विकास गरिए एक अर्ब रुपैयाँमा काठमाडौँ उपत्यकाको खानेपानी स्रोत बनाई पानी खुवाउन सकिनेछ ।"

सांसद सुवालले दुई सय वर्षअघि नै रूसमा १५ वर्षका नयाँ पुस्तालाई पाँच ओटा भाषामा पोख्त बनाइएको जानकारी दिँदै नेपाल सरकारले चाहेमा हामीले पनि गर्नसक्ने बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सांसद गीता काफ्ले, चानपा वडा नं. ८ का वडा अध्यक्ष जनक खत्री, जिल्ला शिक्षा विकास एकाइ प्रमुख कमला ज्ञवाली, नगर शिक्षा शाखाका अधिकृत दिनेश अर्याल, संयुक्त परीक्षा समिति भक्तपुरका अध्यक्ष रोसनराज तुइतुई, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष हरिहर तिमल्सिना, विद्यालयका प्रअ नारायणप्रसाद दुलाल, सहायक प्रअ प्रकाश तजलेलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि मन्जित मल्लले दुई जना गरिब तथा जेहेनदार विद्यार्थीलाई प्रतिविद्यार्थी रु. १० हजार को छात्रवृत्ति प्रदान गर्नुभएको थियो ।

**लगानी...**

खरिद नगर्ने कार्यविधि नै बनाइसकेको छ । त्यो नेपालको नदीनालालाई ध्यानमा राखेर बनाइएको कार्यविधि हो ।

नेपालको बजारमाथि एकाधिकार जमाइरहेको भारत स्वयं पनि नेपालमा अन्य कुनै पनि देशको लगानी आएको चाहँदैन । भारतको अनुमतिविना कुनै पनि देश नेपालभित्र नछिरोस् भन्ने भारतीय शासक वर्गको चाहना हो । बरु भारतीय ठूल्ठूला कम्पनीहरू नेपालमा लगानी गर्न आउन सक्छन् । नेपाल भारत खुला सिमाना भएको कारण भारतीय लगानीकर्ताहरू बढी आकर्षित हुन सक्छन् । नेपालको कमजोर सरकारलाई आफ्नो नियन्त्रणमा राख्न पनि उनीहरू लगानीको नाउँमा नेपाल पस्ने सम्भावना छ ।

लगानी सम्मेलनमा धेरै लगानीकर्ताहरू आए भनेर खुशी हुनुपर्ने कुनै कारण छैन । हाम्रो स्रोत साधनको अधिकतम प्रयोग गरी प्रशस्त नाफा लिन आउने हुन् । देशको अर्थतन्त्र पाइला पाइला गरी विदेशी कम्पनीहरूको नियन्त्रणमा जानेछन् । अर्थतन्त्र जसको हातमा हुन्छ, देशको राजनीति उसको नियन्त्रणमा हुन्छ भन्ने कुरालाई बिर्सनु हुन्न । यस अर्थमा विदेशी लगानी भित्र्याउने नाउँमा लगानी सम्मेलन कतै नेपालका राजनीति र अर्थतन्त्रमाथि विदेशी हस्तक्षेपको निम्ति आमन्त्रण गरेको सरह त हुने होइन ? यसबारे सरकारले गम्भीर भएर सोच्नु जरुरी छ ।

**आत्मनिर्भर...**

अनिवार्य इन्टर्नसीपको व्यवस्था गरेको बताउँदै आङ्गिक र सामुदायिक कलेजबिच तथा सामुदायिक स्कूल र सामुदायिक कलेजहरूबिच समन्वय आवश्यक भएको बताउनुभयो ।

विश्वविद्यालय तथा कलेजहरूले समयमा परीक्षाफल प्रकाशित गर्न सकेन भने विदेश जाने विद्यार्थीहरूलाई चाहेर पनि रोक्न नसक्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्काय सिभिल विषय समितिका संयोजक भोलानाथ शर्माले जनप्रतिनिधिहरू विद्यत वर्गले दिएको सल्लाहअनुसार चलेमा शिक्षामा उल्लेख्य सुधार आउने बताउँदै विद्यार्थीहरूको रुचि र चाहनाअनुसारको शिक्षा दिन नसके विद्यार्थीहरू बिदेसिन क्रम बढ्दै जाने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले २०६५ सालमा नेपालमै पहिलोपटक भूकम्पसम्बन्धी इन्जिनियरिङ अध्यापनको स्वीकृति प्राप्त भएको स्मरण गर्दै हालसम्म स्नातकोत्तर तहमा २७१ जना विद्यार्थीहरूले भर्ना भई अध्ययन गरेको कलेजको तथ्याङ्क रहेको बताउनुभयो ।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालयका सहायक डीन हेमन्त गोइतले कार्याशाला गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै विषय प्रवेश गर्नुभयो ।

**विदेशी...**

विषयमा चिन्ता व्यक्त गर्दै विश्वव्यापारीकरणले नेपालजस्ता विकासोन्मुख देशका जनतालाई आधुनिक दास बनाइरहेको बताउनुभयो ।

लेखक योगेन्द्रमान बिजुक्छेँले समाजमा सकारात्मक परिवर्तनको लागि विद्यालयले संवाहकको काम गर्नुपर्ने बताउनुभयो । उहाँले शिक्षालाई कक्षाकोठामा मात्र सीमित गर्न नहुने, शिक्षकहरूले विद्यार्थीलाई रचनात्मक र अनुसन्धानात्मक कार्यमा पनि सक्रिय गराउनुपर्ने, शिक्षकहरूमा साहित्यिक र दार्शनिक चेत हुनुपर्ने औँल्याउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा मनोरोग विशेषज्ञ डा. धनरत्न शाक्यले मानसिक स्वास्थ्यको बारेमा प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक-शिक्षिकाहरू सीता प्रजापति, जयराम कोजु, सूर्यबहादुर पञ्च, विशाल राजचल, जयन्द्र श्रेष्ठ, सृष्टि प्रधान, एलिसा दुमरु, सुशिला लवजु, मनिषा ग्वाछा, गंगा वैद्य, विना कर्माचार्य, विजेश्वरी श्रेष्ठ र सुलोचना छ्वाजूलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

**संसद्को...**

उपस्थित भएका १० जना सांसदको नाम बैठकमा पेस गर्ने व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो । सांसद खड्काको यो सुझाव माइक बन्द हुँदा बैठकको अभिलेख भिडियोमा समावेश भएन । सभामुख घिमिरेले 'के गर्ने पछि गरौँला' भनी जवाफ दिनुभयो ।

संसद्ले देश र जनताको हितमा कानुन बनाउने हो तर, सम्पत्ति शुद्धीकरण ऐन संशोधन विधेयकमा स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्नेमा राजस्व तिराएर वैध बनाउने उल्लेख छ । यस्तो कानुन त 'बिरालोलाई दूध साक्षी' जस्तै भएको बताइएको छ ।

केही वर्षअगाडिको संसद्बाट विदेशी पुँजी लगानी गराउने भनी लगानी बोर्ड ऐन पनि बनाइयो । विदेशी लगानी बचाउन विदेशी सेना पनि आउनेछ । विदेशी सेना नेपालमा आएपछि देश कसरी सार्वभौम हुन्छ ? स्रोत नखुलेको सम्पत्तिमा कर लगाएर वैध बनाउनु 'चोरले चोरेको सम्पत्तिलाई सरकारले भाग लिएर वैध बनाउनु' जस्तै हो ।

सरकारमा गएका प्रम र मन्त्रीलाई यस्ता विषय जरुरी थाहा भएको होला, तर उहाँहरूको नियत नै खराब भएको हुनुपर्दछ । यसकारण, शासक दलहरूदेखि जनता सचेत हुनु जरुरी छ ।

श्रमिकको अधिकार सुनिश्चित गरौं

➢ श्रम र श्रमिकको सम्मान गरौं।
➢ श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं।
➢ कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं।
➢ श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं।
➢ मर्यादित श्रमको प्रवर्द्धन गरौं।
➢ उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
➢ श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं।
➢ श्रमिकको योगदानको कदर गरौं।

"श्रमको सम्मान, राष्ट्को अभियान"
अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — **प्रधान**

## 'शैक्षिक अनुभव' अध्ययन गर्दा

सेवा निवृत्त शिक्षक समाज, भक्तपुरको 'शैक्षिक अनुभव' को पूर्णाङ्क १४ हेर्दा नयाँ विषय हेर्न पाइयो । यस अङ्कका केही नयाँ विषयबारे घोत्लिन लगायो ।

श्यामप्रसाद मैनालीजीको 'नेपालमा ज्येष्ठ नागरिकको अपेक्षा' शीर्षकको 'राजधानी' दैनिक, २९ असोज २०८० बाट साभार गरिएको लेख मनन गर्नुपर्ने विषय हो ।

त्यस जानकारीमा भारत र अन्य मुलुकमा 'ज्येष्ठ नागरिक सुविधा' र त्यसको तुलनामा नेपालमा ज्येष्ठ नागरिकले पाएको सुविधाको उल्लेख छ । भारतमा 'ज्येष्ठ नागरिकलाई बैङ्कहरूले घरैमा सेवा दिने गर्छन् । अन्य नागरिकहरूलाई भन्दा ज्येष्ठ नागरिकहरूलाई बचत रकममा बैङ्कले बढी ब्याज दिने गरेको छ । ६० वर्षदेखि ७५ वर्ष उमेर पुगेकाहरूलाई तीन वर्गमा विभाजन गरिएको छ । उमेर बढ्दै जाँदा सुविधासमेत बढी हुन्छ । सबै राज्यमा सम्पत्ति कर र व्यावसायिक कर छुट दिने नीति अवलम्बन गरिएको छ । नगद काउन्टरमा प्राथमिकता दिइएको छ । सरकारी अस्पतालहरूमा स्वास्थ्य सेवा नि:शुल्क गरिएको छ । अर्धसरकारी र निजी अस्पतालहरूमा पनि विशेष सुविधा दिइएको छ । मुलुकभित्र गरिने हवाई यात्रामा इन्डियन एयरलायन्समा ५० प्रतिशत छुट प्रदान गरिन्छ ।' तर गैरआवासीय भारतीय नागरिकहरूले ... यो सुविधा पाउँदैनन् ।

"ज्येष्ठ नागरिकहरूलाई घरमै सेवा दिने गर्छन् ।" भन्ने वाक्यले हाम्रो देशको निजी बैङ्कमध्ये प्रतिष्ठा कमाएको नेपाल बैङ्कको भक्तपुर कमलविनायक बैङ्कको सम्झना भयो । ज्येष्ठ नागरिकहरूको पेन्सन लिन जाँदा एउटा केन्द्रकी महिला कर्मचारीको बोली, वचन र व्यवहार अत्यन्त खस्रो लाग्यो; तिनको व्यवहार ग्राहकहरूलाई विदेशी बैङ्कमा पठाउने खालको थियो भनी धेरैको गुनासो थियो ।

त्यस जानकारीमा जापान, जर्मनी र क्यानडाका ज्येष्ठ नागरिकहरूको सुविधा र स्याहारबारे पनि लेखिएको छ ।

समाज सुधार माविका निवृत्त शिक्षक राम प्रजापतिको 'अमेरिकाको छोटो भ्रमण' मा लेखिएको छ - 'अमेरिका धनी देश भने पनि बालबालिका अपहरण हुने र असुरक्षित छ, गर्मीले २०-२५ जनाको मृत्युको समाचार आयो । स्कूलमा विद्यार्थीहरूको हत्या ! त्यहाँको कानुनमा मानव अधिकारको पूरा पालना भएको देखिएन । ठाउँठाउँमा माग्ने मानिस देख्दा अचम्म लाग्यो ।'

अमेरिकामा चीनविरोधी गतिविधि र चिनियाँ सामान बेच्न दिँदैन भन्ने सुनेको थिएँ, तर चामल, तरकारी, ट्वाइलेट पेपर आदि चिनियाँ सामान किन्न पाइन्छ । बिहान घुम्न जाँदा १४-१५ वर्षका केटाकेटीहरू धूमपान गर्दै थिए, बाटोमा बेवारिसे बियरका सिसीहरू फालिएका थिए; शुक्रबार र मङ्गलबार मात्र फोहोर लिन आउँदा रहेछन् । घरको फोहार आफ्नै घर अगाडि ठुलठुलो बाकसमा राख्ने गर्छन् । अफ्रिकी मूलका अमेरिकीहरू तुलनात्मकरूपले कम शिक्षित, फरक बस्तीमा बस्दा रहेछन् र प्रजातान्त्रिक देशमा पनि किन रङ्गभेद गरेको भनी आश्चर्य भयो र मनमा बिझिरह्यो । ... साँझ ६ बजेदेखि बिहान ४ बजेसम्म क्यासिनो भनी जुवा खेलाउने रहेछ ।

अमेरिकाको भेगास सहरमा वर्षैभरि गाईजात्रा जस्तो मानिसको हुल हुँदो रहेछ । तर, अमेरिकाबारे जे सुनेको थिएँ - सपनाको देश भनी त्यस्तो रहेनछ । (सार यही हो ।)

नुवाकोटका पूर्वशिक्षक कृष्ण पोखरेलको 'भक्तपुर जहाँ कार्ल मार्क्स जीवितै छन्' शीर्षकको अनुभव हेरेँ । उहाँको निष्कर्ष निम्न प्रकारका छन् -

क) सूर्यविनायक नगरपालिकाले हप्ताको ३ दिन फोहर उठाउँछ; प्रतिपरिवार महिनाको रू. ३५० को दरले प्रत्येक महिना र थप एक महिनाको समेत वर्षको ४,५५० बुझाउनुपर्छ । भक्तपुर नगरपालिकामा प्रत्येक दिन ३ पटक सरसफाइ गर्छ र महिनाको रू. ५० का दरले वर्षको ६०० मात्र बुझाए पुग्छ ।

ख) भक्तपुरबाहेक उपत्यकाका सबै नगरपालिकाहरूले नगरको फोहर नुवाकोटको सिसडोलमा फ्याँक्न पठाउँछन् । भक्तपुर नगरपालिकाले फोहर प्रशोधन गर्छ; कहिल्यै सिसडोल पठाउँदैन र मल बनाएर सुपथ मूल्यमा बिक्री गर्छ ।

ग) ऐतिहासिक र पुरातात्त्विक सम्पदाको संरक्षणमा योगदान गर्छ ।

घ) शिक्षामा विशेष ध्यान दिन्छ, हडताल हुँदैन र विद्यालयहरूलाई सहयोग र तालिम पनि दिइन्छ ।

ङ) टोल टोलमा नर्सहरूबाट स्वास्थ्य परीक्षण हुन्छ; ख्वप अस्पतालमा विशेषज्ञ र चिकित्सकबाट १०० रुपैयाँमा परीक्षण र अन्यत्र रु. ८०० लाग्छ ।

च) सार्वजनिक निर्माण ठेक्कामा होइन उपभोक्ता समितिबाट हुन्छ, मेयर र अन्य जनप्रतिनिधिहरूले पनि श्रमदान गर्छन् ।

छ) पोखरीहरूको सफाइ एवं पुन:निर्माण नगरपालिका र जनता मिलेर गर्छन् ।

ज) नगरपालिकाको पुस्तकालय साँझ ६ बजेसम्म खुल्छ, इन्टरनेटको समेत व्यवस्था छ ।

झ) नगरपालिकाबाट सञ्चालित कलेज र उच्च माविहरू छन्; छात्रवृत्ति र शैक्षिक ऋणको व्यवस्था छ ।

भक्तपुर नगरपालिकाको उच्च मूल्याङ्कनको लागि पोखरेलजीलाई धन्यवाद !

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३